# विशेष प्रश्न : बुद्धको उत्तर

लेखक

सुवर्ण शाक्य

प्रकाशिका

ज्ञानिदेवी शाक्य

Downloaded from http://dhamma.digital/

धर्मदान पुस्तक प्रकाशिका - धर्मपत्नी ज्ञानिदेवी शाक्य
विनायकबस्ती, बालाजु, काठमाडौं

डा. थीरमान शाक्यस्मृति - श्रद्धा

**प्रकाशनपरिवार**

धर्मपत्नी - अष्टदेवी शाक्य

छोरा, बुहारी - इ. रोशन शाक्य, कमला शाक्य

छोरी, ज्वाइँ - सुमन शाक्य, अशोक शाक्य

छोरी, ज्वाइँ - सुमित्रा शाक्य, राजेश शाक्य

नाति, नातिना - ईप्सा शाक्य, सृष्टि शाक्य,
सिचु शाक्य, रोजित शाक्य

बुद्धसंवत् - २५५५
नेपालसंवत् - ११३२
विक्रमसंवत् - २०६८
इस्वीसंवत् - २०१२

मूल्य - धर्मदान

प्रकाशित प्रति - ५००

कम्प्यूटरसेटिङ्ग - सुमन शाक्य

मुद्रक - प्रिण्टिङ्ग स्पट
मैत्रीमार्ग, स्यूचाटार-२, काठमाडौं
फोन : ४२८३३१६

Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

कुनै पनि व्यक्तिले देह त्याग गरिसकेपछि उसले केही न केही बस्तु यो संसारमा छोडेर गएको हुन्छ । केवल फरक के हुन्छ भने कसैले समाजका भावी पुस्ताले भुल्नै नसक्ने खालको गुन लगाएको हुन्छ र युगानुयुग ऊ धेरै व्यक्तिहरूको दिल दिमागमा समाविष्ट रहने हुन्छ भने कसैले गरेका सत्कर्म बढीसे बढी खोजतलासका विषयबस्तु बनाइन्छन्, यस्ता कुरा धेरै व्यक्तित्वहरूबाट र आम जनतामाझ उजागर पनि हुन्छ ।

त्यसो त नश्वर शरीर त्याग गरिसकेपछि केही क्षण डाँको छोडेर रुनुको सट्टा यो ढिलोछिटो सबैको बाटो हो र प्रकृतिको नियम हो भन्ने कुरालाई मनन गरेर उसका कर्मका विषयमा चर्चा-परिचर्चा गर्ने, गराउने वातावरण तयार गर्न सकियो भने यो नै दिवंगतका लागि सबैभन्दा उत्तम आत्मसन्तोषको कुरा र उच्चकोटिको सम्मान हुने हुन्छ भन्ने बुझ्नु नै जीवित मनुष्यहरूको लागि सार्थक कुरा हुने हुन्छ । भगवान् वुद्धले आफ्ना उपदेशमा भने गरेका सद्धर्म भनेकै सत्कर्म हो । फेरि बस्तुदानले दातालाई समेत क्षणिक राहतमात्र मिल्ने हो किन्तु धर्मदानले जन्मजन्मान्तरसम्म मंगल गर्दछ किनकि यसले दाता र भोक्ता दुबैको कल्याण हुने हुन्छ ।

यीनै पुण्यकर्महरूलाई मनन गरी, अनुमोदन गरी दिवंगत समाजसेवी उरश्चिकित्सक डा. थीरमान शाक्यका योगदानहरूको पहिचान गर्ने र प्रकाश गर्ने हेतुले उहाँका अनन्य मित्र प्रा. सुवर्ण शाक्यद्वारा लिखित एवं लिपिबद्ध एक पुस्तक प्रकाशित गर्ने जमर्को



Downloaded from http://dhamma.digital/

गरिएको छ। त्यसो त उहाँ लेखकका हरेक पुस्तक त्यतिनै पठनीय, बोधगम्य र प्रेरणास्पद छन्। यही सुन्दर प्रभावका कारण पनि यो पुस्तक प्रकाशित गर्ने प्रेरणा जागेको हो।

लामो समयदेखि मेरो (ज्ञानिदेवी शाक्य) उत्कृष्ट अभिलाषा भनेकै प्रा. शाक्यद्वारा लिखित पुस्तक प्रकाशित गरी धर्मदान गर्ने रहेको थियो। यतिबेला हामीलाई यो सुनौलो अवसर जुटेको छ र हामी अति नै हर्षित पनि छौं। सर्वप्रथम पुस्तक तयार गरी हाम्रो धोको पुरा गरि दिने प्रा. शाक्यप्रति हामी दिलैदेखि ऋणी छौं। साथै यस पुस्तकलाई समयमै प्रकाशित गरी सहयोग गर्नुहुने तोषण शाक्य तथा प्रिटिङ्ग स्पट परिवारमा धन्यवाद ज्ञापन गर्दछौं।

यसैगरी यस पुस्तक धर्मदान गरेको पुण्यले दिवंगत हाम्रा अभिभावक डा. थीरमान शाक्यलाई निर्वाणका साथै चिर सन्तोष प्राप्त होस् भन्ने कामनासहित पुण्यानुमोदन गर्दछौं।

यस कार्यमा हामी हाम्रा प्रातःस्मरणीय अभिभावक दिवंगत डा. थीरमान शाक्यका सपरिवार सन्तोषले वहाँका गुणानुस्मरणमा लाग्न सदा अविचलित रहनेछ भन्ने विश्वासमा छौं।

***



Downloaded from http://dhamma.digital/



# विशेष प्रश्न : बुद्धको उत्तर

सुवर्ण शाक्य

Downloaded from http://dhamma.digital/

# लेखकीय

सर्वबुद्धं नमस्यामि धर्मं च जिनभाषितम् ।
संघं च शीलसम्पन्नं रत्नत्रयं नमोस्तु ते ।।

शाक्यमुनि भगवान् बुद्धको उपदेश नौवटा धर्मअंग अथवा त्रिपिटकग्रन्थको रूपमा संचित छ । बुद्धको उपदेश मनुष्यमात्रको लागि हितकर र अन्य प्राणीहरूका लागि कल्याणकर रहेको छ। आफू पनि उठ्ने र अरूलाई पनि उठाउने मानवधर्मको संवाहक गौतम बुद्धको शिक्षा मानिसको ज्ञानको स्तर हेरी सरलभन्दा सरल र कठिन भन्दा कठिनप्रकारले छोटो र व्याख्यात्मकरूपमा संझने र संझाउन सकिने खालको रहेको छ। तृष्णामा लट्पटिएका र पशुत्वभन्दा पनि जटिल र कुटिल स्वभावका मानिसलाई सीधा मार्गमा ल्याउने उपायस्वरूपको शिक्षा बुद्धोपदेशमा निहित रहेको छ भन्दा अत्यक्ति नहोला। बुद्धको शिक्षाद्वारा भव-संसारबाट पार हुन चाहने धेरै प्रकारका ज्ञानी अज्ञानी मानिसले बुद्धसँग अनेकप्रकारका प्रश्न गरेका थिए र बुद्धले त्यसको जवाफ दिएका थिए। त्यस्ता सवाल जवाफमध्ये म आफूलाई छोएका केही सवाल जवाफ यहाँ प्रस्तुत गर्न गएको हूं। यस पुस्तकलाई लिएर कोही एकजना पाठकबाट त्यसको परिवार नै लाभान्वित होओस् भन्ने चाहेको छु। प्रश्नकर्ताको नाम उल्लेख गरेर कुराको सिलसिलालाई नै उभ्याएइको छ, जसले गर्दा विषयको प्रामाणिकता र विषयप्रति चासो अभिवृद्धि हुनेछ भनी ठानेको छु।

आध्यात्मिक सुखलाई छोडेर भौतिक सुखको लालसामा लागी मानिसहरू ज्यादै प्रतिस्पर्धी भई गइराखेको बेलामा बौद्धवातावरण


Downloaded from http://dhamma.digital/

अनुकूल समाजको सृजना गर्नु बुद्धको शिक्षाको उद्देश्य हो। उद्देश्यपूर्तिका लागि त्यस खालका पुसतकको अध्ययन-अध्यापनको मामिला समाजमा आवश्यक रहेको छ।

शान्तिनायक बुद्धको शिक्षा नै मनुष्यमात्रको लागि दुःख-सुखको जंजालबाट छुटकारा दिलाउने औषधी हो भन्ने कुरा उच्चभन्दा उच्च स्थानमा रही आफूलाई बौद्ध ठान्ने मानिसहरूको व्यवहारमा पनि पाउन गाह्रो रहेको आजको जमानामा आफूलाई सान्त्वना प्राप्त गरी जनमानसमा बुद्धको उपदेश प्रचार गर्ने सदुद्देश्य लिई दिवंगत आफ्ना सहधर्मी पति डा. थीरमान शाक्यप्रति पुण्य संप्रेषण गर्न 'सब्ब दाने धम्मदानं जिनाति' भन्ने बुद्धवचनलाई सकारेर बुद्धवचनसम्बन्धी पुस्तक प्रदान हुन आएको छ।

मेरा अभिन्न मित्र दिवंगत डा. थीरमान शाक्यसँग दशकौंसम्म सहवासमा रहँदाको पुण्यफल प्राप्त हुन आएझैं आज पुस्तकाकारमा बुद्धवचन लेखी प्रस्तुत गर्न पाएको मा अति नै सन्तोषको अनुभूति भइराखेको छ। यस्तो सुकार्यको जिम्मा लगाउनुभएकोमा पुस्तकका दाता ज्ञानिदेवी शाक्यप्रति हार्दिक कृतज्ञ रहेको छु। यस्तै आफ्ना दिवंगत पिता डा. थीरमान शाक्यप्रति श्रद्धासुमन बोकेका छोरा रोशन शाक्य, छोरीहरू सुमन शाक्य र सुमित्रा शाक्यको पिताप्रतिको श्रद्धा र ममता पनि उल्लेख्य रहेको छ।

यस पुस्तकको विषयमा आफ्नो विचारयुक्त मन्तव्य व्यक्त गरी पुस्तकलाई गरिमामय बनाई सार्थक पारिदिनुभएको मा समाजसेवी विद्वान् दाजु फणीन्द्ररत्न वज्राचार्यज्यूमा हार्दिक आभार व्यक्त गर्दछु।

***

Downloaded from http://dhamma.digital/

# भूमिका

बूढयौलीको साथसाथै विस्मृति पनि आउने रहेछ । म रानीपोखरी संस्कृत प्रधान पाठशालामा पढिरहँदा सुवर्ण शाक्य त्यहाँ पढ्न आउनु भएको जस्तो लाग्छ तर यकिन याद भएन । वहाँ महायानी, वज्रयानी र थेरवादी बौद्ध धार्मिक कार्यक्रममा सक्रिय भई लाग्नुभएको देखेको थिएँ ।

धेरै वर्षपछि म काठमाडौंको जिल्ला शिक्षा अधिकारी हुँदा वहाँ भानु माध्यमिक विद्यालय (दरबार हाइस्कूल) का प्रधानाध्यापक हुनुहुन्थ्यो । विद्यालयको संचालक समितिको अध्यक्ष स्व. खड्गमान मल्ल थिए । काठमाडौंको जिल्ला शिक्षा अधिकारीलाई पनि त्यस समितिको संदस्यमा राखिएको थियो । राणाहरूले आफ्ना छोरा नातिहरूलाई पढाउन बनाएको दरबार हाइस्कूल जीर्ण भएको ले त्यसको जीर्णोद्धार भइरहेको ले समितिको बैठक हुँदा शिक्षा अधिकारीको नाताले गइरहन्थें । यसरी वहाँसँगको मित्रता बढ्यो । मैले जिल्ला शिक्षा कार्यालयको काममा वहाँबाट राम्रो सहयोग पाएको थिएँ ।

वहाँ नेपालभाषा परिषद्को कार्यसमितिमा आउनुभएपछि हाम्रो सम्बन्ध अझ घनिष्ठ भयो । नेपालभाषा परिषद्को ५० वर्षको स्वर्ण जयन्तीमा र विशेषगरी चित्तधर ‘हृदय’ को शत वार्षिकीमा वहाँले प्रशंसनीय काम गर्नुभएको थियो ।

नेपालभाषाका लेखक र सेवकहरूको ‘म्हसीका धल:’ लेखक कोषको लागि वहाँको संक्षिप्त जीवनीवृत्तान्त लिएको थिएँ । वहाँ तेजधन शाक्यका सुपुत्र हुनुहुन्छ र वहाँको पूरा नाम सुवर्णधन रहेछ । वहाँले आफ्नो नामको धन झिकी सुवर्णमात्र अपनाउनु भएको रहेछ । शिक्षा एम.ए. संस्कृति, नेपाली र बी. एड रहेअनुसार वहाँले संस्कृति र बुद्धधर्म विषयक धेरै लेखहरू लेख्नुभयो र शिक्षाक्षेत्रमा पनि उल्लेखनीय काम गर्नुभयो ।

उसबेलाको ‘म्हसीका धल:’ मा वहाँले गर्नुभएका समाजसेवाका


Downloaded from http://dhamma.digital/

संक्षिप्त परिचय यस्तो थियो - धर्मोदय सभाका महासचिव, १५ वटाभन्दा बढी धार्मिक र सामाजिक संस्थामा संलग्न, ७ वटाभन्दा बढी गुठी, संघ, संस्थाका आजीवन सदस्य, ६ वटा संस्थाका संस्थापक तथा पदाधिकारी नेपालभाषा परिषद्का कार्यसमितिका सदस्य। अहिले त वहाँको कार्यविधिमा धेरै नै थप भइसकेको छ।

कुनैपनि व्यक्तिमा के कस्ता प्रतिभा र क्षमता छन् भन्ने कुरा उनले सम्पन्न गरेको कामबाट मात्र थाहा हुन्छ। जतिसुकै विद्वान् र क्षमतावान् भए पनि जोश र जाँगरहीन भई आलस्यको दास छ भने त्यस्ता विद्वत्ता र क्षमताको केही अर्थ रहँदैन। सुवर्ण शाक्यमा जोश र जाँगर छ र आलस्यले वहाँलाई च्याउनै सकेन। त्यसकारण वहाँको विद्वत्ता र क्षमताले उल्लेखनीय कामहरू गर्न सकेको छ।

आजको वेफुर्सदी व्यस्त जीवनमा सामान्यज्ञान पढेर ठूला ठूला ग्रन्थहरूको सार थोरै समयमा संक्षिप्त रूपमा प्राप्त गर्न सकिन्छ। सुवर्ण शाक्यले बुद्धजयन्तीको कार्यक्रम बुद्धधर्मसम्बन्धी हाजिरी जवाफ कार्यक्रम संचालन गरिआउनु भएको धेरै वर्ष भयो। वहाँले 'थी थी बौद्ध न्ह्यस:लिस:' (सामान्यज्ञान) नेपालसंवत् (प्रश्नोत्तर) र 'ल्या:कथं सीके खँ' (सामान्यज्ञान) प्रकाशित गर्नुभएको छ। र यही क्रममा यो 'विशेष प्रश्न : बुद्धको उत्तर' पुस्तक बुद्धधर्मको सार संक्षेपरूपमा तयार गर्नुभएको देखिन्छ।

'धम्मपद' भगवान् बुद्धका उपदेश पद्यमा लेखिएको सार हो भने यो 'विशेष प्रश्न: बुद्धको उत्तर' गद्यमा लेखिएको धर्मोपदेशको सार हो। धम्मपदमा उल्लिखित श्लोकहरू भगवान् बुद्धले कसलाई कहाँ कुन प्रसंगमा उपदेश गर्नुभएको हो भनी बुझ्न धम्मपदट्ठकथा पढ्नुपर्दछ। यस्तै यो 'विशेष प्रश्न : बुद्धको उत्तर' पुस्तकमा नाम उल्लेख भएको व्यक्तिलाई कुन ठाउँमा, कुन प्रसंगमा प्रश्नको उत्तर दिनुभएको हो यो थाहा पाउन


Downloaded from http://dhamma.digital/

त्रिपिटक पल्टाउने जमर्को पर्ने हुन्छ ।

सुवर्ण शाक्यजीले पहिले पहिलेजस्तै अहिले पनि वहाँको पुस्तकको लागि भूमिका लेखिदिन भन्नुभयो । जब 'विशेष प्रश्न : बुद्धको उत्तर' मेरो हातमा पर्‍यो तब म अवाक् भएँ । एक दुई दिनमा बुद्धधर्मको यस्तो गहन विषयमा मैले के पढ्ने, के बुझ्ने र के लेख्ने भन्न नै सकिन । केही नलेखिकन पनि भएन । अनि त मैले पुस्तकको विषयलाई छाडी पहिले लेखेकको विषयमा नै लेख्न सुरू गरें ।

बुद्धधर्ममा ८४ धर्मस्कन्ध छन् । यो महासागर हो अपरम्पार । सूत्र पिटक र विनयपिटक अहिले नेपालभाषामा पनि छन् तर मैले पढ्न सकेको छैन । यस पुस्तकमा जम्मा ३५७ प्रश्न र भगवान् बुद्धका उत्तर छन् । प्रश्न ३५७ भएतापनि प्रश्नकर्ताहरू त्यति छैनन् । प्रश्नकर्ताहरूमा ब्राम्हण, भिक्षु, व्यापारी, श्रोता, विद्वान्, परिव्राजक, शक्रदेवेन्द्र, निगण्ठनाटपुत्र, गृहपति, तपस्वी, राजा, देवता, देवपुत्र, यश महाजन, निर्मित बुद्ध, राजा शुद्धोदन, राहुल, राजकुमारी, महिला, शाक्य आदि व्यक्तिहरू छन् ।

प्रस्तुत पुस्तकमा सोधिएका प्रश्नहरू सामान्य, भगवान् बुद्धको व्यक्तिगत जीवनसँग सम्बन्धित र बुद्धधर्मविषयक गरी दुईप्रकारका छन् । भगवान् बुद्धको व्यक्तिगत जीवनसँग सम्बन्धित प्रश्नहरू यसप्रकार छन् - तपाईं के शिक्षा दिनुहुन्छ ? किन कसैलाई उपदेश दिने र कसैलाई नदिने गर्नुहुन्छ ? तपाईं कुन 'वाद' मान्ने हुनुहुन्छ र कुन सिद्धान्त बताउनुहुन्छ ? के तपाई दिउँसो पनि सुत्नुहुन्छ ? तपाईंलाई दुःख छैन र सुख पनि छैन, एक्लै बसिरहँदा नरमाइलो लाग्दैन ? तपाईं कुन जातको हुनुहुन्छ ? म भिक्षु हूं र तपाईं पनि भिक्षु हुनुहुन्छ, हामी दुईमा के फरक छ ? तपाईंले किन भिक्षाटन गर्नुभएको हो ?

बुद्धधर्मसँग सम्बन्धित केही प्रश्नहरू यसप्रकार छन् - अर्हत्


Downloaded from http://dhamma.digital/

हुनलाई कस्तो उपाय गर्नुपर्छ ? श्रमण ब्राम्हणहरू आफ्नो मतको मण्डन र अरूको मतको खण्डन गर्छन् भने कसको कुरा मान्नुपर्दछ ? विद्याचरण के हो ? धर्मसाक्षात्कार गर्न सकिने मार्ग कुन हो ? शीलसम्पदा, चित्तसम्पदा, प्रज्ञासम्पदा भनेको के हो ? यो लोक शाश्वत हो कि अशाश्वत हो ? विषयगत संसार भनेको के हो ? मानिसहरू उच्च-नीच, अल्पायु-दीर्घायु, सुन्दर-कुरूप, अल्पशक्ति-महाशक्ति, धनी-गरीब, मूर्ख-विद्वान्, हुनुको कारण के हो ? के गरेमा परम सुख प्राप्त हुन्छ ? सबैभन्दा उत्तम दान के हो ? प्राणीको लागि सबैभन्दा ठूलो भय के हो ? धर्मकार्यमा बाधा के हो ? कस्तो मान्छे नीच हुन्छ ? कसलाई बुद्ध भन्दछ ? कुन कारण र कुन विषयले गर्दा तथागतको निर्वाणपश्चात् सद्धर्म चिरस्थायी हुन्छ ?

यी प्रश्नहरूको उत्तर भगवान् बुद्धले के कस्तो दिनुभयो भन्ने कुरा थाहा पाउन यही पुस्तक पढ्नु उत्तम हुन्छ । प्रश्नका उत्तरहरू कुनै वस्तुगत छन् भने कुनै व्याख्यात्मक छन् । बुद्धधर्मसम्बन्धी ज्ञान प्राप्तिको लागि यो पुस्तक उपयोगी सिद्ध हुने छ ।

अन्त्यमा दिवंगत डा. थीरमान शाक्यसँग मेरो भेट वि.सं. २००६ सालमा नःघल बहालमा गुरुवर पण्डित अमोघवज्र वज्राचार्यले चक्रसंवर को दीक्षादान दिनुहँदा हासी धर्ममूल खलः भई सँगै दीक्षा लिंदा भएको थियो । वहाँ केवल चिकित्सकमात्र नभई समाजसेवक पनि भएको ले सभा समारोहहरूमा भेटघाट भइरहन्थ्यो । जन्म लिएपछि मर्नुपर्ने नै भएको ले वहाँले पनि प्रकृतिको नियम पालन गर्नुभयो । वहाँको पुण्यस्मृतिमा प्रकाशित 'विशेष प्रश्न : बुद्धको उत्तर' बुद्धोपदेशको धर्मदानको पुण्यले वहाँलाई निर्वाणफल प्राप्त होस् भन्ने कामना गर्दछु । साथै धर्मदानजस्तो ठूलो पुण्यकार्य गर्ने परिवार धन्य छ ।

**फणीन्द्ररत्न वज्राचार्य**
झ्वाःबहाल, काठमाडौं

वि.सं. २०६८ माघ १ गते



Downloaded from http://dhamma.digital/



दिवंगत डा. धीरमान शाक्य

Downloaded from http://dhamma.digital/



सज्जीव ज्ञानिदेवी शाक्य

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# विशेष प्रश्न : बुद्धको उत्तर

१) **एक ब्राम्हण -**

तपाईं कस्तो शिक्षा दिनुहुन्छ ? मैले सम्झन सक्नेगरी सरल प्रकारले बताइदिनुस् ।

➤ सबैप्रकारका पापहरू नगर्नु । कल्याणकारी कामहरू गर्नु । आफ्नो चित्तलाई शुद्ध पार्नु । यही नै बुद्धको शिक्षा हो ।

२) **भिक्षु भदालि -**

तपाईं कुनै भिक्षुका स-साना गल्तीमा संझाई बुझाई उपदेश दिएर तालिम दिनुहुन्छ भने कसैलाई उपदेशै नदिई उपेक्षा गर्नुहुन्छ । किन होला ?

➤ श्रद्धापूर्वक भिक्षु भएर अनुशासित रहेका लाई म सम्मान गर्छु । अट्टेरी स्वभावकालाई म सम्झाइरहने गर्दिन ।

३) **ब्यापारी बाहिय दारुचिरिय -**

भो शास्ता, गुरु ! मैले अर्हत् हुनलाई कस्तो उपाय गर्नुपर्छ ?

➤ वर्तमान अवस्थालाई राम्ररी चिन्न प्रयत्न गर । आफूले आफैलाई चिन । आफ्नो गल्तीलाई महशुस गर । कुनै पनि कुरा देखेर, सुनेर त्यसको बास्तविकता बुझ्ने गरेर त्यसमा आसक्त नहुनू र निमित्तग्राही नहुनू । चाकुमा टाँसिन पुगेका झिंगाझैं भई कुनै चीजमा आसक्त नहुनू । होशपूर्वक सतर्क र सचेत बनी बस्नू ।

४) **धर्मदिशना सुनिरहेका एकजना व्यक्ति -**

भन्ते ! तपाईंले धर्मदिशना गर्दागर्दै कोहीसँग खाने, पिउने बस्तु भए त्यो छेउमा बसिरहेको सज्जनलाई देऊ, भनी किन भन्नुभएको ?



Downloaded from http://dhamma.digital/

➢ यो श्रोतासमूहमा त्यो एकजना धर्मबोध गर्न सक्ने सज्जन हो, अहिले हराएको गोरु खोज्दै ऊ थाकेको छ तर भोकले गर्दा उपदेश बोध गरेर लिन सक्नेछैन । 'जिघच्छा परमा रोगा' मानिसको लागि भोक ठूलो रोग हो ।

५) **प्रसिद्ध विद्वान् ब्राम्हण कूटदन्त -**

भो गौतम ! यस राज्यमा दरिद्रताको कोप बढिरहेको छ । चोरी डकैती र हत्या पापाचार बढिरहेको छ । यसलाई हटाउन महायज्ञ गर्ने भाकल गरेको छु । तीनप्रकारका महायज्ञ छ भनिन्छ । यसलाई कुनप्रकारले गर्नुपर्ला ?

➢ राज्यमा सरकारद्वारा कृषिकाम गर्नेलाई बीउ बिजनद्वारा सहयोग गर्ने । ब्यापार गर्नेको लागि पूँजीको व्यवस्था गरिदिने र सरकारी कार्यालयमा नोकरी गर्नेको लागि भत्तासहितको तलबको व्यवस्था गरिदिने गराइनुले तीनप्रकारका महायज्ञको फल प्राप्त हुने हुन्छ ।

६) **कोहालजनपदका केहापुत्र गाउँका कालामहरू -**

भन्ते ! कोही कोही श्रमण- ब्राम्हण भनेर यहाँ आउँछन् । आफ्नो आफ्नो मत (धर्म) मात्र ठूलो हो भनी भन्छन् । अरूको मत (वाद) को खण्डन गर्छन् । हामी द्विविधामा पर्छौं कि कसले भनेको साँचो र कसले भनेको भूठो हो । हामीले कसको कुरा मान्ने ?

➢ कसैको पनि कुरा होस्, चाहे बुद्धकै कुरा भएपनि निम्न कारणमा स्वीकार नगर्नू -

क) यो मैले नसुनेको हो भनेर ।

ख) यो परम्परागत कुरा हो भनेर ।

ग) यो यसरी नै भनिराखेको हो भनेर ।



Downloaded from http://dhamma.digital/

घ) आफ्नो धर्मग्रन्थसँग मिल्छ भनेर ।

ङ) यो तर्कसम्मत छ भनेर ।

च) यो न्यायअनुकूल छ भनेर ।

छ) यसको आकार ठीक छ भनेर ।

ज) आफ्नो विचारसँग मिल्छ भनेर ।

झ) यो राम्रो र आकर्षक छ भनेर ।

ञ) उपदेशक श्रमण र पूज्य हो भनेर ।

आफ्नो स्वतन्त्र दिमागले परीक्षण गरी नहेरेसम्म विश्वास नगर्नू। आफ्नो अनुभव र जीवनोपयोगी हुने ठानिएमा मात्र स्वीकार गर्नू।

७) **सारिपुत्र महास्थविर -**

अवस्थाअनुकूल बढी विनय (नियम) बनाउनु उचित होइन र ?

➢ कुनै कारण नभै विनय नीति बनाउनु बुद्धिमानी होइन। आवश्यकतानुसारमात्र नियम बनाउनु बेश हुन्छ ।

८) **आनन्द -**

भन्ते ! स्त्रीहरूप्रति भिक्षुहरूले कसरी व्यवहार गर्ने ?

➢ उनीहरूतिर नहेर्नु राम्रो हुनेछ ।

९) **आनन्द -**

भन्ते ! स्त्रीहरूतिर हेर्न पऱ्यो भने कसो गर्ने ?

➢ ठूलो होशपूर्वक हिँड्नुपर्छ ।

१०) **आनन्दु -**

भन्ते ! स्त्रीहरूले तथागतको शासनमा प्रव्रजित भएर मार्गफल अथवा निर्वाण प्राप्त गरी लिन सक्दैनन् ?

स्त्रीहरूले पनि तथागतको संघभित्र रहेर प्रव्रजित भई मार्गफल आदि प्राप्तगरी लिन सक्छन् ।


Downloaded from http://dhamma.digital/

११) अम्बष्ठमाणव -

भो गौतम ! विद्याचरणले सम्पन्न भएमा सोही देव मनुष्यमा श्रेष्ठ हुन्छ भन्नुभयो। त्यस्तो कुन चरण र कुन विद्या हो ?

➤ क) जसरी भिक्षु जाँदा वा आउँदा, अगाडि पछाडि हेर्दा सचेत भई होश राखेर हिँड्छ। हात खुट्टा खुम्च्याउँदा वा पसार्दा, सङ्घाटी र पात्र-चीवरधारण गर्दा, खाँदा वा पिउँदा, दिसा पिसाब गर्दा, हिँड्दा, उठ्दा, बस्दा, सुत्दा, बिउँझँदा, कुरा गर्दा, चुप लागेर बस्दा सचेत भई होश राखेर स्मृति सम्प्र-जन्यताद्वारा सम्पन्न हुनु अनि कामवासना र अकुशलताबाट अल्लग्ग भई विवेकजन्य प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गर्नु, वितर्क विचारलाई उपशान्त गरी द्वितीय ध्यान प्राप्त गर्नु, प्रीतिलाई पनि त्यागी उपेक्षित भई स्मृतिसम्प्रजन्य भई शरीरद्वारा सुखानुभव गरी तृतीय ध्यान प्राप्त गर्नु, सुखदुःखलाई पनि त्यागी सुख-दुःख नभएको स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गर्नु चरण हो।

ख) समाहित चित्त भई परिशुद्ध स्वच्छ र क्लेशरहित अनि मृदु कर्मण्य भएर निश्चलतामा पुगेपछि ज्ञानदर्शन गर्न चित्त अग्रसर भएर 'यो मेरो शारीरिक रूप चातुर्महाभौतिक हो, आमाबाबुको कारणले भएको हो, अनित्य स्वभावको हो र यो मेरो विज्ञान (चेतना) यसैमा संबन्धित र प्रतिबद्ध' भनी जान्नु विद्या हो। साथै चतुरार्यसत्यलाई यथार्थतः बोध गरी विमुक्त भएको जस्तै 'जाति क्षीण भयो, ब्रम्हचर्यवास पूरा भयो, अब उप्रान्त यहाँ आउनुपर्ने हेतु छैन' भन्ने ज्ञान प्राप्तहुनु विद्या हो।

१२) कूटदन्त ब्राम्हण-

भो गौतम'! भयंकर हिंसाबलि हुने र अपार नानापरिष्कारयुक्त गरी कष्ट पीडा सहेर गर्ने यज्ञको सट्टा त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारले सहज हुने गरी यज्ञसंपादन हुने कुरा बुझियो। अब ती त्रिविध यज्ञ सम्पदा र सोह्र परिष्कारसहितको यज्ञभन्दा थोरै प्रपञ्च र थोरै कष्ट हुने भएको तर महत्फल र महागुण भएको कुनै यज्ञको प्रकार छ कि ?

➢ शीलवान् प्रव्रजितहरूको लागि दिइने नित्यदानहरूअनुकूल यज्ञ अर्थात् पुखदिखि कुलपरम्पराअनुसार दिइने दानकार्य त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारको भन्दा कम पीडाजन्य भई महत्फल र महागुणयुक्त हुन्छ।

१३) कूटदन्त ब्राम्हण -

भो गौतम ! नित्यदान र अनुकूल यज्ञभन्दा थोरै प्रपञ्च र थोरैमात्र गाह्रो भएको तर महत्फल र महागुण भएको यज्ञ पनि छ ?

➢ चारै दिशाबाट आउने संघको उद्देश्य पूर्तिको लागि विहार बनाइदिनु नित्यदान र अनूकूल यज्ञभन्दा कम प्रपञ्च र थोरै गाह्रो साह्रो हुने तर महत्फल र महागुण भएको यज्ञ रहेको छ।

१४) कूटदन्त ब्राम्हण -

भो गौतम ! विहारदानभन्दा थोरै प्रपञ्च र थोरै कष्ट हुने तर महत्फल र महागुण भएको यज्ञ पनि छ ?

➢ प्रसन्न चित्त गरी बुद्ध, धर्म र संघको शरणमा जानु विहार दानभन्दा थोरै प्रपञ्च र थोरै साह्रो गाह्रो भएर पनि महत्फल र महागुण हुने यज्ञ हो।


Downloaded from http://dhamma.digital/

१५) कूटदन्त ब्राम्हण -

भो गौतम ! त्रिशरणमा भन्दा थारै प्रपञ्च र थोरैमात्र कष्ट हुने तर महत्फल र महागुण हुने यज्ञ छ ?

➢ क) प्राणी हिंसा नगर्ने । ख) चोरीकाम नगर्ने ।
ग) काममिथ्याचार नगर्ने । घ) मृषावाद नगर्ने ।
ङ) सुरामेरय मद्यप्रमादस्थान त्याग गर्ने ।
च) शिक्षापदहरूलाई प्रसन्न चित्तले ग्रहण गर्नु त्रिविध यज्ञसम्पदा र सोह्र परिष्कारभन्दा कम प्रपञ्च र कठिन तर महत्फल र महागुण हुने यज्ञ हो ।

१६) महालि -

भन्ते ! धर्म साक्षात्कार गर्न सकिने मार्ग कुन हो ?

➢ क) सम्यक्दृष्टि ख) सम्यक्संकल्प
ग) सम्यक्वाचा घ) सम्यक्कर्मान्त
ङ) सम्यक्आजीव च) सम्यक्व्यायाम
छ) सम्यक्स्मृति ज) सम्यक्समाधि

यी आर्यअष्टांगिपक मार्गद्वारा धर्म साक्षात्कार गर्न सकिन्छ ।

१७) अचेल कस्सप -

भो गौतम ! शीलसम्पदा भनेको के हो ?

➢ अरहत् सम्यक्सम्बुद्धको धर्मोपदेशबाट प्रभावित भई प्रव्रजित भएर भिक्षु प्राणिहिंसाबाट विरत भई दण्डरहित, शस्त्ररहित, लज्जालु, दयालु तथा सबै प्राणीहरूमा हितानुकम्पी हुनु र कसैको हातखुट्टा काट्ने, पिट्ने, बाँध्ने, लड्ने, बलात्कार गर्नेबाट अलग रहनु, कतैबाट भय आउने कुरा नदेख्नु र निरवद्य सुखको अनुभव गर्नु शीलसंपदा हो ।



Downloaded from http://dhamma.digital/

**१८) अचेल कस्सप -**

भो गौतम ! चित्तसम्पदा भनेको के हो ?

➤ कामविषय र अकुशलबाट अल्लग भई वितर्क विचारलाई उपशान्त गरी चित्त एकाग्रित भई प्रथम द्वितीय ध्यानद्वारा प्रीतिसुख प्राप्त गरेको र प्रीतिसुखलाई पनि त्यागी स्मृतिसम्प्रजन्य रहेर शरीरद्वारा सुखानुभव गरेर अनि सुख दुःखलाई पनि त्यागेर स्मृति र उपेक्षायुक्त परिशुद्ध भएको चतुर्थ ध्यान प्राप्त गरी बस्नु चित्तसम्पदा हो ।

**१९) अचेल कस्सप -**

भो गौतम ! प्रज्ञासम्पदा भनेको के हो ?

➤ समाहित चित्त, क्लेशरहित, मृदु, कर्मण्य निश्चल भएपछि ज्ञानदर्शन गर्न, मनोमयकाय निर्माण गर्न, ऋद्धिविधज्ञान प्राप्त गर्न, दिव्य स्रोत धातु प्राप्त गर्न, परचित्तज्ञान जान्न, सत्त्वहरूको च्युति र उत्पत्तिसम्बन्धी ज्ञानको निमित्त चित्त अधिबढाउनु र चित्त झुकाउनु प्रज्ञा सम्पदा हो ।

**२०) पोट्ठपाद परिव्राजक -**

भन्ते ! संज्ञा पहिले उत्पन्न हुन्छ कि ज्ञान पहिले उत्पन्न हुन्छ वा संज्ञा र ज्ञान एकैपटक उत्पन्न हुन्छ ?

➤ पहिले संज्ञा उत्पन्न हुन्छ, अनि ज्ञान उत्पन्न हुन्छ । जस्तो ज्ञान अर्थात् अर्हत्फल संज्ञा उत्पन्न भएपछि प्रत्यवेक्षणज्ञान उत्पन्न हुन्छ । संज्ञा भएरमात्र ज्ञान उत्पन्न हुने हो ।

**२१) पोट्ठपाद परिव्राजक -**

भन्ते ! संज्ञा नै पुरुषको आत्मा हो अथवा संज्ञा अर्कै हो, आत्मा



Downloaded from http://dhamma.digital/

अर्कै हो ?

➢ संज्ञा अर्कै हो, आत्मा अर्कै हो।

२२) **पोट्ठपाद परिव्राजक -**

भन्ते ! क) यो लोक शाश्वत हो कि अशाश्वत हो ?

ख) यो लोक अन्तवान् हो कि अनन्तवान् हो ?

ग) जीव र शरीर एउटै हो कि जीव अर्कै शरीर अर्कै हो ?

घ) मरणपछि तथागत रहन्छ कि रहँदैन ?

ङ) मरणपछि तथागत हुन्छ पनि हुन्न पनि हो कि न हुन्छ, न त हुन्न ?

➢ यी कुरा मैले बताएको छैन किनभने,

१) यो कुरा न अर्थयुक्त (प्रयोजनीय) छ,

२) न धर्मयुक्त छ

३) न आदिब्रम्हचर्यको निमित्त उपयुक्त छ,

४) न निर्वेदको निमित्त छ ,

५) न विरागको निमित्त छ,

६) न निरोधको निमित्त छ,

७) न उपशान्तको निमित्त छ,

८) न अभिज्ञाको निमित्त छ,

९) न सम्बोधिको निमित्त छ,

१०) न यसले निर्वाणमा पुऱ्याउँछ, यसैले यो विषयलाई न बताएको हो।



Downloaded from http://dhamma.digital/

२३) **पोट्ठपाद परिव्राजक -**

भन्ते ! यो विषयगत संसारको बारे के बताउनुभएको छ त ?

➤ १) यो दु:ख हो

२) दु:खसमुदय हो ।

३) दु:खनिरोध हो ।

४) दु:खनिरोधको मार्ग हो । भनी बताएको छ ।

२४) **पोट्ठपाद परिव्राजक -**

भन्ते ! यी दु:खका कुरा किन बताउनुभएको त ?

➤ १) यो कुरा अर्थयुक्त छ ।

२) धर्मयुक्त छ ।

३) आदिब्रम्हचर्यको निम्ति उपयुक्त छ ।

४) निर्वेदको निमित्त छ ।

५) विरागको निमित्त छ ।

६) निरोधको निमित्त छ ।

७) उपशान्तको निमित्त छ ।

८) अभिज्ञाको निमित्त छ ।

९) सम्बोधिको निमित्त छ ।

१०) यसले निर्वाणमा पुऱ्याउँछ । त्यसैले यसलाई बताएको हो ।

२५) **भिक्षु आनन्द -**

भन्ते ! दिशाविदिशाबाट भिक्षुहरू भगवान्को दर्शन गर्न आइर हन्थे । ती मनोभावनीय भिक्षुहरूको दर्शन र सत्संगत हामीलाई मिलिरहन्थ्यो । अब भगवान्द्वारा महाज्ञानी निर्वाण प्राप्तगरी नर हनुभएपछि हामीले ती मनोभावनीय भिक्षुहरूको दर्शन पाउँदैनौं होला ?



Downloaded from http://dhamma.digital/

➤ आनन्द ! मेरो महापरिनिर्वाणपछि श्रद्धालु कुलपुत्रहरू चार दर्शनीय संवेजनीय स्थानमा आउनेछन् र उनीहरूको सत्संगत प्राप्त हुनेछ। ती दर्शनीय स्थान भनेको,

क) तथागतले अनुत्तरसम्यक्सम्बोधि प्राप्त गरेको स्थान 'बोधगया'

ख) तथागतले अनुत्तर धर्मचक्र प्रवर्तन गर्नुभएको स्थान 'सारनाथ'

ग) तथागत अनुपादिशेष निर्वाणधातुद्वारा परिनिर्वाण स्थान 'कुशीनगर'

घ) तथागत उत्पन्न भएको स्थान 'लुम्बिनी'

२६) **भिक्षु आनन्द -**

भन्ते ! हामीले स्त्रीहरूको मुख हेर्नुपऱ्यो भने कसरी व्यवहार गर्नुपर्छ ?

➤ मुख नहेर्नू।

२७) **भिक्षु आनन्द -**

भन्ते ! स्त्रीहरूको मुख हेर्नपऱ्यो भने कसरी व्यवहार गर्नुपर्छ ?

➤ कुरा नगर्नू।

२८) **भिक्षु आनन्द -**

भन्ते ! स्त्रीहरूसित कुरा गर्नुपऱ्यो भने कसरी व्यवहार गर्नुपर्छ ?

➤ स्मृतिलाई सँभाली होश राखेर बस्नू।

२९) **भिक्षु आनन्द -**

भन्ते ! तथागतको परिनिर्वाणपछि तथागतको शरीरलाई हामीले के गर्नुपर्छ ?

➤ क्षत्रिय पण्डितहरू, ब्राम्हण पण्डितहरू, गृहपति पण्डितहरू,



Downloaded from http://dhamma.digital/

तथागत अभिप्रसन्न छन् । उनीहरूले तथागतको शरीरपूजा गर्नेछन् । तिमीहरू तथागतको शरीर-पूजामा नलाग । तिमीहरूले सारत्थको निम्ति प्रयत्न गर्नुपर्छ, उद्योग गर्नुपर्छ, अप्रमादी, संयमी भई विहार गर्नुपर्छ ।

३०) भिक्षु आनन्द -

भन्ते ! तथागतको शरीरलाई कस्तो व्यवहार गर्नुपर्छ ?

➢ जस्तो चक्रवर्ती राजाको शरीरलाई व्यवहार गर्नुपर्ने हो त्यस्तै तथागतको शरीरलाई गर्नुपर्छ ।

३१) भिक्षु आनन्द -

भन्ते ! चक्रवर्ती राजाको शरीरलाई कस्तो व्यवहार गर्नुपर्छ ?

➢ चक्रवर्ती राजाको शरीरलाई नयाँ वस्त्रले बेर्नुपर्छ । त्यसपछि राम्ररी धुलाइराखेको रुवा कपास राखेर नयाँ वस्त्रले पाँच सयपटक बेरेर त्यस शरीरलाई तेलले भरिएको सुवर्णद्रोणीमा राखी अर्को फलामको खाली द्रोणीले छोपी चन्दन आदि सुगन्धित काष्ठादि दाउराको चिता बनाई जलाइन्छ । यस्तै चतुमहापथमा चक्रवर्ती राजाको स्तूप बनाइन्छ , यसरी राजाको शरीरक्रिया गर्नुपर्छ। चतुमहापथमा तथागतको स्तूप बनाउनुपर्छ। त्यहाँ जोकसैले माला, गन्ध, चूर्ण चढाउँदै अथवा चित्त प्रसन्न पार्छ त्यसको निमित्त दीर्घकालसम्म हित सुख हुन्छ ।

३२) भिक्षु आनन्द -

भन्ते ! जंगलप्रदेश शाखानगर रहेको सानो कुशीनगरमा परिनिर्वाण नभई चम्पा, राजगृह, श्रावस्ती, साकेत, कौशाम्बी, वाराणशीजस्ता ठूला महानगर छन् जहाँ तथागतप्रति अभिप्रसन्न भएका धेरै



Downloaded from http://dhamma.digital/

धनाढ्य क्षेत्री, ब्राम्हण, गृहपति छन् र उनीहरूले तथागतको शरीरलाई पूजा गर्नेछन् - त्यहाँ परिनिर्वाण हुनु उचित होइन र ?

➢ कुशीनगरलाई सानो जंगल प्रदेश नभन। यहाँ प्रचीन कालमा धार्मिक, धर्मराजा, चुतुर्द्वीपविजयी,जनपदमा प्रख्यात, शान्तिस्थापक सात रत्नसम्पन्न भएका महासुदस्सन चक्रवर्ती राजा भएका थिए। यहाँ कुशीनगर 'कुशावती' नामक पूर्व-पश्चिम १२ योजन लम्बाई, उत्तर-दक्षिण सात योजन चौडाई भएको राजधानी थियो । यो राजधानी, समृद्ध धनधान्यसम्पन्न जनाकीर्ण र सुभिक्षमय थियो। यस नगरमा रात-दिन

१) हात्ती २) घोडा ३) भेरी ४) मृदङ्ग ५) रथ

६) वीणा ७) गीत ८) शंख ९) लयबद्ध हातको ताली

१०) स्नान गर्नुहोस्, खानुहोस्, पिउनुहोस् भन्ने दशप्रकारका शब्द गुन्जिरहन्थे।

३३) सुभद्र -

गौतम ! ती श्रमण-ब्राम्हणहरू संघी, गणी, गणाचार्य, प्रख्यात, यशस्वी, तीर्थङ्कर आदि धेरैको साधुसम्मत रहेका पूरण काश्यप, मक्खली गोशाल, अजित केशकम्बल, प्रकुध कात्यायन, सञ्जय बेलट्ठपुत्र, निगण्ठनाटपुत्रले आफूले प्रकाश गरेका कुरालाई साक्षात्कार गरेका छंन् कि छैनन् अथवा तीमध्ये ककसले साक्षात्कार गरेका छन्, कसकसले साक्षात्कार गरेका छैनन् ?

➢ आफूले प्रकाश गरेका कुरालाई कसले साक्षात्कार गरेका छन् वा छैनन् भन्ने कुरा छाडिदेऊ। जुन धर्मविनयमा आर्यअष्टाङ्गिकमार्ग पाइँदैन त्यहाँ श्रमण पनि पाइँदैन । जुन धर्मविनयमा आर्य-


Downloaded from http://dhamma.digital/

अष्टाङ्गिकमार्ग पाइन्छ । अरू वादमा श्रमणहरू शून्य छन् । भिक्षुहरू ठीकसँग बसेमा यो लोक अरहन्तहरूले शून्य हुनेछैन ।

३४) **सुभद्र** -

भन्ते ! अब म भगवान्को शरणमा पर्छु। धर्म र भिक्षुसंघको शरणमा पर्छु । भगवान्समक्ष मैले प्रव्रज्या र उपसम्पदा पाउँ छु कि ?

➢ मलाई व्यक्तिविशेषता थाहा छ । जो कोही अन्य सम्प्रदायका साधुले नियमपूर्वक प्रव्रज्या र उपसम्पदा प्राप्त गर्न सक्छ । यसको नियमअनुसार चार महिनासम्म परिवास बस्नुपर्छ र चार महिना प्रव्रजित र भिक्षुत्वको निमित्त उपसम्पदा गर्नुपर्छ ।

३५) **सुभद्र** -

भन्ते ! म अन्य तीर्थीय भएको ले म चार वर्ष परिवास बस्नेछु । चार वर्ष पूरा भएपछि सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्वको निमित्त प्रव्रज्या र उपसम्पदा गर्लान् के ?

➢ नियम पूरा गर्ने भएमा तत्कालै प्रव्रज्या दिइनेछ ।

३६) **भिक्षु आनन्द** -

भन्ते ! ब्रम्हदण्ड भनेको के हो ?

➢ अपराधीसँग कसैले नबोल्नु,उपदेश नदिनु र अनुशासन नगर्नु ।

३७) **शक्रदेवेन्द्र** -

मारिष ! देवता, मनुष्य, असुर, नाग र अन्य पृथक् प्राणीहरू अवैर, अदण्ड, अशत्रुक, अहिंसक भई बस्न इच्छा गरेतापनि तिनीहरू सबै सदण्ड, सशत्रुक, हिंसक भई विहान् गर्छन् त्यो के भएर भएको हो ?

➢ ईर्ष्यामात्सर्यसंयोजनद्वारा भएको हो ।


Downloaded from http://dhamma.digital/

३८) **शक्रदेवेन्द्र -**

मारिष ! के भएमा ईर्ष्यामात्सर्य हुन्छ र के नभएमा ईर्ष्यामात्सर्य हुँदैन ? ईर्ष्यामात्सर्यको कारण समुदय, उत्पत्ति र प्रभाव के हुन् ?

➤ प्रिय-अप्रियको कारण समुदय, उत्पत्ति र प्रभावले ईर्ष्यामात्सर्य हुन्छ । प्रिय-अप्रिय नभएमा ईर्ष्यामात्सर्य हुँदैन ।

३९) **शक्रदेवेन्द्र -**

मारिष ! प्रिय-अप्रियको कारण, समुदय, उत्पत्ति तथा प्रभाव भनेको के हो ? के भएमा प्रिय-अप्रिय हुन्छ र के नभएमा प्रिय-अप्रिय हुँदैन ?

➤ इच्छाको कारण समुदय, उत्पत्तिले र प्रभावले प्रिय-अप्रिय हुन्छ । इच्छा नभएमा प्रिय-अप्रिय हुँदैन ।

४०) **शक्रदेवेन्द्र -**

मारिष ! इच्छाको कारण समुदय, उत्पत्ति र प्रभाव भनेको के हो ? के भएमा इच्छा हुन्छ र के नभएमा इच्छा हुँदैन ?

➤ वितर्कनाको कारण समुदय, उत्पत्तिले र प्रभावले इच्छा (तृष्णा) हुन्छ । त्यसैले वितर्कना भएमा इच्छा हुन्छ, विर्तकना नभएमा इच्छा हुँदैन ।

४१) **शक्रदेवेन्द्र -**

मारिष ! वितर्कनाको कारण समुदय, उत्पत्ति र प्रभाव के हो ? के भएमा वितर्कना हुन्छ र के नभएमा वितर्कना हुँदैन ?

➤ प्रपञ्चसंज्ञासंख्याको कारण समुदय, उत्पत्ति, प्रभवले वितर्कना हुन्छ । त्यसैले प्रपञ्चसंज्ञासंख्या भएमा वितर्कना हुन्छ । त्यसैले प्रपञ्चसंज्ञासंख्या नभएमा वितर्कना हुँदैन ।


Downloaded from http://dhamma.digital/

४२) **शक्रदेवेन्द्र -**

मारिष ! कसरी प्रपञ्चसंज्ञासंख्यालाई भिक्षुले निरोध गर्छ र कसरी निरोधमार्गमा भिक्षु लागेको हुन्छ ?

➤ दुईप्रकारका सौमनस्य, दुईप्रकारका दौर्मनस्य, दुईप्रकारका उपेक्षा सेवनीय र असेवनीय छन्। त्यसको सेवन र असेवनले नै भिक्षुले प्रपञ्चसंज्ञासंख्यालाई निरोध गर्छ र भिक्षु निरोधमार्गमा लागेको हुन्छ।

४३) **शक्रदेवेन्द्र -**

मारिष ! प्रतिपन्न हुने भिक्षु प्रातिमोक्ष-संवरको निमित्त कसरी प्रतिपन्न भएको हुन्छ ?

➤ सेवनीय र असेवनीय गरी कायिक आचरण, वाचिक आचरण र पर्यवेक्षण दुई दुईप्रकारका हुन्छन् यी विषयको सेवन र असेवन-द्वारा प्रतिपन्न हुने भिक्षु प्रातिमोक्षसंवरको निमित्त प्रतिपन्न भएको हुन्छ।

४४) **शक्रदेवेन्द्र -**

मारिष ! प्रतिपन्न हुने भिक्षु इन्द्रियसंयमको निमित्त कसरी प्रतिपन्न भएको हुन्छ ?

➤ सेवनीय र असेवनीय गरी चक्षुविज्ञेय रूप, श्रोतविज्ञेय शब्द, घ्राणविज्ञेय गन्ध, जिव्हा विज्ञेय रस, कायविज्ञेय स्पर्शको उचितावस्थानुसार सेवन र असेवनद्वारा इन्द्रियसंयमको निमित्त प्रतिपन्न भएको हुन्छ।

४५) **शक्रदेवेन्द्र -**

मारिष ! सबै श्रवण ब्राम्हणहरूको एकै मत, एकै शील, एकै इच्छा, एकै अवशान हुन्छ र ?



Downloaded from http://dhamma.digital/

➤ सबै श्रमण-ब्राम्हणहरूको एकै मत, एकै शील, एकै इच्छा, एकै अवशान हुँदैन ।

४६) **शक्रदेवेन्द्र** -

मारिष ! सबै श्रमण ब्राम्हणहरूको एक मत, एकै शैली, एकै इच्छा र एकै अवशान किन हुँदैन ?

➤ यी लोक अनेक र नानास्वभावको छ । यसरी अनेक र नानास्वभाव भएको लोकमा जुन प्राणीले जुन विचार गर्छ ती प्राणीले सोही विचारलाई दृढतापूर्वक ग्रहण गर्ने हुन्छ । यो कुरा सत्य हो र अरू कुरा तुच्छ हो । त्यसैले श्रमण-ब्राम्हणहरूको एकै मत, एकै शील, एकै इच्छा रए कै अवशान हुँदैन ।

४६) **शक्रदेवेन्द्र** -

मारिष ! के सबै श्रमण-ब्राम्हणहरू अत्यन्त निष्ठावान्, योगक्षेमी, ब्रम्हचारी र पर्यवशान हुन्छन् ?

➤ सवै श्रमण-ब्राम्हणहरू अत्यन्त निष्ठावान्, योगक्षेमी, ब्रम्हचारी र पर्यवशान हुँदैनन् ।

४७) **शक्रदेवेन्द्र** -

मारिष ! श्रमण ब्रामणहरू अत्यन्त निष्ठावान्, योगक्षेमी, ब्रम्हचारी र पर्यवशान किन हुँदैन ?

➤ जो भिक्षुहरू तृष्णाक्षय गरी विमुक्त हुन्छन्, तिनीहरू अत्यन्त निष्ठावान्, योगक्षेमी, ब्रम्हचारी र पर्यवशान हुन्छन् । त्यसैले सबै श्रमण-ब्राम्हणहरू अत्यन्त निष्ठावान्, योगक्षेमी, ब्रम्हचारी र पर्यवशान हुँदैनन् ।

४८) **सुन्दरिक भारद्वाज** -

गौतम ! लोकसम्मत, धेरैले पवित्र र पुण्यस्थल भनी मानिराखेको,


Downloaded from http://dhamma.digital/

धेरैले आफ्ना पापकर्म पखाल्न जाने बाहुका नदीमा स्नान गर्न जाने होइन ?

➢ नीच कर्म गरिराखेको मूर्खको लागि अधिक गया, सुन्दरिका सरस्वती, प्रयाग, बाहुमति र बाहुका नदीमा गई दिनहुं नुहाएर पनि शुद्ध हुनेछैन । पापकर्मी खराब काम गरिरहेका मानिसलाई नदीले शुद्ध गर्न सक्दैन। शुद्ध व्यक्तिलाई संधै फल्गु र उपोसथ पूर्ण हुन्छ। शुद्ध र शुद्धकर्मको व्रत संधै परिपूर्ण हुन्छ। यहीं स्नानगर्नु, सबै प्राणीप्रति कल्याण गर्नू। यदि फटाहा नगरेमा, प्राणीहिंसा नगरेमा, चोरी नगरेमा, श्रद्धावान् भई मात्सर्यसहित भएमा किन गया नदीमा स्नानगर्नुपर्छ ? यहाँको सानो जलाशय नै गया नदी हुन्छ।

४९) महाचन्द्र-

भन्ते ! आत्मावादले युक्त भएका,लोकवादले युक्त भएका अनेकप्रकारका दृष्टिहरू यस लोकमा उत्पन्न भइरहेका छन्। पहिले नै भिक्षुले मनले संभिलियो भने यस्ता दृष्टिहरू परित्याग हुने हो कि ?

➢ आत्मावादयुक्त लोकवादयुक्त अनेकप्रकारका दृष्टिहरू लोकमा जुन उत्पन्न भइरह्यो त्यसले यहाँ आकार ग्रहण गर्छ। जहाँ यस्तो व्यवहार हुन्छ त्यहाँ यो मेरो होइन, यो 'म' भन्ने मेरो हाइन, यो मेरो आत्मा होइन भनी यथाभूत प्रज्ञाद्वारा दृष्टिगत गर्नासाथ त्यस्ता दृष्टिहरू नाश हुन्छन्, परित्याग हुन्छन्।

५०) महानाम -

भन्ते ! धेरै समयदेखि लोभ, द्वेष, मोह भन्ने कुरा चित्तको



Downloaded from http://dhamma.digital/

उपक्लेश हो भनी बताउनुभएको मलाई थाहा छ। कहिले काहीं मेरो चित्त लोभयुक्त, द्वेषयुक्त मोहयुक्त हुने गर्छ। त्यस बेला मेरो मनमा यस्तो हुने गर्छ कि कुन कुरा नरहँदाखेरि, मेरो चित्त लोभ, द्वेष, मोहयुक्त भएको होला। यस्तो कसरी भएको होला ?

➢ त्यही लोभादि अकुशल धर्म भित्रदेखि नहटिसकेको हुनाले कहिले काँही लोभ, द्वेष र मोहयुक्त हुने हुन्छ। यदि ती लोभादि अकुशल धर्म हटेको भए तिमी घरमा नबस्ने हुँदो हो, न त कामविषयलाई भोग गर्ने नै हुन्छ। तिम्रो भित्रीदेखि नै ती लोभादि अकुशल धर्म नहटिसकेको हुँदा नै तिमीले कामविषय भोग गरी घरमा बसिरहेका हौ।

५१) **दण्डपाणि शाक्य** -

श्रमण ! तपाईं कुन वाद मान्ने हुनुहुन्छ ? र कुन सिद्धान्त बताउनु हुन्छ ?

➢ यस लोकमा देव, मार, ब्राम्हणसहित श्रमण ब्राम्हणहरूकहाँ, देवसहित मनुष्यलोकमा कोहीसँग विग्रह नगरी, कामविषयबाट रहित भई अरहत् र सन्देहरहित भइसकेर अभवमा तृष्णारहित भइसकेको लाई संज्ञाले पछ्याउन नसक्ने जुन वाद छ त्यही वाद मान्ने भई र त्यस्तै सिद्धान्तका कुरा बताउने म हूँ।

५२) **एक जना भिक्षु** -

भन्ते ! कुनै बस्तु नभएका लाई पनि त्यस बस्तुको कुरामा नभएको दुःख आउन सक्छ र ?

➢ पहिले यो मेरो थियो अहिले मेरो भएन, यो त मेरो हुनुपर्ने, यसलाई मैले लिन सकिन भनी शोक गरिन्छ, दुःखित होइन्छ,


Downloaded from http://dhamma.digital/

छाती पिटी रोइन्छ, मूर्छित होइन्छ । यसप्रकारले भय हुन सक्छ ।

५३) **सच्चक निगण्ठपुत्र -**

गौतम ! यहाँले आफ्ना शिष्यहरूलाई कस्तो शिक्षा दिनुहुन्छ र ती शिष्यहरूमा विशेषतया कस्ता उपदेश सुनाइन्छन् ?

➢ रूपवेदना, संज्ञा, संस्कार, विज्ञान अनित्य हुन् । यी रूपादि अनात्म हुन् । सम्पूर्ण संस्कार अनित्य हो । सबै धर्म अनात्म हो । यसप्रकारले मैले श्रावकहरूलाई शिक्षा दिने गर्दछु र यस्तै उपदेश मेरा शिष्यहरूमा विशेषतया चलिरहन्छ ।

५४) **सच्चक निगण्ठपुत्र -**

भो गौतम ! कोही कोही श्रमण-ब्राम्हणहरू कायिक भावनामा तत्पर भइरहन्छ भने चित्तको भावनामा रहँदैनन् । उनीहरू दुःखमय शारीरिक वेदना अनुभव गरिरहन्छन् । त्यसो हुनु उनीहरूको चित्तकाय नै हो र तिनीहरू कायको वशमा परेको हो भने त्यसरी शारीरिक वेदना अनुभव हुने कारण के हो ?

➢ चित्तको भावनामा नरहेको ले हो ?

५५) **सच्चक निगण्ठपुत्र -**

गौतम ! कोही कोही श्रमण-ब्राम्हणहरू चित्तको भावनामा तत्पर भइरहन्छन् भने कायिक भावनामा रहेका हुँदैनन् । उनीहरूले दुःखमय मानसिक वेदना अनुभव गरिरहन्छन् । त्यसो हुनु त्यो कायचित्त नै हो र चित्तको वशमा नै रहेको त हो नि । त्यसरी मानसिक वेदना हुनुको के कारण रहेछ ?

➢ कायको भावनामा नरहेको ले हो ।



Downloaded from http://dhamma.digital/

५६) **सच्चक निगण्ठपुत्र -**

गौतम ! के तपाईं दिउँसो पनि सुत्ने गर्नुहुन्छ ?

➢ गर्छु । ग्रीष्मको अन्तिम महिनामा भोजनोपरान्त संघाटी चार दोबर पारी पट्याएर ओछ्याई दाहिनेतिर कोल्टाफेरी सिंहशय्या गरी गोडामाथि गोडा राखी सुत्ने गर्छु ।

५७) **सच्चक निगण्ठपुत्र -**

गौतम ! यहाँले दिउँसो सुत्नुलाई श्रमण-ब्राम्हणहरूले सम्मोहको विहार भन्ने हो कि ?

➢ मेरो दिवा सुताइले सम्मोह वा असम्मोह हुने हुँदैन । भविष्यमा जन्म-जरा-मरण दिलाउने आस्रव नष्ट नभएका मात्र सम्मूढ हुन्छन् । त्यसप्रकारको आस्रव नष्ट भइसकेका असम्मूढ हुन् । तथागतसँग त्यस्तो आस्रव नष्ट भइसकेको छ । त्यसैले मेरो दिवा सुत्ने कुराले सम्मोह हुने हुँदैन ।

५८) **सालवासी ब्राम्हण गृहपतिहरू -**

भो गौतम ! यहाँ कोही सत्त्वहरू शरीर त्यागी मृत्युपश्चात् अपाय दुर्गति विनिपात नरकमा उत्पन्न हुन्छन् भने कोही सुगति स्वर्गलोकमा उत्त्पन्न हुनुको हेतु के हो ? प्रत्यय के हो ?

➢ अधर्मआचरणद्वारा गलत आचरणको कारणबाट यहाँ कोही सत्त्वहरू देह छाडी मृत्युपश्चात् अपाय दुर्गति नरकमा उत्पन्न हुने हो भने धर्मचर्या- समचर्याको हेतुले सुगति स्वर्गलोकमा उत्पन्न हुने हो ।

५९) **दीर्घतपस्वी निगण्ठ -**

गौतम ! पापकर्म गर्नको लागि र पापकर्मको प्रवृत्तिको लागि



Downloaded from http://dhamma.digital/

तपाईंले कतिप्रकारको दण्ड बताउनुभएको छ ?

➤ तथागतसँग 'दण्ड' भन्ने अभ्यास छैन। 'कर्म' भन्ने अभ्यासमात्र छ।

६०) **दीर्घतपस्वी निगण्ठ -**

गौतम ! पापकर्म गर्नको लागि र पापकर्मको प्रवृत्तिको लागि तपाईंले कतिप्रकारको कर्म बताउनुभएको छ ?

➤ काय-कर्म, वचन-कर्म र मन-कर्म गरी तीनप्रकारको कर्म बताएको छु।

६१) **दीर्घतपस्वी निगण्ठ -**

गौतम ! के कायकर्म, वचनकर्म र मनकर्म सबै अलग अलग हुन् कि ?

➤ कायकर्म, वचनकर्म र मनकर्म सबै अलग अलग हुन्।

६२) **दीर्घतपस्वी निगण्ठ -**

गौतम ! अलग अलग भइरहेका काय-कर्म, वचन-कर्म र मन-कर्ममध्ये पापकर्म गर्नका लागि र पापप्रवृत्तिको निम्ति तपाईंले कुनचाहिं दण्डलाई महासावद्यतर भनी बताउनुभएको छ ?

➤ तीन भेद भएका यी कर्ममध्ये पापकर्म गर्नको लागि र पापकर्मको प्रवृत्तिको लागि मैले मनकर्मलाई महासावद्यतर भनी बताएको छु कायकर्म र वचनकर्मलाई होइन।

६३) **वच्छगोत्र परिव्राजक -**

गौतम ! गृही-संयोजनलाई परित्याग नगरी मरिसकेपछि दुःख अन्त गर्ने कोही गृहस्थहरू छन् ?

➤ गृही-संयोजनलाई परित्याग नगरी देह त्याग गरी दुःखलाई अन्त गर्ने कुनै गृहस्थ छैन।


Downloaded from http://dhamma.digital/

६४) वच्छगोत्र परिव्राजक -

गौतम ! गृही-संयोजनलाई त्याग गरी मृत्युपछि स्वर्गमा पुगेको कुनै गृहस्थी छ ?

➢ सय, दुई सय, तीन सय, चार सय होइन धेरैका धेरै गृहस्थहरू गृही-संयोजन परित्याग गरी मृत्युपछि स्वर्ग पुगेका छन् ?

६५) वच्छगोत्र परिवाजक -

गौतम ! मरणपछि दु:खको अन्त गर्ने कोही आजीवक छ ?

➢ मरणपछि दु:खको अन्त गर्ने कोही आजीबक छैन ।

६६) वच्छगोत्र परिव्राजक -

गौतम ! मृत्यपछि स्वर्गमा पुगेको कोही आजीवक छ ?

➢ यहाँदेखि एकानब्बे कल्पअघिसम्मको कुराको अनुस्मरण गर्दा पनि मैले एकजनाबाहेक अरू कुनै आजीवक स्वर्गमा पुगेको थाहाछैन । त्यो पनि कर्मवादी, क्रियावादी भएको ले मात्र ।

६७) वच्छगोत्र परिव्राजक -

भो गौतम ! 'लोक शाश्वत हो यही सत्य हो अरू सबै असत्य हुन्' भन्ने ।' तपाईंको दृष्टि वा मत हो ?

➢ म 'लोक शाश्वत हो, यही सत्य हो, अरू सबै असत्य हो' भन्ने मतको होइन ।

६८) वच्छगोत्र परिव्राजक -

भो गौतम ! 'लोक शाश्वत हो, यही सत्य हो अरू सबै असत्य हुन्' भन्ने तपाईंको दृष्टि हो ?

➢ म 'लोक शाश्वत हो, भन्ने दृष्टिको होइन ।

६९) वच्छगोत्र परिव्राजक -

भो गौतम ! 'लोक अनन्तवान् हो, यही सत्य हो अरू सबै असत्य



Downloaded from http://dhamma.digital/

हुन्' भन्ने तपाईंको दृष्टि हो ?

➢ 'लोक अनन्तवान् छ ' भन्ने दृष्टिको होइन ।

७०) **वच्छगोत्र परिव्राजक -**

भो गौतम ! तपाईं 'लोक अनन्तवान् छ, यही सत्य हो अरू सबै असत्य हुन्' भन्ने दृष्टिको हो ?

➢ म 'लोक अनन्तवान् छ' भन्ने दृष्टिको होइन ।

७१) **वच्छगोत्र परिव्राजक -**

भो गौतम ! ' त्यही जीव, त्यही शरीर हो, यही सत्य हो अरू सबै असत्य हुन् भन्ने तपाईंको दृष्टि हो ?

➢ 'म त्यही जीव, त्यही शरीर हो' भन्ने दृष्टिको होइन ।

७२) **वच्छगोत्र परिव्राजक -**

भो गौतम ! 'जीव अर्कै, शरीर अर्कै, यही सत्य हो र अरू सबै असत्य हुन्' भन्ने तपाईंको दृष्टि हो ?

➢ 'जीव अर्कै, शरीर अर्कै', भन्ने दृष्टिको म होइन ।

७३) **वच्छगोत्र परिव्राजक -**

भो गौतम ! तथागत मरणपश्चात् रहिरहन्छ, यही सत्य हो, अरू सबै असत्य हुन् भन्ने तपाईंको दृष्टि हो ?

➢ म 'तथागत मरणपश्चात् रहिरहन्छ, यही सत्य हो भन्ने दृष्टिको होइन ।

७४) **वच्छगोत्र परिव्राजक -**

भो गौतम ! तथागत मरणपश्चात् रहँदैन, यही सत्य हो अरू सबै असत्य हुन् भन्ने तपाईंको दृष्टि हो ?

➢ म तथागत मरणपश्च्यात् रहँदैन भन्ने दृष्टिको होइन ।



Downloaded from http://dhamma.digital/

७५) वच्छगोत्र परिव्राजक -

भो गौतम ! 'तथागत मरणपश्चात् रहिरहने हो र नरहने पनि हो' यही सत्य हो, अरू सबै असत्य हुन्' भन्ने तपाईंको दृष्टि हो ?

➢ म 'तथागत मरणपश्चात् रहँदैन र नरहने पनि हो' भन्ने दृष्टिको होइन ।

७६) वच्छगोत्र परिव्राजक -

भो गौतम ! यहाँले लोक शाश्वत, अशाश्वत, अन्तवान्, अनन्तवान् त्यही जीव, त्यही शरीर हो, त्यही जीव, त्यही शरीर होइन, तथागत मरणपश्चात् रहिरहने हो, रहिरहँदैन आदि मेरो प्रश्नमा आफू दुबै दृष्टिको होइन भन्नुभयो । तपाईंले यी कुरामा कस्तो दोष देख्नुभएको छ र यी सबै कुरामा आफू दृष्टिगत नरहनुभएको ?

➢ यी शाश्वतादि कुराहरू सबै 'हो पनि, होइन पनि भनिएको कुरा' पनि दृष्टिगत नै हो । यी सबै कुरा दृष्टिको जंगल हो, कान्तार हो, शूल हो, सव्याकुल हो , सपरिदाह हो । यी कुरा न निर्वेदको लागि, न विरागको लागि, न निरोधको लागि, न शान्तिको लागि, न अभिज्ञाको लागि, न सम्बोधिको लागि, न निर्वाणको लागि नै हो । यही दृष्टि मेरो हो ।

७७) कोशलराजा प्रसेनजित -

भन्ते ! देवता छ भनिन्छ । के देवताहरू मनुष्यलोकमा आत्माभावमा आउने हुन्छ कि हुँदैन ?

➢ जो देवताहरू दुःखसहित सव्यापद्य हुन् ती देवताहरू मनुष्यलोकमा आउनेखालका हुन्छन् । जो देवताहरू छुट्यो मनुष्यलोकमा नआउने खालका हुन्छन् ।


Downloaded from http://dhamma.digital/

७८) **कापरिकमाणव भारद्वाज -**

भो गौतम ! सत्य अनुप्राप्तिको लागि कस्तो धर्म बहुउपकारी हुन्छ ?

➢ सत्य अनुप्राप्तिको लागि पराक्रम बहुउपकारी हुन्छ । पराक्रम नगरी सत्य अनुप्राप्ति हुँदैन ।

७९) **कापरिकमाणव भारद्वाज -**

भो गौतम ! पराक्रमको लागि कस्तो धर्म (कुरा) बहुउपकारी हुन्छ ?

➢ पराक्रमको लागि तुलना बहुउपकारी हुन्छ । तुलना नगरिकन पराक्रम गरिन्न ।

८०) **कापरिकमाणव भारद्वाज -**

भो गौतम ! तुलनाको लागि कस्तो धर्म बहुउपकारी हुन्छ ?

➢ तुलनाको लागि उत्साह बहुउपकारी हुन्छ । उत्साह नगर्ने भएमा तुलना गरिन्न ।

८१) **कापरिकमाणव भारद्वाज -**

भो गौतम ! उत्साहको लागि कस्तो धर्म बहुउपकारी हुन्छ ?

➢ उत्साहको लागि धर्मअनुसार काम गर्ने छन्द बहुउपकारी हुन्छ । छन्द नगर्ने भए उत्साह गरिन्न ।

८२) **कापरिकमाणव भारद्वाज -**

भो गौतम ! छन्दको लागि कस्तो धर्म बहुउपकारी हुन्छ ?

➢ छन्दको लागि धर्म-निध्यान-क्षमता बहुउपकारी हुन्छ । धर्म-निध्यान-क्षमता नभई छन्द गरिन्न ।



Downloaded from http://dhamma.digital/

८३) कापरिकमाणव भारद्वाज -

भो गौतम ! धर्म-निध्यान-क्षमताको लागि कस्तो धर्म बहुउपकारी हुन्छ ?

➢ धर्म-निध्यान-क्षमताको लागि अर्थ उपपरीक्षण बहुउपकारी हुन्छ । अर्थउपपरीक्षण नगरी धर्म-निध्यान-क्षमता हुने हुन्न ।

८४) कापरिकमाणव भारद्वाज -

भो गौतम ! अर्थ उपपरीक्षणको लागि कस्तो धर्म बहुउपकारी हुन्छ ?

➢ अर्थ उपपरीक्षणको लागि धर्म धारणा नगरी अर्थउपपरीक्षण हुने हुन्न ।

८५) कापरिकमाणव भारद्वाज -

भो गौतम ! धर्म धारणको लागि कस्तो धर्म बहुउपकारी हुन्छ ?

➢ धर्म धारणको लागि श्रवण बहुउपकारी हुन्छ । श्रवण नगरी धर्मधारण होइन्न ।

८६) कापरिकमाणव भारद्वाज -

भो गौतम ! श्रवणको लागि कस्तो धर्म बहुउपकारी हुन्छ ?

➢ श्रवणको लागि कान थाप्नु बहुउपकारी हुन्छ । कान नथापी धर्मश्रवण गरिन्न ।

८७) कापरिकमाणव भारद्वाज -

भो गौतम ! कान थाप्नको लागि कस्तो धर्म बहुउपकारी हुन्छ ?

➢ कान थाप्नको लागि उपासना सत्संग बहुउपकारी हुन्छ । उपासना नगरेर कान थाप्न सकिन्न ।



Downloaded from http://dhamma.digital/

८८) कापरिकमाणव भारद्वाज -

भो गौतम ! उपासनाको लागि कस्तो धर्म बहुउपकारी हुन्छ ?

➢ उपासनाको लागि नजिक जानु बहुउपकारी हुन्छ। नजिक नगई उपासना गरिन्न।

८९) कापरिकमाणव भारद्वाज -

भो गौतम ! नजिक जानको लागि कस्तो धर्म बहुउपकारी हुन्छ ?

➢ नजिक जानको लागि श्रद्धा बहुउपकारी हुन्छ । श्रद्धा नभई नजिक जाने हुँदैन।

९०) एक भिक्षु -

भन्ते ! रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान यी पाँच उपादानस्कन्ध कुनप्रकारका मूलक भएका हुन् ?

➢ यी पाँच उपदानस्कन्ध 'राग' मूलक हुन् ।

९१) एक भिक्षु -

भन्ते ! उपादान र पञ्चउपादानस्कन्ध भन्नु एउटै हो कि पञ्चउपादानस्कन्धबाट उपादान अलग्ग हो ?

➢ उपादान र पञ्चउपादानस्कन्ध भन्नु एउटै होइन। यसो भन्दैमा यो न पञ्चउपादानस्कन्धभन्दा अलग्गको उपादान नै हो। पञ्चउपदानस्कन्ध जुन छन्द राग हुने हो त्यही त्यहाँ उपदान हो।

९२) एक भिक्षु -

भन्ते ! पञ्चउपादानसँगमा हुने छन्द राग फरंक फरक हुन सक्छ र ?

➢ फरक फरक हुन सक्छ।



Downloaded from http://dhamma.digital/

१३) एक भिक्षु -

भन्ते ! रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानस्कन्ध भन्नुको कुन कुन हेतु र कुन कुन प्रत्यय हुन् ?

➢ रूपस्कन्ध भन्नुमा पृथ्वी, जल, तेज, वायु यी चार महाभूत हेतु हुन् र चार महाभूत प्रत्यय अर्थात् कारण हुन् । वेदनास्कन्ध भन्नुमा इन्द्रियविषयसँग संयोग हुने स्पर्श हेतु हो । संज्ञास्कन्ध भन्नुमा स्पर्श हेतु र प्रत्यय हुन् । संस्कारस्कन्ध भन्नुमा पनि स्पर्श हेतु र प्रत्यय हुन् अनि विधानस्कन्ध भन्नुमा नामरूप हेतु र प्रत्यय हुन् ।

१४) एक भिक्षु -

भन्ते ! रूपको आस्वाद भनेको के हो ? आदिनव (दुष्परिणाम) भनेको के हो ? बाहिर जाने निकासको बाटो अथवा निस्सरण भनेको के हो ? वेदना, संज्ञा, संस्कार र विज्ञानका आस्वाद भनेका के हुन् र आदिनव र निस्सरण भनेको के हो ?

➢ जुन रूपलाई लिएर सुख, सौमनस्य उत्पन्न हुने हो त्यही रूपको आस्वाद हो । जुन रूप अनित्य, दु:ख विपरिणाम धर्म अर्थात् परिवर्तनशील हो यो रूपको दुष्परिणाम हो । जुन रूपमा छन्द राग हेरेर जाने र छन्द राग प्रहाण भइजाने हो यो रूपको निस्सरण हो । जुन वेदनालाई लिएर, संज्ञालाई लिएर, संस्कार लाई लिएर सुख, सौमनस्य उत्पन्न हुने हो त्यही विज्ञानको आस्वाद हो । जुन विज्ञान अनित्य, दु:ख विपरिणाम धर्म हो त्यो विज्ञानको दुष्परिणाम हो । जुन विज्ञानमा छन्द राग हेरेर जाने, छन्द राग प्रहाण भएर जाने हो त्यो विज्ञानको निस्सरण हो ।


Downloaded from http://dhamma.digital/

९५) एक भिक्षु -

भन्ते ! कुन कुरा थाहापाउनाले कसरी यो चेतनायुक्त शरीरमा अथवा बाहिरी दुनियामा सबैप्रकारका लिंग, आकार आदि निमित्तमा अहंकार र ममत्वको अभिमान वा संस्कार नहुने हुन्छ ?

➢ जति पनि भूत,भविष्य र वर्तमान अवस्थाको शरीरको भित्र वा बाहिर, स्थूल वा सूक्ष्महीन वा उत्तम, टाढाको नजिकको रूप रहेको छ, ती सबै रूपलाई 'न यो मेरो हो, न म मेरो हो, न यो मेरो आत्मा हो' भनी त्यसलाई यथाभूतप्रकारले राम्ररी प्रज्ञाबाट देखिलिन्छ। यस्तै वेदना, संज्ञा, संस्कार र विज्ञानलाई ठान्दछ। त्यसप्रकारले सम्भी बुझी सबै निमित्तमा अहंकार, ममत्व, अभिमान र संस्कार हुने हुन्न।

९६) एक भिक्षु -

भन्ते ! कुन कुराले मुक्त भएमा पण्डित-भिक्षुलाई विमर्शक अर्थात् चिन्तक-विचारक भन्न सकिन्छ ?

➢ जुनबेला धातुकुशल वा धातुसम्बन्धी कुरामा कुशल हुन्छ, आयतन कुशल हुन्छ, प्रतीत्यसमुत्पाद अर्थात् कार्यकारणविषयमा कुशल हुन्छ, स्थान-अस्थानविषयमा कुशल हुन्छ तब त्यस्तो पण्डित भिक्षुलाई विमर्शक अथवा चिन्तक विचारक भन्न सकिन्छ।

९७) शुभमाणव तोदेय्यपुत्र -

भो गौतम ! मानिसहरूमध्ये मानिस भएर पनि कोही उच्च कोही नीच भइरहेको देखिन्छ। यहाँ अल्पायु कोही दीर्घायु देखिन्छ। यस्तै बहुरोगी, अल्परोगी,सुन्दर-कुरूप, अल्पशक्ति-महाशक्ति,


Downloaded from http://dhamma.digital/

गरिब-धनी, नीच र उच्च कुलीन, बुद्धिहीन मूर्ख र बुद्धि भएका पनि देखिन्छन् । यसरी भेद हुनुमा कुन हेतु र कुन प्रत्यय हो ?

➤ सत्त्वप्राणीहरूको कर्म नै आफ्नो हो । कर्म नै कर्मको अंशभागी हो । कर्म नै जन्म हुनुपर्ने कारण हो । कर्म नै साथी-बन्धु हो । कर्म नै प्रतिशरण हो । कर्मले नै सत्त्व प्राणीहरूलाई उच्च र नीचताको विभाजन गर्दछ ।

९८) शुभमाणव तोदेय्यपुत्र -

भो गौत्तम ! कुन कर्मले मानिस अल्पायुतामा पुग्न जाने हुन्छ ?

➤ यहाँ जो कोही आइमाई होस् वा लोग्नेमानिस होस् प्राणीहिंसक हुन्छ, क्रोधी हुन्छ, रगतले मुछिएको हात भएको हुन्छ, काटमारमा लागेको हुन्छ, प्राणीप्रति निर्दयी हुन्छ, र त्यस्तो कर्ममा मन पठाएर त्यस्तो कर्म ग्रहण गरिरहन्छ भने त्यस्तो व्यक्ति मरणपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न नभएर मानिस भई जन्म भएमा जहाँ जहाँ त्यसको जन्म हुन्छ, त्यहाँ त्यहाँ ऊ अल्पायु हुन्छ । यसरी प्राणीहिंसा, क्रोधीपन, रगत मुछिएको हात, काटमार र प्राणीहरूप्रति निर्दयी भएको कारणले अल्पायुताको बाटोमा पर्न जाने हुन्छ ।

९९) शुभमाणव तोदेय्यपुत्र -

भो गौतम ! कुन कुन कर्मले मानिस बहुरोगी हुन्छ ?

➤ यहाँ कोही आइमाई वा पुरुष हातले, लठ्ठीले अरूलाई सासनादिने स्वभावको हुन्छ र त्यस्तो कर्ममा मन लगाई त्यस्तो कर्म ग्रहण गरिरहन्छ त्यस्तो व्यक्ति मरणपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ । त्यस्तो व्यक्ति यदि मरणपछि


Downloaded from http://dhamma.digital/

अपाय दुर्गति, विनिपात तथा नरकमा उत्पन्न नभएर मानिस भई जन्म्यो भने पनि जहाँ जहाँ जन्म हुन्छ त्यहाँ त्यहाँ नाना रोगव्याधिले पीडित बहुरोगी हुन्छ। सत्त्व प्राणीहरूलाई सासना दिने स्वभाव भएको कारणले बहुरोगीको बाटोमा पर्न जाने हो।

१००) **शुभमाणव तोदेय्यपुत्र -**

भो गौतम ! कुन कुन कर्मले मानिस निरोगी हुन्छ ?

➤ यहाँ कोही आइमाई वा पुरुष हातले, लठ्ठीले, दण्डले अरूलाई सासना नगर्ने स्वभावको हुन्छ र त्यस्तो कर्ममा मन लगाई त्यस्तो कर्म ग्रहण गरिबस्छ त्यस्तो व्यक्ति मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ। सत्त्वप्राणीलाई सासना गर्ने स्वभाव नभएको हुँदा निरोगीमार्गमा जाने भएको हो।

१०१) **शुभमाणव तोदेय्यपुत्र -**

भो गौतम ! कुन कुन कर्मले मानिस कुरूप दुर्वर्ण हुने हुन्छ ?

➤ यहाँ कोही आइमाई वा पुरुष क्रोधी हुन्छ, रिसाहा हुन्छ, सानातिना कुरामा पनि झनक्क रिसाउने हुन्छ, क्रोध गर्छ, द्रोह गर्छ, रिस बोकिरहन्छ, कोप द्वेष र अप्रसन्नता प्रकट गर्ने हुन्छ, त्यसप्रकारको कर्ममा मन लगाएर त्यस्तो कर्म ग्रहण गरिरहन्छ भने त्यस्तो मानिस मरणपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ । त्यस्तो व्यक्ति यदि नरकमा उत्पन्न नभएर मानिस नै भई जन्म लिएमा त्यो जहाँ जहाँ जन्म हुन्छ, त्यहाँ त्यहाँ कुरूप, दुर्वर्णको हुने हुन्छ । त्यस्तै कारणले कुरूप र दुर्वर्ण हुने मार्गमा पर्न जाने हो।

१०२) **शुभमाणव तोदेय्यपुत्र -**

भो गौतम ! सुरूप, सुवर्ण कुन कुन कर्मले हुन्छ ?



Downloaded from http://dhamma.digital/

➢ यहाँ कोही आइमाई वा पुरुष क्रोधी हुँदैन, रिसाहा हुँदैन, सानातिना कुरामा रिसाउने हुँदैन र त्यस्ता कुरामा मन लगाई त्यस्तो कर्म ग्रहण गरिरहन्छ, त्यस्तो मानिस मरणपछि सुगति स्वर्गलोकमा उत्पन्न नभएर मानिस भई जन्म लिएमा जहाँ जहाँ जन्म हुन्छ, त्यहाँ त्यहाँ क्रोधी नभै त्यस्तो कर्ममा मन लगाएर त्यस्तै कर्म ग्रहण गरी बस्ने हुन्छ र त्यही कारणले सुरूप र सुवर्ण हुने मार्गमा पर्न जान्छ ।

१०३) शुभमाणव तोदेय्यपुत्र -

भो गौतम ! कुन कुन मानिस कुन कुन कर्मले अल्पशक्ति भएर जन्म हुने हो ?

➢ डाहाचित्तको भएर अरूमा हुने लाभ, सत्कार, गौरव, मान वन्दना र पूजामा ईर्ष्या गर्ने, द्वेष गर्ने र मन खिन्न गर्ने भई त्यस्ता कर्ममा मन लगाएर त्यस्तै कर्म ग्रहण गरी बस्छ । त्यस्तो व्यक्ति मरणपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ । केही गरी नरकमा उत्पन्न नभएमा मानिस भई जहाँ जहाँ जन्मन्छ, त्यहाँ त्यहाँ अल्पशक्तिको हुने हुन्छ ।

१०४) शुभमाणव तोदेय्यपुत्र -

भो गौतम ! कुन कुन मानिस कुन कुन कर्मले महाशक्तिवान् भएर जन्मने हुन्छ ?

➢ ईर्ष्यालु चित्त नभएर अरूमा हुने लाभ, सत्कार, गौरव, मान, वन्दना, पूजामा ईर्ष्या नगर्ने, द्वेष नगर्ने र मन खिन्न नगर्ने भई


Downloaded from http://dhamma.digital/

त्यस्ता कर्ममा मन लगाएर त्यस्तै कर्म ग्रहण गरी बस्छ। त्यस्तो व्यक्ति मरणपछि अपाय आदि नरकमा उत्पन्न नरहने हुन्छ। कथं कदाचित् नरकमा उत्पन्न नभएर पनि मानिस भई जन्मेमा जहाँ जहाँ जन्म हुन्छ, त्यहाँ त्यहाँ महाशक्तिवान् हुने हुन्छ।

१०५) शुभमाणव तोदेय्यपुत्र -

भो गौतम ! कुन कुन कर्मले मानिस गरिब हुने हुन्छ ?

➤ दानकर्ममा नलाग्ने मानिस गरिब हुन्छ।

१०६) शुभमाणव तोदेय्यपुत्र -

भो गौतम ! कुन कुन कर्मले मानिस धनी हुने हुन्छ ?

➤ दानकर्ममा लाग्ने मानिस धनी हुन्छ।

१०७) शुभमाणव तोदेय्यपुत्र -

भो गौतम ! कस्तो मानिस उच्च कुलीन हुन्छ ?

➤ घमण्ड नगर्ने, अनभिमानी, अभिवादन गर्नुपर्नेलाई अभिवादन गर्ने, अभ्युत्थान गर्ने, आसन दिनुपर्नेलाई आसन दिने, बाटो सोध्नेलाई बाटो बताइदिने, गौरव-मान-पूजा गर्नुपर्नेलाई गौरव-मान-पूजा गर्दछ भने त्यस्तो मानिस उच्च कुलीन हुन्छ।

१०८) शुभमाणव तोदेय्यपुत्र -

भो गौतम ! कुन कर्मले मानिस बुद्धिहीन मूर्ख हुन्छ ?

➤ जसले कुशल, अकुशल भनेको के हो ? सदोष, निर्दोष सेवनीय, असेवनीय भनेको के हो ? के गरेमा दीर्घकालसम्म अहित र दु:ख अनि हित र सुख हुन्छ भनी श्रमण-ब्राम्हणकहाँ गई सोध्दैन र त्यस्तो कुराप्रति वास्ता नगरी बस्छ, त्यस्तो मानिस बुद्धिहीन मूर्ख हुने हुन्छ।


Downloaded from http://dhamma.digital/

१०९) शुभमाणव तोदेय्यपुत्र -

भो गौतम ! कुन कर्मले मानिस प्रज्ञाज्ञानी हुन्छ ?

➤ जसले कुशल, अकुशल भनेको के हो, सदोष, निर्दोष सेवनीय, असेवनीय भनेको के हो, के गरेमा दीर्घकालसम्म अहित र दुःख अनि हित र सुख हुन्छ भनी श्रमण-ब्राम्हणकहाँ गई सोध्छ र त्यस्तो कुराप्रति वास्ता नगरी बस्छ, त्यस्तो मानिस महाप्रज्ञावान् हुन्छ ।

११०) कसीभारद्वाज -

श्रमण ! मैले धान खेती गरी धान रोपी खाइरहें । तिमीले पनि धान रोपी खेती गरेका छौं ।

➤ मैलेपनि खेती गरेको छु ।

१११) एक देवता -

मारिस ! तपाईले साँचै बाढी आएजस्तो आउने कुरालाई कसरी पार गर्नुभयो ?

➤ मैले त्यसै नबसिकन अनि कोशिस पनि नगरिकन बाढी आएजस्तो आउने कुरालाई पार गरें ।

११२) एक देवता -

मारिस ! चुपलागी पनि नबसेर, फेरि कोशिस पनि नगरी बाढी आएजस्तो आउने कुरा (ओघ) लाई तपाईंले कसरी पार गर्नुभयो त ?

➤ यदि केही गरी केही भएर त्यसै बसिरहेको भए डुब्ने थियो, फेरि यदि कोशिस गरेको भए माथि माथि तैरिरहने होला ।


Downloaded from http://dhamma.digital/

११३) एक देवता -

मारिस ! तपाईंको कुनै झुपडी छैन ?

➢ मसँग कुनै किसिमको झुपडी छैन अर्थात् मेरो अहिले आमा भन्ने छैन ।

११४) एक देवता -

मारिस ! तपाईंको कुनै गुंड छैन ?

➢ मसँग कुनै किसिमको गुंड छैन अर्थात् मेरो अहिले स्वास्नी भन्ने छैन ।

११५) एक देवता -

मारिस ! तपाईंको कुनै सन्तान छैन ?

➢ मेरो सन्तान काही छैन अर्थात् छोराहरू छैनन् ।

११६) एक देवता -

मारिस ! के तपाईं बन्धनबाट छुटकारा पाउनुभएकै हुनुभो त ?

➢ हो, म बन्धनबाट छुटिसकेको अर्थात् ममा कुनैप्रकारको तृष्णा छैन ।

११७) एक देवता -

गौतम ! सबै प्राणीहरू तृष्णारूपी जटामा जकडिराखेको छ भने यसले यस्ता जटालाई फुकाल्न सक्दछ ?

➢ जसले शीलमा प्रतिष्ठित भएर प्रज्ञासहित आफ्नो चित्तलाई भावनाद्वारा वशमा राख्दछ त्यस्तो संयमी र बुद्धिमान् भिक्षुले यस्तो तृष्णारूपी जटालाई फुकालेर पठाउन सक्दछ ।

११८) एक देवता -

गौतम ! क्षीणास्रव, अर्हत् भइसकेर अन्तिम देह धारणा



Downloaded from http://dhamma.digital/

गरिसकेको कुनै भिक्षुले 'मैले भनें' 'मलाई भनिरहेको हो' भनी 'म, मलाई' भनिरहन्छ भने त्यो के अभिमानको कारणले भनेको हो ?

➢ जोसँग मानरहित भई कुनैप्रकारको बन्धन नरहिसक्यो र सम्पूर्ण मानग्रन्थि छुटिसक्यो त्यस्तो पण्डित व्यक्ति तृष्णाबाट माथि उठिसकेको हुन्छ । त्यस्ताले 'मैले भनिरहेको, मलाई भनिरहेको' भनी 'म, मेरो' भनिरहेको भएपनि त्यो बोलीचालीको भाषा र व्यवहारमात्रको लागि प्रयोग गरिएको हो ।

११९) **एक देवता -**

गौतम ! लोकमा प्रकाशमान् हुने प्रद्योत कतिप्रकारका छन् ?

➢ लोकमा ४ प्रकारका प्रकाशमान् प्रद्योत छन् ।

१) दिउँसोको प्रकाश सूर्य

२) रातको प्रकाश चन्द्र

३) दिन-रातको प्रकाश अग्नि

४) सम्बुद्धको आभा ( प्रकाश)

यीमध्ये चौथो प्रकाश अलौकिक छ ।

१२०) **एक देवता -**

गौतम ! कहाँ पुग्दा संसारको धारा अगाडि बढ्दैन ? कहाँ भुमरी घुम्दैन ? कहाँ नाम, रूप दुबै निशेष निरुद्ध भएर जान्छ ?

➢ जहाँ जल, पृथ्वी, अग्नि र वायु प्रतिष्ठित हुँदैन त्यहाँ नै धारा रोकिन्छ । जहाँ भुमरी घुम्दैन त्यहीं नै नाम र रूप दुबै निशेष भई निरुद्ध भएर जान्छ ।



Downloaded from http://dhamma.digital/

१२१) एक देवता -

हे महावीर ! चारपांग्रा ( चार ईर्यापथ अर्थात् खडा हुने, बस्ने, लड्ने र हिँडडुल गर्ने) भएको, नौवटा द्वार (कानका दुई प्वाल,आँखाका दुई प्वाल, नाकका दुई प्वाल, मुख, गुदद्वार, मूत्रद्वार) भएका मलमूत्रादि अनेक दुर्गन्धले भरिएको हिलो मैलो भइरहेको देहको कसरी यात्रा हुन्छ ?

➤ वैरभाव, लोभ, इच्छा र पापमय विचारयुक्त तृष्णाको जरो नै उखेलेर पठाएपछि यसप्रकारको यात्रा हुन्छ ।

१२२) एक देवता -

गौतम ! एणि मृगको जस्तो कम्मर भएको, पातलो, वीर, अल्पहारी, लोभविमुक्त, सिंह र हात्तीझैं एक्लै विचरण गर्ने, निष्पापी, काममा अपेक्षाभाव नरहिसकेको म दुःखबाट कसरी मुक्त हुन्छु ?

➤ लोकमा पञ्चकाम गुण र छैठौं मन रहेको छ भनिएको छ । तिनमा उब्जने इच्छालाई हटाऊ, तब दुःखबाट मुक्त हुन्छौ ।

१२३) एक देवता -

गौतम ! कस्तो पण्डित सदा स्मृतिवान् भइरहन्छ ?

➤ जो कहिल्यै असावधानी रहँदैन त्यस्तो पण्डित सदा स्मृतिवान् भइरन्छ ।

१२४) एक देवता -

गौतम ! के गरेमा परमसुख प्राप्त हुन्छ ?

➤ प्रमादमा नभुल्नाले, कामरहितसंसर्गमा नभुल्नाले, अप्रमादी भई ध्यान गर्नाले परमसुख प्राप्त हुन्छ ।


Downloaded from http://dhamma.digital/

१२५) एक देवता -

गौतम ! कुन कुरा दान दिनाले बल दिएको हुन्छ ?

➢ अन्न दान गर्नाले बल दिएको हुन्छ ।

१२६) एक देवता -

गौतम ! कुन कुरा दान दिनाले वर्ण दिएको हुन्छ ?

➢ वस्त्र दान दिँदा वर्ण दिएको हुन्छ ।

१२७) एक देवता -

गौतम ! कुन कुरा दान दिनाले सुख दिएको हुन्छ ?

➢ वाहन दान दिनाले सुख दिएको हुन्छ ।

१२८) एक देवता -

गौतम ! कुन कुरा दिँदा आँखा दिएको हुन्छ ?

➢ बत्ती दान दिँदा आँखा दिएको हुन्छ ।

१२९) एक देवता -

गौतम ! कुन कुरा जुटाइदिनाले बल,वर्ण सुख र आँखा सबै कुरा दिएको हुनेछ ?

➢ जसले धर्मको उपदेश दिएको हुन्छ ।

१३०) एक देवता -

गौतम ! बटुवालाई कस्तो साथी राम्रो हुन्छ ?

➢ हतियार ।

१३१) एक देवता -

गौतम ! घरमा बस्दा कस्तो साथी असल हुन्छ ?

➢ आमा ।

१३२) एक देवता -

गौतम ! कामकुरा पर्दा कस्तो साथी असल हुन्छ ?


Downloaded from http://dhamma.digital/

➢ काम गरिदिने ।

१३३) एक देवता -

गौतम ! परलोकमा कस्तो साथी असल हुन्छ ?

➢ आफूले गरिराखेको पुण्य ।

१३४) एक देवता -

गौतम ! मानिसको आडभर भनेको के हो ?

➢ सन्तान ।

१३५) एक देवता -

गौतम ! सबैभन्दा उत्तम दान कुन हो ? ?

➢ धर्मदान ।

१३६) एक देवता -

गौतम ! यहाँ सबैभन्दा ठूलो साथी को हो ?

➢ पुरुषको लागि पत्नी ।

१३७) एक देवता -

गौतम ! के ले गर्दा सबै प्राणी बाँचिरहेका छन् ?

➢ वर्षाले ।

१३८) एक देवता -

गौतम ! मानिसलाई कसले बनाइरहेको छ ?

➢ तृष्णाले ।

१३९) एक देवता -

गौतम ! मानिसको कुन कुरा यताउती दौडिरहन्छ ?

➢ चित्त ।


Downloaded from http://dhamma.digital/

१४०) एक देवता -

गौतम ! आवागमनको चक्करमा परिरहने के चिज हो ?

➢ सत्त्व प्राणीहरू ।

१४१) एक देवता -

गौतम ! प्राणीको लागि सबैभन्दा ठूलो भय के हो ?

➢ दु:ख ।

१४२) एक देवता -

गौतम ! रात दिन सिद्धिँदैं जाने भनेको के कुरा हो ?

➢ आयु ।

१४३) एक देवता -

गौतम ! ब्रम्हचर्यमल भनेको के कुरा हो ?

➢ स्त्री ब्रम्हचर्यको मल हो जसमा सबै प्राणी फँसिरहन्छ ।

१४४) एक देवता -

गौतम ! पानीविनाको स्नान भनेको के हो ?

➢ तप र ब्रम्हचर्य ।

१४५) एक देवता -

गौतम ! मानिसको लागि भरोसा दिने दोस्रो साथी को हो ?

➢ श्रद्धा

१४६) एक देवता -

गौतम ! श्रद्धालाई के ले नियन्त्रण गर्दछ ?

➢ प्रज्ञाले ।

१४७) एक देवता -

गौतम ! कुन कुरामा अभिरत हुँदा मानिस सबैप्रकारको


Downloaded from http://dhamma.digital/

दु:खबाट मुक्त भएर जान्छ ?

➢ निर्वाणमा अभिरत हुँदा।

१४८) एक देवता -

गौतम ! गाथाको मूल कारण के हो ?

➢ छन्द।

१४९) एक देवता -

गौतम ! छन्दको व्यन्जन के हो ?

➢ अक्षर।

१५०) एक देवता -

गौतम ! व्यन्जनको आधार के हो ?

➢ नाम।

१५१) एक देवता -

गौतम ! गाथाको आधार वा आश्रय के हो ?

➢ कवि।

१५२) एक देवता -

गौतम ! कुन कुरालाई मानिसले आफूमा राखिछोड्छ ?

➢ नाउँ।

१५३) एक देवता -

गौतम ! त्यस्तो एउटा कुन धर्म हो जुनद्वारा सबैलाई आफ्नो वशमा राखिछोड्छ ?

➢ नाउँरूपी धर्म।

१५४) एक देवता -

गौतम ! लोकलाई के ले कब्जा गरिराखेको छ ?

➢ चित्तले।



Downloaded from http://dhamma.digital/

१५५) एक देवता -

गौतम ! लोकलाई तानिराख्ने को हो ?

➢ चित्त ।

१५६) एक देवता -

गौतम ! कुनले एउटै धर्ममा सबैलाई बशमा राखिछोड्छ ?

➢ चित्तले ।

१५७) एक देवता -

गौतम ! लोकको संयोजन र बन्धन के मा अल्झिरहेको छ ?

➢ स्वाद लिनुमा ।

१५८) एक देवता -

गौतम ! संसारमा संयोजन र बन्धन कुन बेला फुक्का रहन्छ ?

➢ तृष्णाविहीन भएपछि संम्पूर्ण संयोजन र बन्धन विच्छेद भएर जान्छ ।

१५९) एक देवता -

गौतम ! लोकलाई कसले तर्साइराखेको छ ?

➢ मृत्युले ।

१६०) एक देवता -

गौतम ! के ले चारैतिर घेरिराखेको छ ?

➢ जरा (बुढ्याइँ)

१६१) एक देवता -

गौतम ! कस्तो तीरले झोसिराखेको छ ?

➢ तृष्णाको तीरले ।



Downloaded from http://dhamma.digital/

१६२) एक देवता -

गौतम ! के ले संधै धुवाँ निकालिरहेको छ ?

➤ इच्छाले ।

१६३) एक देवता -

गौतम ! के ले लोकलाई छोपिराखेको छ ?

➤ तृष्णाले ।

१६४) एक देवता -

गौतम ! लोक के मा अडिराखेको छ ?

➤ दु:खमा ।

१६५) एक देवता -

गौतम ! लोक के मा टाँसीराखेको छ ?

➤ इच्छामा ।

१६६) एक देवता -

गौतम ! कुन कुरालाई दबाउँदा मानिसले छुट्टी पाउँछ ?

➤ इच्छालाई ।

१६७) एक देवता -

गौतम ! कुन कुरा नहुँदा सबै बन्धन तोडेर जान्छ ?

➤ इच्छा नहुँदा ।

१६८) एक देवता -

गौतम ! कुन कुरा हुँदा लोक हुन्छ ?

➤ चक्षु, श्रोत, घ्राण जिव्हा, काय, मन यी छ वटा कुरा भएमा लोक हुन्छ ।



Downloaded from http://dhamma.digital/

१६९) एक देवता -

गौतम ! कुन कारणले दु:ख भोगिरहेको छ ?

➢ चक्षु, श्रोत, घ्राण जिव्हा, काय, मन यी छ वटा कुराको कारणले दु:ख भोगिरहेको छ ।

१७०) एक देवता -

गौतम ! केलाई नाश गरेमा सुखपूर्वक निदाउन पाउँछ ?

➢ क्रोधलाई नाश गर्दा ।

१७१) एक देवता -

गौतम ! कुन कुरा देखेर रथ आयो भनेर थाहा पाउने ?

➢ झण्डा (ध्वज) देखेर ।

१७२) एक देवता -

गौतम ! कुनै ठाउँमा आगो लाग्यो भनेर कुन कुराले थाहा पाउने ?

➢ धुँवा उडेको देखेर ।

१७३) एक देवता -

गौतम ! राष्ट्रको चिन्ह भनेको के हो ?

➢ राजा वा राष्ट्रपति ।

१७४) एक देवता -

गौतम ! स्त्री कसको नाउँले परिचित हुन्छ ?

➢ लोग्नेको नाउँले ।

१७५) ए क देवता -

गौतम ! संसारमा मानिसको ठूलो धन के हो ?

➢ श्रद्धा ।



Downloaded from http://dhamma.digital/

१७६) एक देवता -

गौतम ! कुन कुरा कमाउनाले सुख हुन्छ ?

➢ धर्म ।

१७७) एक देवता -

गौतम ! रसमध्ये सबैभन्दा उत्तम के हो ?

➢ सत्य ।

१७८) एक देवता -

गौतम ! उम्रनेमध्ये सबैभन्दा असल के हो ?

➢ विद्या ।

१७९) एक देवता -

गौतम ! पतन हुनेमध्ये सबभन्दा मुख्य के हो ?

➢ अविद्या ।

१८०) एक देवता -

गौतम ! घुमिहिँड्नेमध्ये सबभन्दा असल को हो ?

➢ भिक्षुसंघ ।

१८१) एक देवता -

गौतम ! वक्तामध्ये सबभन्दा उत्तम को हो ?

➢ बुद्ध ।

१८२) एक देवता -

गौतम ! कहाँ रहँदाखेरि परलोकदेखि डराउनुपर्दैन ?

➢ १) वचन र मनलाई असल मार्गमा लगाएर ।

२) शरीरबाट पापाचरण नगरेर ।

३) अन्नपानले भरिएको घरमा बसेर ।



Downloaded from http://dhamma.digital/

४) श्रद्धालु, मृदु, बाँडिचुँडी भोग गर्ने, मिलिजुली बस्ने यी चार प्रकारको धर्ममा रहनाले परलोकदेखि डराउनुपर्ने हुँदैन ।

१८३) एक देवता -

गौतम ! कुन कुरा पुरानो हुन्छ र कुन कुरा पुरानो हुँदैन ?

➢ मानिसको रूप पुरानो हुन्छ र त्यसको नाम र गोत्र पुरानो हुँदैन ।

१८४) एक देवता -

गौतम ! केलाई खराब मार्गमा लैजाने भनी भनिन्छ ?

➢ रागलाई ।

१८५) एक देवता -

गौतम ! धर्मकार्यमा बाधा के हो ?

➢ लोभ ।

१८६) एक देवता -

गौतम ! के मा चित्त स्थिर रहँदैन ?

➢ आलस्य र प्रमादमा ।

१८७) एक देवता -

गौतम ! संसारमा ऐश्वर्य भनेको के हो ?

➢ संसारमा वश अथवा अधिकार नै ऐश्वर्य हो ।

१८८) एक देवता -

गौतम ! सबभन्दा असल र मनपर्नेमध्ये कुन कुरा हो ?

➢ स्त्रीको लागि पुरुष र पुरुषको लागि स्त्री सबभन्दा असल र मनपर्ने कुरा हो ।



Downloaded from http://dhamma.digital/

१८९) एक देवता -

गौतम ! लोकमा शास्त्रको मल के हो ?

➤ क्रोध ।

१९०) एक देवता -

गौतम ! अरूले लग्ला भनेर कुन कुरा छेकिराख्छ ?

➤ बस्तु ।

१९१) एक देवता -

गौतम ! कुनै बस्तु कुरा लैजानेमध्ये मनपर्ने व्यक्ति को हो ?

➤ भिक्षु ।

१९२) एक देवता -

गौतम ! बराबर आइरहनेमध्ये पण्डितहरूले कसलाई अभिनन्द गर्छन् ?

➤ भिक्षुलाई ।

१९३) एक देवता -

गौतम ! काम सफल गर्नेले के दिनुहुँदैन ?

➤ काम सफल गर्नेले आफूलाई दिनुहुन्न ।

१९४) एक देवता -

गौतम ! मानिसले कुन कुरालाई छाड्नुहुन्न ?

➤ मानिसले आफूलाई छोड्नुहुन्न ।

१९५) एक देवता -

गौतम ! मानिसले कुन कुरा प्रकट गर्ने ?

➤ राम्रो वचन प्रकट गर्ने ।



Downloaded from http://dhamma.digital/

१९६) एक देवता -

गौतम ! कुन कुरा नगर्नु कल्याण हो ?

➢ नराम्रो कुरा नगर्नु कल्याण हो।

१९७) एक देवता -

गौतम ! परलोकको लागि बाटोखर्च कसले बनाइदिन्छ ?

➢ श्रद्धाले।

१९८) एक देवता -

गौतम ! भोगको बास कहाँ रहन्छ ?

➢ ऐश्वर्यमा।

१९९) एक देवता -

गौतम ! मानिसलाई के ले घिसारेर लैजान्छ ?

➢ इच्छाले।

२००) एक देवता -

गौतम ! संसारमा सबभन्दा छोड्न गाह्रो के कुरा हो ?

➢ इच्छा।

२०१) एक देवता -

गौतम ! लोकमा प्रद्योत भनेको के हो ?

➢ प्रज्ञा नै लोकमा प्रद्योत हो।

२०२) एक देवता -

गौतम ! आमाले छोरालाई रक्षा गरेझैं कृषि र उद्योगीलाई के ले रक्षा गर्छ ?

➢ वृष्टिले।


Downloaded from http://dhamma.digital/

२०३) एक देवता -

गौतम ! लोकमा क्लेश नहुने को हो ?

➤ श्रमण गौतम ।

२०४) एक देवता -

गौतम ! कसको ब्रम्हचर्यवास नाश हुँदैन ?

➤ श्रमणहरूको ब्रम्हचर्यवास नाश हुँदैन ।

२०५) एक देवता -

गौतम ! कसले इच्छालाई राम्ररी बुझ्छ ?

➤ श्रमणले इच्छालाई राम्ररी बुझ्छ ।

२०६) एक देवता -

गौतम ! को कसैको दास बन्दैन ?

➤ श्रमण कसैको दास बन्दैन ।

२०७) एक देवता -

गौतम ! कस्तो आदरणीयलाई आमा,बाबु र दाजुले पनि वन्दना गर्छ ?

➤ शीलपालन गरिराखेका श्रमणलाई आमा, बाबु र दाजुले पनि वन्दना गर्दछ ।

२०८) माघ देवपुत्र -

गौतम ! कुन कुरालाई नाश गरेमा सुखपूर्वक निदाउन पाइन्छ ?

➤ क्रोधलाई छेदन गर्दा सुखपूर्वक निद्रा लाग्छ ।

२०९) नन्दन देवपुत्र -

गौतम ! कस्तोलाई शीलवान्, प्रज्ञावान् र दु:खबाट पार भएको भनिन्छ ?



Downloaded from http://dhamma.digital/

➤ शील, प्रज्ञा, भावितात्मा, समाहित, ध्यानरत, स्मृतिमान् तथा सबैप्रकारको शोकलाई छोडेर क्षीणास्रवी र अन्तिम देहधारी भइरहेको मानिसलाई शीलवान्, प्रज्ञावान् र दु:खबाटपार भएको भनिन्छ ।

२१०) चन्दन देवपुत्र -

गौतम ! रातदिन अप्रमादी भई को ओघबाट तर्छ ?

➤ सदा शीलसम्पन्न, सुसमाहित भएर प्रज्ञावान् भएका तथा वीर्य बढाउने मानिस दुस्तर ओघबाट उत्तीर्ण हुन्छ ।

२११) चन्दन देवपुत्र -

गौतम ! अप्रतिष्ठित तथा आलम्बन नभएको गम्भीर संसारमा को डुब्दैन ?

➤ कामसंज्ञाबाट विरक्त, रूप संयोजनलाई पार गरेको तथा नन्दीरागलाई छोडिसकेको मानिस गम्भीर संसारमा डुब्ने हुँदैन ।

२१२) ककुध देवपुत्र -

भिक्षु ! तपाईंसँग दु:ख छैन भने सुखपनि छैन । एक्लै बसिरहनु भएका तपाईंलाई किन नरमाइलो पनि नलागेको ?

➤ मलाई दु:ख पनि लागेको छैन, सुख पनि लागेको छैन, त्यसैले एक्लै बसिरहेको मलाई नरमाइलो नलागेको हो ।

२१३) ककुध देवपुत्र -

भिक्षु ! तपाईंलाई कसरी दु:ख नभएको र कसरी सुख पनि नभएको हो ? एक्लै बसिरहने तपाईंलाई कसरी नरमाइलो पनि नलागेको ?



Downloaded from http://dhamma.digital/

➤ दु:खी भएका लाई सुख हुन्छ र सुखी भएका लाई दु:ख हुन्छ। म भिक्षुलाई दु:ख पनि छैन, सुख पनि छैन भनी बुझ।

२१४) **कोशलराजा प्रसेनजित -**

भन्ते ! कसलाई दान दिनुपर्छ ?

➤ जसको प्रतिचित्त प्रसन्न हुन्छ त्यस्तोलाई दान दिनुपर्छ।

२१५) **कोशलराजा प्रसेनजित -**

भन्ते ! कस्तोलाई दान दिँदा महत्फल प्राप्त हुन्छ ?

➤ दुश्शीललाई दानदिनुभन्दा शलिवान्लाई दान दिनु महत्फलको हुन्छ।

२१६) **एक भिक्षु -**

भन्ते ! पद्म भनेको नरकमा कति लामो आयु हुन्छ ?

➤ पद्मनरकमा धेरै धेरै लामो आयु हुन्छ। त्यसलाई यति वर्ष, यति शय वर्ष, यति हजार वर्ष अथवा यति लाख भनी संख्या निश्चित गर्न सजिलो छैन।

२१७) **सुन्दरिक भाइद्वाज ब्राम्हण -**

हाइँ ! तपाईं कुन जातको हुनुहुन्छ ?

➤ जातको कुरा नसोध्नू, कर्माचरणको कुरा सोध। जुनसुकै काठबाट पनि आगो निस्कन्छ।

२१८) **मातृपोषक ब्राम्हण -**

गौतम ! मैले धर्मतापूर्वक भिक्षाको खोजी गरी त्यही धर्मतापूर्वक खोजी गरी प्राप्त भएको भिक्षाले आमाबाबुलाई पालन पोषण गरें। यसो गर्दा के मैले आमाबाबुहरूप्रति कर्तव्य पालन गरेको ठहरिन्छ ?



Downloaded from http://dhamma.digital/

➢ प्रशंनीय छ ब्राम्हण, त्यसो गर्दा कर्तव्य पालन गरेको ठहर्छ किनभने जसले धर्मतापूर्वक भिक्षाको खोजी गर्छ, जसले धर्मतापूर्वक भिक्षाको खोजी गरी आमाबाबुको भरण पोषण गर्दछ, त्यसले धेरै धेरै पुण्य कमाउँछ ।

२१९) **भिक्षुक ब्राम्हण** -

गौतम ! म पनि भिक्षुक र तपाईं पनि भिक्षुक रहेका छौं भने यहाँ हामी दुईबीच के फरक छ ?

➢ भिक्षाचरण गर्दैमा भिक्षु होइन्न । अकुशल धर्म ग्रहण गरिरहुन्जेल भिक्षु हुन सकिँदैन । जसले पुण्य र पापलाई त्याग गरी ब्रम्हचर्य पालन गरेर ज्ञानी बनेर लोकमा विचरण गर्दछ, त्यस्तोलाई मात्र भिक्षु भन्दछ । यही फरक कुरा हो ।

२२०) **सचिलोम यक्ष** -

श्रमण ! राग र द्वेष कहाँबाट उत्पन्न भयो ?

➢ यहींबाट अर्थात् शरीरबाट नै राग र द्वेष उत्पन्न हुन्छ ।

२२१) **सचिलोम यक्ष** -

श्रमण ! अरति, रति, लोमहर्षण कहाँबाट उत्पन्न भएर आयो ?

➢ अरति, रति, लोमहर्षण यहींबाट अर्थात् शरीरबाट नै उत्पन्न हुने हुन्छ ।

२२२) **सचिलोम यक्ष** -

श्रमण ! बच्चाहरूले कागलाई उडाएझैं यस मनको वितर्कना कहाँबाट उत्पन्न भएर आएको हो ?

➢ यही शरीरबाट मनका वितर्कनाहरू बच्चाहरूले कागलाई उडाए झैं उत्पन्न भएर आउने हो ।


Downloaded from http://dhamma.digital/

२२३) **शक्र देवेन्द्र -**

भन्ते ! कस्तो भूमि रमणीाय हुन्छ ?

➤ गाउँमा, जंगलमा, चौरमा र पहाड आदि ठाउँमा अर्हन्तहरू विहार गरिरहेको भूमि नै सांच्चैको रमणीय हो ।

२२४) **शक्र देवेन्द्र -**

भन्ते ! यज्ञ गर्ने मानिसको लागि, पुण्यको आशा गर्ने प्राणीको लागि अनि अर्को जन्ममा पुण्यफल प्राप्त हुन चाहनेको लागि कहाँ दान दिँदा महत्फलदायी हुन्छ ?

➤ सङ्घमा दान दिनु नै महत्फलदायी हुन्छ ।

२२५) **उण्णभो ब्राम्हण -**

गौतम ! चक्षु, श्रोत, घ्राण, जिव्हा, काय यी पाँच इन्द्रियहरू आफआफ्नो भिन्न भिन्न विषय हुन् । एकले अर्को विषयको अनुभव गर्दैन ?

➤ गर्दैन ।

२२६) **उण्णभो ब्राम्हण -**

यी ५ इन्द्रियको प्रतिशत के हुन् ? कसले विषयको अनुभव गर्ने हो ?

➤ यी ५ इन्द्रियको प्रतिशत मन हो । मनले नै विषयको अनुभव गर्दछ ।

२२७) **उण्णभो ब्राम्हण -**

गौतम ! मनको प्रतिशत के हो ?

➤ स्मृति हो ।

२२८) **उण्णभो ब्राम्हण -**

गौतम ! मनको स्मृतिको प्रतिशत के हो ?

➤ विमुक्ति ।


Downloaded from http://dhamma.digital/

२२९) उण्णभो ब्राम्हण -

गौतम ! स्मृतिको विमुक्तिप्रतिशत के हो ?

➤ निर्वाण हो ।

२३०) भिक्षुहरू -

भगवान् ! कैयौं वर्षसम्म चोरघातक काम गेरको व्यक्ति थोरै पुण्य गरेर कसरी देवलोक प्राप्त हुने हुन्छ ?

➤ अर्थयुक्त भएको एउटै वचन पनि अति उत्तम हुन्छ । तथागतको यस्तो उत्तम वचन सुनी व्यवहार गर्दा देवलोक प्राप्त हुने हुन्छ ।

२३१) ब्राम्हण -

भगवन् ! अनर्थ हुने कारण के होला ?

➤ अबेलासम्म सुतिरहने, अल्छि भएर बस्ने, चण्डस्वभाव भएको हुने, थुप्रै धन संग्रह गरेर पनि अरूलाई नदिने, बाटोमा एक्लै हिँडने र व्यभिचार गर्ने गर्दा अनर्थ अथवा नराम्रो हुन्छ ।

२३२) अनाथपिण्डिक महाजन -

भगवन् ! अहिले मैले गरिब भई केवल कनिका पकाएको पातलो झोलमात्रै दान गर्न सकेको छु के गर्ने ?

➤ रूखो दान दिँदैछु भनी चिन्ता गर्नुपर्दैन । चित्तमात्र शुद्ध गरी राख्न सकेको खण्डमा रूखो, नमिठो दान दिए पनि केही फरक पर्दैन ।

२३३) मार -

भगवन् ! छोरा भएका ले छोराद्वारा आनन्दित हुन्छ, गाई भएका ले गाईबाट आनन्दित हुन्छ । त्यस्तै विषयभोग नै मानिसको आनन्दको कारण हो । जो विषयभोगबाट रहित छ त्यो कहिल्यै आनन्दित हुँदैन । कसो ?

Downloaded from http://dhamma.digital/

➤ होइन । छोरा भएकाहरू छोराहरूबाटै शोक गर्दछन् र गाई-भएकाहरू गाईबाटै शोक गर्दछन्। त्यस्तै विषयभोग नै मानिसको शोकको कारण हो। जो विषय भोगबाट रहित हुन्छ, ऊ कहिल्यै शोक गर्दैन ।

२३४) **चन्दकर्मारपुत्र -**

गौतम ! संसारमा कतिप्रकारका श्रमण छन् ?

➤ मार्गजिन, मार्गदिशक, मार्गजीव र मार्गदूषी गरी चारप्रकारका श्रमण छन् ।

२३५) **चन्दकर्मारपुत्र -**

गौतम ! मार्गजीव कस्तोलाई भनिन्छ ?

➤ जो सन्देहबाट रहित, सांसारिक काँडाबाट मुक्त, निर्वाणमा लीन, आसक्तिरहित, देवतासहित लोकको जो नेता छ, त्यस्तोलाई मार्गजिन भनिन्छ ।

२३६) **चन्दकर्मारपुत्र -**

गौतम ! मार्गदिशक कसरी होइन्छ ?

➤ जो परमार्थलाई यहाँ जानेर यहीं धर्मलाई बताउँछ र त्यसको व्याख्या गर्दछ, त्यो सन्देहरहित तृष्णामुक्त मुनि द्वितीय भिक्षु मार्गदिशी कहिन्छ ।

२३७) **चन्दकर्मारपुत्र -**

गौतम ! मार्गजीवी कसलाई भनिन्छ ?

➤ जो सुदेशित धर्मपदअनुसार संयमित र स्मृतिमान् भई मार्गमा जीउँछ र निर्दोषधर्म पालन गर्ने तृतीय भिक्षु मार्गजीव कहिन्छ।

२३८) **चन्दकर्मारपुत्र -**

गौतम ! को मार्गदूषी हो ?



Downloaded from http://dhamma.digital/

➤ जो असल व्रतधारीको भेष लिएर पाखण्डी कुलदूषक, ढोंगी, मायावी, असंयमी र बकवादी भई भिक्षुको भेषमा विचरण गर्छ त्यो मार्गदूषी हो ।

२३९) एक देवता -

गौतम ! अवनति हुनाको दोस्रो कारण के हो ?

➤ जसलाई दुर्जन प्यारो हुन्छ, सज्जनहरूलाई प्रेम गर्दैन, असत्पुरुषको धर्मलाई मनपराउँछ भने त्यो नै अवनतिको कारण हुन्छ ।

२४०) एक देवता -

गौतम ! अवनति हुनाको तेस्रो कारण के हुन सक्छ ?

➤ जो निद्रालु हुन्छ, भीडभाडमा मस्त भएर रहन्छ, परिश्रम गर्दैन, अल्छी र क्रोधी छ भने त्यस्तोको अवनति हुन्छ ।

२४१) एक देवता -

गौतम ! अवनति हुनाको चौथो कारण के हुन सक्छ ?

➤ जसले समर्थ भएर पनि आफ्ना बूढाबूढी आमा बाबुको पोषण गर्दैन उसले अवनति भोग्छ ।

२४२) एक देवता -

गौतम ! अवनति हुनाको पाँचौ कारण के हुन सक्छ ?

➤ जो ब्राम्हण, श्रमण अथवा कोही याचकलाई झूठो बोलेर धोखा दिन्छ त्यो उसको अवनतिको कारण हुन्छ ।

२४३) एक देवता -

गौतम ! अवनति हुनाको छैठौं कारण के हुन सक्छ ?

➤ धेरै धनवान् पुरुष जो सुन र भोजनबाट सम्पन्न छ तापनि ऊ एक्लै स्वादिष्ट भोजन गर्दछ भने त्यो त्यसको अवनतिको कारण हुन्छ ।



Downloaded from http://dhamma.digital/

२४४) एक देवता -

गौतम ! अवनति हुनाको सातौं कारण के हुन सक्छ ?

➢ जो मान्छे धन र गोत्रको घमण्ड गदर्छ, आमा दाजुभाइ बन्धुहरूको पनि जातिको कारण अनादर गर्दछ भने त्यो उसको अवनतिको कारण हुन्छ ।

२४५) एक देवता -

गौतम ! अवनति हुनाको आठौं कारण के हुन सक्छ ?

➢ जो आइमाईको पिछलग्गू हुन्छ, जँड्याहा र जुवाडे हुन्छ, उसले कमाएको धन नाश गर्दछ र त्यही उसको अवनतिको कारण हुन्छ ।

२४६) एक देवता -

गौतम ! अवनति हुनाको नवौं कारण के हुन सक्छ ?

➢ जो आफ्नी स्वास्नीबाट असन्तुष्ट रहन्छ, वेश्याहरू र अर्काका स्वास्नीहरूसँग लागेको हुन्छ, त्यो त्यस्ताको अवनतिको कारण हो ।

२४७) एक देवता -

गौतम ! अवनति हुनाको दशौं कारण के हुन सक्छ ?

➢ बूढो मानिसले जव तरुणी स्त्री ल्याउँछ, तब उसको ईर्ष्याको कारण ऊ निदाउन सक्दैन । त्यही उसको अवनतिको कारण हो ।

२४८) एक देवता -

गौतम ! अवनति हुनाको एघारौं कारण के हुन सक्छ ?

➢ जब कोही लालची अथवा सम्पत्ति नाश गर्ने स्त्री वा पुरुषलाई सम्पत्तिको मालिक बनाइदियो भने त्यो अवनतिको कारण हुनजान्छ ।


Downloaded from http://dhamma.digital/

२४९) अग्निक भारद्वाज -

गौतम ! कस्तो मान्छे नीच हुन्छ ? बताइदिनुस् कि मैले थाहापाउन सकूं।

➤ १) जो मानिस क्रोधी, वैरभावले बाँधेको, धेरै ईष्यालु, मिथ्यादृष्टिक र मायावी छ, त्यो नीच हो।

२) जो योनिज, अण्डज र कुनै प्राणीको हिँसा गर्दछ जसमा कुनै प्राणीप्रति करुणा छैन त्यस्तो व्यक्ति नीच हुन्छ।

३) जो गाँउ र प्रदेशलाई नाश गर्छ र घेर्छ, जो अत्याचारीको रूपमा प्रसिद्ध छ, त्यस्तालाई नीच भनिन्छ।

४) जसले गाउँमा होस् या जंगलमा होस् अर्काको सम्पत्ति चोरेर लिन्छ त्यस्ता व्यक्ति नीच हो।

५) जो ऋण लिएर ऋणफिर्ता माग्न आउनेलाई तेरो ऋण लिएको छैन भनी भाग्छ, त्यो नीच हो।

६) जो कुनै कुराको इच्छाले बाटोमा हिँडिरहेका मानिसलाई मारेर केही लिन्छ, त्यो नीच हो।

७) जो मानिस आफ्नो अथवा अरूको धनको लागि झूठो साक्षी बक्छ, त्यो नीच हो।

८) जो जबरजस्ती वा प्यार गरेर भाइबन्धु वा सासूलाई मार्छ वा कडा वचनले रीस गर्छ त्यस्तोलाई नीच भन्दछ।

९) जो समर्थ भएर पनि आफ्ना वृद्ध आमाबाबुको भरणपोषण गर्दैन, त्यो नीच हो।

१०) जो आमाबाबु, दाजुभाइ, दिदीबहिनी वा सासूलाई मार्छ वा कडावचनले रीस गर्छ त्यस्तोलाई नीच भन्दछ।


Downloaded from http://dhamma.digital/

११) जो असल कुरा सोद्धा खराब बाटो देखाइदिन्छ र कुरालाई घुमाई फिराई बोल्छ, त्यो नीच हो ।

१२) जो पाप कर्म गरेर कसैले थाहा नपाओस् भनी चाहन्छ र गुप्त पाप गर्छ त्यस्तो व्यक्ति नीच हुन्छ ।

१३) जो अरूको घरमा गएर भोजन गर्छ र त्यस्ता व्यक्ति आफूकहाँ आउँदा आदर-सत्कार गर्दैन त्यस्तो व्यक्ति नीच हुन्छ ।

१४) जो ब्राम्हण, श्रमण वा अरू कोही पनि भिखारीलाई झुठो बोलेर धोखा दिन्छ, त्यस्तो व्यक्ति नीच हुन्छ ।

१५) जो खाने बेलामा आएका ब्राम्हण वा श्रमणदेखि रिसले बोल्छ त्यस्तोलाई नीच भनिन्छ ।

१६) जो मोहद्वारा मोहित भएर कुनै बस्तुलाई चाहेर झुठो बोल्छ, त्यो नीच हो ।

१७) जो आफ्नो तारिफ गर्छ र अरूको निन्दा गर्छ त्यस्तो व्यक्ति आफ्नो अभिमानबाट खस्छ, त्यो नीच हुन्छ ।

१८) जो रिसाहा कंजुस, खराब इच्छा भएको, कृपण, दुष्ट, निर्लज्ज र वेसंकोची छ त्यस्तो व्यक्ति नीच हुन्छ ।

१९) जो बुद्ध र उनका प्रव्रजित अथवा गृहस्थ शिष्यलाई गाली गर्छ, त्यो नीच हुन्छ ।

२०) जो अर्हत् नभैकन पनि आफूलाई अर्हत् भनिहिँड्छ त्यो ब्रम्हसहित सारा लोकमा चोर हो र त्यो अधम नीच हो ।

२१) कोही पनि जातिले नीच हुँदैन र जातिले ब्राम्हण पनि हुँदैन । कर्मले नै कोही नीच हुन्छ र कर्मले नै ब्राम्हण हुन्छ ।


Downloaded from http://dhamma.digital/

२५०) हेमवत यक्ष -

शास्ता ! लोक केबाट उत्पन्न हुन्छ ? त्यो कुन कुरासँग मेल खान्छ ? लोकको उपादान के हो ? लोक कसद्वारा पीडित हुन्छ ?

➢ छवटा कारणले लोक उत्पन्न हुन्छ । छ कुरासँग यो मेल खान्छ । छवटा नै यसका उपादान हुन् । छवटै कुराबाट लोक पीडित हुन्छ ।

२५१) हेमवत यक्ष -

शास्ता ! त्यो कुनचाहिँ उपादान हो जहाँ लोक पीडित हुन्छ ? त्यसबाट छुटकारा के हो ? दु:खबाट मुक्ति कसरी हुन्छ ?

➢ लोकको ५ कामभोग र छैठौं मन जो भनिन्छ तिनमा आसक्ति (राग) छोडेर मुक्ति हुन सक्छ ।

२५२) हेमवत यक्ष -

शास्ता ! यहाँ लोकरूपी बाढीलाई कसले पार गर्दछ ? कसले भवसागरलाई पार गर्दछ ? बिनासहारा र कसैलाई अवलम्बन नगरी गहिरो समुद्रमा को डुब्दैन ?

➢ सदा शीलयुक्त, स्मृतिमान्ले गहिरो बाढीलाई पार गरेर जान्छ ।

२५३) आलवक यक्ष -

श्रमण ! मानिस कसरी सांसारिक बाढीबाट पार भएर जान्छ ? कसरी भवसागर पार गर्छ ? कसरी दु:ख समाप्त गरिदिन्छ ? कसरी परिशुद्ध हुन्छ ?

➢ मानिस श्रद्धाले सांसारिक बाढी पार गर्दछ । अप्रमादद्वारा भवसागर पार गर्दछ । पराक्रमले दु:खलाई समाप्त गरिदिन्छ र प्रज्ञाद्वारा परिशुद्ध हुन्छ ।


Downloaded from http://dhamma.digital/

२५४) आलवक यक्ष -

श्रमण ! मानिसहरू कसरी प्रज्ञा प्राप्त गर्दछ ? कसरी धन प्राप्त गर्दछ ? कसरी यज्ञ प्राप्त गर्छ ? कसरी मित्रहरूलाई मिलाइराख्दछ ? कसरी यस लोकबाट परलोकमा जाँदा मरेर शोक गर्दैन ?

➢ निर्वाण प्राप्तिका लागि अर्हत्‌हरूको धर्ममा श्रद्धापूर्वक धर्म सुनेर प्रज्ञा प्राप्त गर्दछ। उचित कार्य गर्ने, धैर्यवान् र परिश्रमी व्यक्ति धन पाउँछ । सत्यद्वारा यश प्राप्त गर्दछ र दाता मित्रहरूलाई मिलाएर राख्दछ । जुन श्रद्धालु गृहस्थमा सत्य, धर्म, धैर्य र त्यागजस्ता ४ कुराहरू रहन्छन् त्यस्तो व्यक्ति यस लोकबाट परलोकमा गएर मरेर शोक गर्दैन ।

२५५) एक देवता -

गौतम ! कल्याणको आकांक्षा राखेर धेरैजसो देवता र मानिसले मंगलको विषयमा विचार गरेका छन् । सांचै उत्तम-मंगल भनेको के हो ?

➢ १) मूर्खहरूको संगत नगर्नु, बुद्धिमान्‌हरूको संगत गर्नु र पूज्यहरूको पूजा गर्नु उत्तम मंगल हो ।

२) अनुकूल ठाउँमा निवास गर्नु, पूर्वजन्मको संचित पुण्य हुनु र आफूलाई सत्मार्गमा लगाउनु उत्तम मंगल हो ।

३) बहुश्रुत हुनु, शिल्प सिक्नु, शिष्ट हुनु, सुशिक्षित हुनु र सुभाषण गर्नु उत्तम मंगल हो ।

४) आमाबाबुको सेवा गर्नु, छोरा र स्त्रीको पालन-पोषण गर्नु र गडबडी काम नगर्नु उत्तम मंगल हो ।


Downloaded from http://dhamma.digital/

५) दान दिनु, धर्माचरण गर्नु, बन्धुबान्धवहरूको आदर सत्कार गर्नु र निर्दोष कार्य गर्नु उत्तम मंगल हो ।

६) मन, शरीर वचनद्वारा पापलाई छोड्नु, मद्यपान नगर्नु र धार्मिक कार्यमा तत्पर रहनु, कृतज्ञ हुनु र उचित्त समयमा धर्मश्रवण गर्नु उत्तम मंगल हो ।

७) गौरव गर्नु, नम्र हुनु, सन्तुष्ट रहनु, कृतज्ञ हुनु र उचित्त समयमा धर्मश्रवण गर्नु उत्तम मंगल हो ।

८) क्षमाशील हुनु, आज्ञाकारी हुनु, श्रमणहरूको दर्शन गर्नु र उचित समयमा धार्मिक चर्चा गर्नु उत्तम मंगल हो ।

९) तप, ब्रम्हचर्यपालन आर्यसत्यको दर्शन र निर्वाणसाक्षात्कार गर्नु उत्तम मंगल हो ।

१०) जसको चित्त लोकधर्मबाट विचलित हुँदैन त्यस्तो व्यक्ति नि:शोक, निर्मल र निर्भय रहन्छ, यही पनि उत्तम मंगल हो ।

२५६) निर्मित बुद्ध -

महाप्रज्ञ ! कामभोगलाई त्यागेर घरबाट निस्की कसरी भिक्षुले सम्यक्प्रकारले लोकमा विचरण गर्ला ?

➤ १) जसको उल्कापात आदि मांगलिक कर्महरू उत्पातहरू, सपनाका कुरा र सामुद्रिक विद्या आदि लक्षणका कुरामा विश्वास हटिसकेको छ, जो शकुन-अपशकुनजस्ता मंगल दोषबाट मुक्त छ, त्यसैले लोकमा राम्ररी विचरण गर्नेछ ।

२) जो भिक्षु मनुष्यलोकका इच्छाहरू तथा स्वर्गीय इच्छाहरूप्रति रागत्याग धर्मलाई राम्ररी जानेर भवपार गर्दछ त्यसैले यस लोकमा राम्ररी विचरण गर्नेछ ।



Downloaded from http://dhamma.digital/

३) जो भिक्षु चुगुली तथा क्रोधलाई त्यागेर, कंजूसीपन छोडेर, कृपा र विरोध गर्नुबाट रहित हुन्छ त्यसले नै यस लोकमा राम्ररी विचरण गर्नेछ ।

४) जो भिक्षु प्रिय-अप्रियलाई त्यागेर कुनैमा अनुराग वा तृष्णा नराखी बन्धनबाट मुक्त छ, त्यसैले यस लोकमा राम्ररी विचरण गर्नेछ ।

५) जो भिक्षु सांसारिक आसक्तिहरूमा सार देख्दैन, परिग्रह-प्रति छन्दराग त्यागदछ र तृष्णारहित भई अरूको अनुराग गर्दैन त्यसैले यस लोकमा राम्ररी विचरण गर्दछ ।

६) जो भिक्षु मन, वचन तथा कर्मद्वारा विरोध नगरी राम्ररी धर्मलाई जानेर निर्वाणपदको प्राप्तिका लागि कामना गर्दछ त्यसैले यस लोकमा राम्ररी विचरण गर्नेछ ।

७) अरूले मलाई वन्दना गर्दछ भनी सोची जो भिक्षु गर्व गर्दैन, आक्रोश गर्दा पनि वैमनस्य राख्दैन, अरूको भोजन पाएर प्रमत्त हुँदैन उसैले यस लोकमा राम्ररी विचरण गर्नेछ ।

८) जो भिक्षु लोभ र तृष्णालाई त्यागी वध-बन्धनबाट रहित भएर संशयद्वारा टाढा रहेको भएर निष्काम रहन्छ त्यसैले यस लोकमा राम्ररी विचरण गर्नेछ ।

९) जो भिक्षु आफ्नो अनरूपतालाई जानेर संसारमा कसैको हिंसा नगरी यथार्थरूपबाट धर्मलाई जानिलिने हुन्छ, त्यसैले यस लोकमा राम्ररी विचरण गर्नेछ ।

१०) जुन भिक्षुमा कुनैप्रकारको आसक्ति छैन, पापको जरो


Downloaded from http://dhamma.digital/

अर्थात् अकुशलमूल नष्ट भैसकेको छ र तृष्णा तथा आसक्तिरहित छ, त्यसैले यस लोकमा राम्ररी विचरण गर्नेछ ।

११) जो भिक्षु आस्रवक्षीण, अभिमानरहित, सम्पूर्ण रागपथलाई पार गरिसकेर दान्त, उपशान्त र स्थितात्मा रहेको छ, त्यसैले यस लोकमा राम्ररी विचरण गर्नेछ ।

१२) जो भिक्षु श्रद्धालु, श्रुतिमान्, निर्वाणपथदर्शी, दलबन्दीहरूमा कसैको पक्ष नलिने भएको र धीर भई लोभ, द्वेष र प्रतिहिंसाको भावना त्यागिदिएको छ, त्यसैले यस लोकमा राम्ररी विचरण गर्नेछ ।

१३) जो भिक्षु सुविशुद्ध, आत्मजयी, अविद्यारूपी ढकनीबाट मुक्त, धर्ममा वशी प्राप्त, पारंगत, तृष्णारहित यस लोकमा राम्ररी विचरण गर्नेछ ।

१४) जो भिक्षु भूत र भविष्यका कुराहरूबाट टाढा छ, अत्यन्त विशुद्ध प्रज्ञावान् छ, बाह्रैवटा आयतनबाट मुक्त छ, त्यसैले यस लोकमा राम्ररी विचरण गर्नेछ ।

१५) जो भिक्षु चार आर्यसत्यका चार पदलाई जानेर चार आर्यसत्यधर्मलाई बुझेर चार आस्रवको त्यागबाट निर्वाणलाई राम्ररी देखेर सबै आसक्तिहरूलाई नष्ट गरिदिन्छ, त्यसैले यस लोकमा राम्ररी विचरण गर्नेछ ।

**२५७) समिय परिव्राजक -**

श्रमण ! कुन कुरा प्राप्त गरेको लाई भिक्षु भन्दछ ?

➢ जसले स्वयंद्वारा निर्मित मार्गमा हिंडेर संशयरहित भई परिनिर्वाण


Downloaded from http://dhamma.digital/

प्राप्त गरेको छ, जसले जन्म लिएको छ र जसको पुनर्जन्म क्षीण भैसक्यो त्यही भिक्षु हो ।

२५८) **समिय परिव्राजक -**

श्रमण ! शान्त कसलाई भनिन्छ ?

➤ जो सबैप्रकारबाट उपेक्षा गर्ने भएको छ, स्मृतिमान् छ, सबै लोकमा जो कसैको पनि हिंसा नगरेको, जो संसारपार भइसकेको छ, जो श्रमण र निर्मल छ, जसमा आसक्तिहरू छैनन्, त्यो नै शान्त हो ।

२५९) **समिय परिव्राजक -**

श्रमण ! दान्त कसलाई भनिन्छ ?

➤ जसका इन्द्रियहरू भित्र बाहिर सबै लोकमा वश गरिलिइसकेको छ, जो यस लोक र परलोकलाई बुझेर समयको प्रतीक्षा गर्दछ अर्थात् मृत्युको बाटो हेर्छ, त्यही संयमी र दान्त हुन्छ ।

२६०) **समिय परिव्राजक -**

श्रमण ! कसलाई बुद्ध भन्दछ ?

➤ जसले सम्पूर्ण तृष्णालाई मनन गरेर संसारको उत्पत्ति र च्युति दुबैलाई जानिलिएको छ, जो तृष्णा आदि मलहरूबाट रहित र निर्मल छ, विशुद्ध छ, जसले जन्मक्षय प्राप्त गरिसकेको छ, त्यसलाई बुद्ध भन्दछ ।

२६१) **समिय परिव्राजक -**

श्रमण ! कस्तो कुरा प्राप्त गरिसकेको लाई ब्राम्हण भन्दछ ?

➤ जो सबै पापलाई धोएर निर्मल, एकाग्र चित्त, स्थितात्मा, संसार पारंगत, ज्ञानी, अनासक्त र स्थिर छ, ऊ ब्राम्हण कहिन्छ ।



Downloaded from http://dhamma.digital/

२६२) **समिय परिव्राजक** -

श्रमण ! कुन कुरा प्राप्त गरिसकेको लाई श्रमण भनिन्छ ?

➤ जो पुण्य र पापलाई टाढा राखेर शान्त भैसकेको छ, यस लोक र परलोकलाई जानेर मलरहित भइसकेको छ, जो जन्म र मृत्युबाट पर रहिसकेको छ, जो स्थिर र स्थिरात्मा छ, उनी नै श्रमण कहिन्छ ।

२६३) **समिय परिव्राजक** -

श्रमण ! कुनप्रकारको कुरा प्राप्त भएका लाई नाग भनिन्छ ?

➤ जो संसारमा कुनैप्रकारको पाप गर्दैन, जसले सबैप्रकारका बन्धनहरूलाई छिनालिसकेको छ, जो कहीं आसक्त हुँदैन, जो विमुक्त, स्थिर, स्थिरात्मा छ यही नाग (राम्रो व्यक्ति) कहिन्छ ।

२६४) **समिय परिव्राजक** -

श्रमण ! क्षेत्रजिन् कसलाई भनिन्छ ?

➤ जो सम्पूर्ण स्वर्गीय, मानवीय र ब्रम्हलोकलाई जितेर सारा लोकका बन्धनहरूबाट मुक्त भैसकेको छ, त्यही स्थिर र स्थिरात्मा क्षेत्रजिन कहिन्छ ।

२६५) **समिय परिव्राजक** -

श्रमण ! कुशल कसलाई भनिन्छ ?

➤ जो सम्पूर्ण स्वर्गीय, मानवीय र ब्रम्हलोकको राम्रा नराम्रा कर्मलाई जितेर सबै कर्मबन्धनबाट मुक्त भइसकेको छ, त्यो स्थिर र स्थिरामा कुशल भनिन्छ ।

२६६) **समिय परिव्राजक** -

श्रमण ! पण्डित कसलाई भनिन्छ ?



Downloaded from http://dhamma.digital/

➤ जो शुद्धप्रज्ञ र बाहिरका विषयहरूमा विजय पाएर पुण्य तथा पापभन्दा पर भैसकेको छ, त्यो स्थिर र स्थिरात्मा नै पण्डित कहिन्छ ।

२६७) **समिय परिव्राजक -**

श्रमण ! मुनि कस्तालाई भनिन्छ ?

➤ जो सारा संसारमा भित्र र बाहिरका सत् र अस्त् कुराहरूलाई जानेर देव- मनुष्यहरूबाट प्रणित छ र जो आसक्तिरूपी जालबाट पर छ, उही नै मुनि कहिन्छ ।

२६८) **समिय परिव्राजक -**

श्रमण ! कस्तोप्रकारको प्राप्ति लिएका लाई वेदज्ञ भन्दछ ?

➤ जो यहाँ श्रमण र ब्राम्हणहरूका सम्पूर्ण अवस्थालाई जानेर सबैप्रकारका वेदनामा रागरहित छ र सबै वेदनाहरूबाट पर छ, उही वेदज्ञ हो ।

२६९) **समिय परिव्राजक -**

श्रमण ! अनुविज्ञ कस्तोलाई भनिन्छ ?

➤ जसले भित्र र बाहिरका रागमूलरूपी नाम-रूपको बन्धनबाट मुक्त छ, त्यै स्थिर र स्थिरात्मालाई अनुविज्ञ भनी भन्दछन् ।

२७०) **समिय परिव्राजक -**

श्रमण ! वीर्यवान् को हुन् ?

➤ जो सब पापबाट विरत छ, नरकको दु:खबाट मुक्त छ, त्यही वीर्यवान् हुन् ।

२७१) **समिय परिव्राजक -**

श्रमण ! आजानीय कसको नाम हो ?



Downloaded from http://dhamma.digital/

➤ जसको भित्र र बाहिरका सबै बन्धन टुटिसकेको छ, जो सारा तृष्णाहरूको मूलबन्धनबाट मुक्त छ, उही स्थिर र स्थितात्मा आजानीय अर्थात् उत्तम कहिन्छ।

२७२) **समिय परिव्राजक -**

श्रमण ! कस्तोप्रकारको कुरा प्राप्त गरिसकेका लाई श्रोत्रिय भनिन्छ ?

➤ यस संसारमा जतिपनि सदोष र निर्दोष कुराहरू छन् ती सबै कुरालाई सुनेर राम्ररी जानेर जो विजयी, संशयरहित र विमुक्त भैसकेको छ र जो सबैप्रकारका रागबाट रहित छ, त्यसलाई श्रोत्रिय भनिन्छ।

२७३) **समिय परिव्राजक -**

श्रमण ! आर्य कसलाई भनिन्छ ?

➤ जो विज्ञ चित्तमलहरूका अनलयहरूलाई समाप्त गरेर फेरि जन्म लिँदैन, जो सबै त्रिविध कामहरूलाई त्यागेर फेरि कामभोगमा पर्दैन, त्यस्तोलाई आर्य भनिन्छ।

२७४) **समिय परिव्राजक -**

श्रमण ! कसलाई आचरणवान् भन्दछ ?

➤ जो शीलपालन गर्ने भएका छन्, कुशल छन्, सदा धर्मलाई चिन्ने, सर्वत्र अनासक्त, विमुक्त छ र जसमा द्वेषभाव छैन, त्यो आचारवान् हुन्छ।

२७५) **समिय परिव्राजक -**

श्रमण ! परिव्राजक कस्तोलाई भनिन्छ ?

➤ जो भूत, भविष्य तथा वर्तमानकालिक कर्म र माया, मान, लोभ


Downloaded from http://dhamma.digital/

तथा क्रोधलाई दूर गरेर विचारपूर्वक विचरण गर्दछ, जसले नाम-रूपको अन्त गरिदिएको छ, प्राप्त गर्नुपर्ने कुरालाई प्राप्त गरिसकेको छ भने त्यस्तालाई परिव्राजक भनिन्छ।

२७६) देवता -

गौतम ! कुनप्रकारको ज्ञान भएको र कुनप्रकारको शीप भएको व्यक्ति उपशान्त कहिन्छ ?

➢ जसको संसारमा आफ्नो भनेको केही छैन, जो अभावको लागि पश्चात्ताप गर्दैन र जो सबै धर्ममा रागादिको वशमा पर्दैन उही उपशान्त कहिन्छ।

२७७) देवता -

गौतम ! कलह, विवाद, विलाप, शोक, कंजूसी, मान, अभिमान र चुगली कहाँबाट पैदा हुन्छ ?

➢ कलह, विवाद, विलाप, शोक, कंजूसी, मान, अभिमान र चुगली प्रियताबाट पैदा हुन्छ।

२७८) देवता -

गौतम ! संसारमा प्रियता कहाँबाट पैदा हुन्छ ?

अथवा जो लोभको कारण संसारमा विचरण गर्दछन्, तिनीहरू कहाँबाट पैदा हुन्छन् ? इच्छा र त्यसको पूर्ति कसरी हुन्छ जुन पुर्नजन्मको हेतु हो ?

➢ प्रियताको कारण राग हो अथवा जुन लोभको कारण मानिस संसारमा विचरण गर्दछन्। इच्छा र त्यसको पूर्ति पनि यही नै हो, जुन मानिसको पुर्नजन्मको हेतु हो।


Downloaded from http://dhamma.digital/

२७९) देवता -

गौतम ! इच्छा कहाँबाट उत्पन्न हुन्छ अथवा विनिश्चय, क्रोध, असत्यभाषण तथा सन्देह कहाँबाट उत्पन्न हुन्छ ?

➢ संसारमा जो प्रिय र अप्रिय बस्तु छन्, त्यसैको कारण इच्छा हुन्छ, रूपको विनाश र उत्पत्ति देखेर मानिस यहाँ कुनै निश्चयमा पुग्दछ ।

२८०) देवता -

गौतम ! सुख र दुःखवेदनाहरू कहाँबाट उत्पन्न हुन्छन् ? कुन कुरा नहुँदा यी कुरा हुँदैनन् ? नाश र उत्पत्तिको पनि कारण के हुन् ?

➢ स्पर्शको कारण सुख र दुःखवेदनाहरू हुन्छन्, स्पर्श नहुँदा यी वेदना हुँदैनन् । विनाश र उत्पत्तिको कारण पनि यी नै हुन् ।

२८१) देवता -

गौतम ! संसारमा स्पर्श कहाँबाट उत्पन्न हुन्छ ? परिग्रह कहाँबाट उत्पन्न हुन्छ ? कुन कुरा नहुँदा ममत्व हुँदैन ? कुन कुरा नहुँदा स्पर्श हुँदैन ?

➢ नाम र रूपबाट स्पर्श हुन्छ । इच्छाको कारण परिग्रह हुन्छ । इच्छा नहुँदा ममत्व हुँदैन र रूप नहुँदा स्पर्श हुँदैन ।

२८२) देवता -

गौतम ! कस्तो गर्नेको रूप हुँदैन अथवा सुख र दुःख कसरी हुँदैन ?

➢ संज्ञाको कारणले नै सबै प्रपञ्च उत्पन्न हुन्छन् । यसैले जो संज्ञामा छैन, जो संज्ञारहित पनि छैन र जुन संज्ञा पनि होइन



Downloaded from http://dhamma.digital/

तथा न त जसले संज्ञाको अतिक्रमण गरेको हो, यस्तो भएर पनि रूप हुँदैन ।

२८३) **देवता -**

गौतम ! कोही कोही पण्डित अरूपसमाधिको व्यक्तिको शुद्धिको लागि श्रेष्ठ भन्दछन् अथवा योभन्दा अर्के भनेर पनि बताउँछन् ?

➤ कोही कोही पण्डित व्यक्तिको शुद्धि यतिको नै बताउँछन् । कोही उनका उच्छेदको कुरा बताउँछन् किन्तु कुशल मानिस निर्वाणलाई नै शुद्धि बताउँछन् ।

२८४) **अजित -**

नरश्रेष्ठ ! संसार के ले ढाकिएको छ ?

➤ अविद्याले ।

२८५) **अजित -**

नरश्रेष्ठ ! संसार केले गर्दा प्रकाशित हुँदैन ?

➤ लोभ र प्रमादको कारण संसार प्रकाशित हुँदैन ।

२८६) **अजित -**

नरश्रेष्ठ ! केलाई संसारको आलेप भनिन्छ ?

➤ तृष्णालाई संसारको आलेप भनिन्छ ।

२८७) **अजित -**

नरश्रेष्ठ ! संसारको लागि महाभय के हो ?

➤ संसारको लागि दु:ख महाभय हो ।

२८८) **अजित -**

नरश्रेष्ठ ! जताततै तृष्णाको धारा बहिरहेको छ । ती धाराको निवारण के हो ?

➤ संसारमा जतिपनि तृष्णाका धारा छन्, ती सबैको निवारण स्मृति हो ।



Downloaded from http://dhamma.digital/

२८९) अजित -

नरश्रेष्ठ ! तृष्णाका धाराहरू केबाट बन्द हुन्छ ?

➢ प्रज्ञाद्वारा तृष्णाका धाराहरू बन्द हुन्छन् ।

२९०) अजित -

मार्ष ! प्रज्ञा, स्मृति र नामरूपको अन्त कहाँ हुन्छ ?

➢ विज्ञानको निरोधबाट प्रज्ञा, स्मृति र नामरूपको निरोध (अन्त) हुन्छ ।

२९१) अजित -

मार्ष ! जसले सबै कुरा थाहापाइसकेको छ, जो यहाँ शैक्ष्य तथा अन्य मानिस छन्, तिनीहरूको चर्या कस्तो हुनुपर्छ ?

➢ काममोहहरूमा लिप्त नहुनु, मनलाई निर्मल राख्नु, सबै धर्ममा कुशल हुनु र स्मृति राखेर विचरण गर्नु । यस्तो चर्या हुनुपर्छ ।

२९२) तिस्समेत्तेय्यमाणव -

गौतम ! यस संसारमा कसमा चंचलता हुँदैन ?

➢ जो कामभोगलाई त्याग गरेर ब्रम्हचारी रहेको छ, तृष्णारहित भएको छ, स्मृतिमान् रहेको छ, ज्ञानद्वारा मुक्त छ त्यस्तामा चंचलता हुँदैन ।

२९३) तिस्समेत्तेय्यमाणव -

गौतम ! यस संसारमा कसलाई महापुरुष भन्दछ ?

➢ त्यस्तो ज्ञानी जो दुबै अन्तलाई थाहापाएर बीचमै लिप्त हुँदैन, त्यस्तोलाई महापुरुष भनिन्छ ।

२९४) पुण्णकमाणव -

मार्ष ! कुन कारणले ऋषिहरू, मानिसहरू, क्षत्रीहरू र ब्राम्हण-हरूले देवताको नाउँमा यस संसारमा धेरै यज्ञ गरेका थिए ?



Downloaded from http://dhamma.digital/

➤ वृद्ध भएपछि जीवनको कामना गरेर यो संसारमा ऋषिहरू, मानिसहरू, क्षत्रीहरू र ब्राम्हणहरूले देवताहरूको नाउँमा यज्ञ गरेका थिए।

२९५) **जटा भारद्वाज -**

गौतम ! यस संसार भित्री जटा बाहिरी जटाले जटिल भएको छ। कसले यस्तो जटा छुट्याउन सक्ला ?

➤ शीलमा प्रतिष्ठित भएको प्रज्ञावान् मनुष्यले प्रज्ञाचीत्रलाई भावना गरी क्लेशलाई तप्त पार्ने अप्रमत्त भिक्षुले सो जटालाई छुट्याउन सक्छ।

२९६) **अहिंसक भारद्वाज -**

गौतम ! कस्तो व्यक्ति अहिंसक हुन्छ ?

➤ जो काय, वचन र मनले हिंसा गर्दैन, उही नै अहिंसक हुन्छ अनि जसले कसैलाई हिंसा गर्दैन, उही नै अहिंसक हुन्छ ।

२९७) **मानत्थद्ध ब्राम्हण -**

गौतम ! कसप्रति अभिमान गर्नु ठीक छैन ?

➤ आमा, बाबु, जेठा दाजु र आचार्यप्रति अहंकार अभिमान गर्नु ठीक छैन।

२९८) **मानत्थद्ध ब्राम्हण -**

गौतम ! कसको गौरव गर्नु असल होला ?

➤ आमा, बाबु, जेठा दाजु र आचार्यप्रति गौरव गर्नु असल हो।

२९९) **मानत्थद्ध ब्राम्हण -**

गौतम ! कसको सम्मान गर्नु राम्रो होला ? ?

➤ आमा, बाबु, जेठा दाजु र आचार्यप्रति सम्मान गर्नु राम्रो हो ।


Downloaded from http://dhamma.digital/

३००) **मानत्थद्ध ब्राम्हण -**

गौतम ! कसलाई पूजा गरेमा राम्रो हुनेछ ?

➤ आमा, बाबु, जेठा दाजु र आचार्यलाई पूजा गरेमा राम्रो हुनेछ।

३०१) **तोदेय्य ब्राम्हणपुत्र शुभमाणव -**

गौतम ! मनुष्यहरूमा मनुष्य भैकनै उच्च-नीच हुनाको हेतु-प्रत्यय के होला ?

➤ सत्त्वहरूको कर्म नै आफ्नो हुन्छ , कर्म नै विपाक हुन्छ, कर्म नै जन्मको कारण हुन्छ, कर्म नै शरण हुन्छ र कर्मले नै बन्धु हुन्छ र कर्मले नै सत्त्वहरूलाई उच्च-नीचतामा विभाजन गर्दछ।

३०२) **राजा शुद्धोदन -**

भन्ते ! तपाईंले किन भिक्षाटन गर्नुभएको ? के हामीले तपाईंसँग आएका भिक्षुहरूलाई भोजन गराउन सक्दैन भनी ठान्नुभएको ?

➤ यो हाम्रो चरित्र हो।

३०३) **राजा शुद्धोदन -**

भन्ते ! हाम्रो वंशमा कसैले पनि भिक्षाटन गरेको छैन। तपाईं भिक्षाटन गर्दै हुनुहुन्छ। के हामीहरू क्षत्रिवंशी महासम्मत राजाकै वंश होईनौं र ?

➤ यो तपाईंको राजवंश हो तर हामी बुद्धवंशी हौं। सबै बुद्धहरूले भिक्षाटन नै गरे।

३०४) **प्रसेनजित कोइलराजा -**

भन्ते ! कति कुरा मनमा उत्पन्न हुँदा पुरुषलाई अहितकर,



Downloaded from http://dhamma.digital/

दु:खदायी र कष्टजनक हुन्छ ?

➤ मनमा चित्तलोभ उत्पन्न हुँदा, द्वेष उत्पन्न हुँदा र मोह उत्पन्न हुँदा पुरुषलाई अहितकर, दु:खदायी र कष्टजनक हुन्छ।

**३०५) प्रसेनजित कोइलराजा -**

भन्ते ! जन्मेका प्रणीहरू जरामरणबाट बच्न सक्छन् कि ?

➤ जन्मेका प्राणीहरू जरामरणबाट बच्न सक्दैनन्।

**३०६) पुण्णकमाणव -**

मार्ष ! यस संसारमा ऋषिहरू, मानिसहरू, क्षत्रीहरू र ब्राम्हणहरूले देवताहरूको नाउँमा धेरै यज्ञ गरेका थिए भने के तिनीहरू अप्रमत्त भएर जन्म र वृद्धत्वबाट तरेर गए ?

➤ लाभको कारणले तिनीहरू देवताहरूको गुण गाउँछन्। प्रशंसा गर्दछन्, चर्चा गर्दछन्। यज्ञमा आसक्त र भवतृष्णामा लिप्त तिनीहरू जन्म र वृद्धत्वबाट तरेनन्।

**३०७) पुण्णकमाणव -**

मार्ष ! दानमा लागेका मानिस यज्ञद्वारा जन्म तथा वृद्धत्वबाट तरेर गएनन् भने देव-मनुष्यलोकमा कसले जन्म तथा वृद्धत्वबाट पार गरे ?

➤ जसले संसारको वारपारलाई जानिलियो, जसमा संसारप्रति कहीं पनि तृष्णा छैन, जो वासनारहित र आस्रवक्तरहित भए त्यस्तो व्यक्ति जन्म र वृद्धत्वलाई पार भएर गए।

**३०८) मत्तेगूमाणव -**

भगवन् ! संसारमा जुन अनेकप्रकारका दु:ख छन्, ती दु:ख कहाँबाट उत्पन्न भएको हो ?

➤ संसारमा जुन अनेकप्रकारका दु:ख छन्, ती सबै तृष्णाको कारण



Downloaded from http://dhamma.digital/

उत्पन्न भएको हो ?

३०९) मत्तेगूमाणव -

मुनि ! कसरी धीर पुरुष जन्म, वृद्धत्व, शोक र विलापको बाढीलाई पार गर्दछ ?

➢ जसले यस जन्ममा स्वयं साक्षत्कार गरी जानी बुझी स्मृतिमान् भई विचरण गर्दै यस संसारमा तृष्णाबाट पार भएर जान्छ त्यसले जन्म, वृद्धत्व, शोक र विलापको बाढीलाई पार गर्दछ ।

३१०) नन्दमाणव -

गौतम ! संसारमा 'मुनि' रहेको छ भनी भन्दछन्, कसरी 'मुनि' हुन्छ ? 'मुनि' हुने ज्ञानको कारणले हो कि, आजीविकाको कारणले हो ?

➢ पण्डितजनले न दृष्टिको कारणले, न श्रुतिको कारणले, न ज्ञानकै कारणले कसैलाई मुनि भनिन्छ । साँचै त जो शोक, पाप र तृष्णाबाट रहित भई विचरण गर्दछ त्यस्तोलाई 'मुनि' भन्दछ ।

३११) नन्दमाणव -

भगवन् ! जो कोही श्रमण-ब्राम्हण हुन्, तिनीहरू देख्नमा र सुन्नमा पनि शुद्ध भनी बताउँछन् शील-व्रतबाट पनि शुद्ध छ भनेर बताउँछन् र अनेकतरहले शुद्ध रहेको बताउँछन् । त्यसरी संयमी भएर विचरण गर्ने तिनहिरू के जन्म र वृद्धत्वबाट पार भएर गए ?

➢ जो कोही श्रमण-ब्राम्हण छन्, तिनीहरू देख्नमा र सुन्नमा पनि शुद्ध रहेको वताउँछन्, अनेकतरहले शुद्ध रहेको बताउँछन् ।



Downloaded from http://dhamma.digital/

यद्यपि तिनीहरू संयमी भएर विचरण गर्दछन् तापनि त्यस्तो भनेर हिँड्ने उनीहरूले जन्म र वृद्धत्वलाई पार गरेका छैनन् ।

३१२) **हेमकमाणव -**

गौतम ! जसबाट ज्ञान स्मृतिका साथै विचरण गर्दै संसारमा तृष्णालाई पार गरे, त्यस्तो नष्ट गर्ने धर्म के हो ?

➢ जो स्मृतिवान् अच्युत निर्वाणपदलाई जानेर यही जन्ममा शान्त भए, सदा उपशान्त रहेका ती व्यक्ति संसारमा तृष्णालाई पारगरि गएका छन् ।

३१३) **तोदय्यमाणव -**

मुनि ! जसमा वासना छैन, जसमा तृष्णा छैन र जो सन्देशबाट पर छ, त्यसको विमोक्ष कस्तो छ ?

➢ जसमा वासना छैन, जसमा तृष्णा छैन र जो सन्देहबाट पर पुगेको छ उसको विमोक्ष अरू कुनै छैन ।

३१४) **राहुल -**

भन्ते ! कुनप्रकारले बुझिरहेको, कुनप्रकारले देखिरहेको लाई सविज्ञानिक काय र बाहिरिक सम्पूर्ण निमित्तमा अहंकार, ममकार, मानबाट राम्ररी नाघेर गइराखेको क्लेश अतिक्रमण भइरको चित्त उत्पन्न हुने रहेछ ?

➢ जतिपनि रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान, अतीत, अनागत, वर्तमान भइरहेको, आध्यात्मिक वा बाहिरिक भइरहेको, स्थल वा सूक्ष्महीन वा प्रगति, टाढा वा नजिकको छ, यी सबै विज्ञान 'मेरो होइन, म होइन, मेरो आत्मा होइन' भनी यसरी यसलाई



Downloaded from http://dhamma.digital/

जस्तो हो त्यस्तै सम्यक् प्रज्ञाद्वारा देखेर उपादानरहित भई क्लेशबाट विमुक्त हुने हो। यसप्रकारको कुरालाई थाहापाइराखेको, देखिराखेको लाई सविज्ञानक कायमा र बाहिरिक सम्पूर्ण निमित्तमा, अहंकार, ममकार, मानबाट राम्ररी नाघेर गइराखेको क्लेश परिडाह शान्त भइरहेको, क्लेश अतिक्रमण भइरहेको चित्त उत्पन्न हुने रहेको छ।

३१५) **अनाथपिण्डिक -**

भन्ते ! मैले निर्माण गरी व्यवस्था गरेको विहारको विषयमा के गर्नुपर्ला ?

➤ तिम्रो इच्छाको यो विहारलाई चतुर्दिशाबाट आएका र न आइपुगेका भिक्षुसंघलाई समर्पण गर।

३१६) **द्रोण ब्राम्हण -**

! तपाईं देवता हुनुहुन्छ कि ?

➤ म देवता होइन।

३१७) **द्रोण ब्राम्हण -**

! तपाईं गन्धर्व हुनुहुन्छ कि ?

➤ म गन्धर्व होइन।

३१८) **द्रोण ब्राम्हण -**

! तपाईं यक्ष हुनुहुन्छ कि ?

➤ म यक्ष होइन।

३१९) **द्रोण ब्राम्हण -**

! तपाईं मनुष्य हुनुहुन्छ कि ?

➤ म मनुष्य होइन।

३२०) **द्रोण ब्राम्हण -**

! तपाईले आफूलाई देवता, गन्धर्व, यक्ष र मनुष्य होइन भन्नुहुन्छ भने तपाईंको हुनुहुन्छ ?


Downloaded from http://dhamma.digital/

➤ जुन आश्रव हुँदा मलाई देवता भन्न सकिने हो, त्यो मेरो आश्रव प्रहीण भइसक्यो, मूलोच्छेद भइसक्यो, काटिएको ताड जस्तै भइसक्यो, फेरि नपलाउने भइसक्यो, फेरि उत्पन्न हुने सम्भावना छैन। यस्तै जुन आश्रव हुँदा मलाई गन्धर्व, यक्ष र मनुष्य भन्न सकिने हो त्यो मेरो आश्रव प्रहीण भइसक्यो। फेरि उत्पन्न हुने सम्भावना छैन। जस्तै उत्पन्न पद्म अथवा पुण्डरीक कमलको फूल पानीमा उम्रेर, पानीमा बढेर पानीमा अलिप्त भएर त्यसभन्दा माथि रहन्छ, त्यस्तैप्रकारले म लोकमा जन्मेको हूं, लोकमा हुर्केको हूं, तर लोकलाई जितेर त्यसमा अलिप्त भई बस्ने गर्दछु। यसैले मलाई तिमीले 'बुद्ध' भनेर धारणा गर।

३२१) उज्जय ब्राम्हण -

गौतम ! तपाईंले पनि यज्ञको प्रशंसा गर्नुहुन्छ ?

➤ म न त यज्ञको प्रशंसा गर्दछु, न त सबैप्रकारको यज्ञको निन्दा नै गर्छु।

३२२) उज्जय ब्राम्हण -

गौतम ! तपाईंले किन यज्ञको प्रशंसा पनि निन्दा पनि गर्नुहुन्न ?

➤ जुन यज्ञमा गौको हत्या गरिन्छ, भेंडाबाखाको हत्या गरिन्छ, कुखुरा र सुंगुरको हत्या गरिन्छ अथवा विभिन्न प्राणीको हत्या गरिन्छ भने त्यसप्रकारको उत्तेजित हुने यज्ञलाई म प्रशंसा गर्दिन किनभने त्यसप्रकारको यज्ञमा न अर्हत् आउँछ, न त अर्हत्मार्गमा लाग्ने नै आउँछ। त्यस्तै जुन यज्ञमा विविध प्राणीको हत्या गरिन्न भने त्यसप्रकारको यज्ञलाई म निन्दा


Downloaded from http://dhamma.digital/

गर्दिन किनभने उत्तेजनारहित यज्ञमा अर्हत् वा अर्हत्मार्गमा लाग्नेहरू आउँछन् ।

३२३) **रोहित देवपुत्र** -

भन्ते ! जहाँ न त जन्म लिनुपर्छ, न त जीउनुपर्छ, न त मर्नुपर्छ, न त च्युत हुनुपर्छ, अनि न त उत्पन्न हुनुपर्छ। के हिँडेर गई त्यस्तो लोकको अन्तसम्म पुग्न सिकन्छ ? त्यस्तो लोकलाई जान्न सकिन्छ ? देख्न सकिन्छ ?

➢ यो कुरा म भन्दिन ।

३२४) **सारिपुत्र** -

भन्ते ! जहाँ जो आत्मभावको लाभी हुन्छ, आत्मभावको लाभ गर्नमा आफ्नो संचेतना र अरूको संचेतनाले पनि काम नभएको हुन्छ भने केको रूपमा देवताहरूलाई हेर्ने ?

➢ नेवसंज्ञानासंज्ञाको रूपमा देवतालाई हेर्नुपर्छ।

३२५) **सारिपुत्र** -

भन्ते ! के कारणले र किन यहाँ कोही तत्त्व यस शरीरबाट च्युत भएपछि आउने हुन्छ अथवा यस लोकमा आउने हुन्छ ? यहाँ कोही व्यक्तिको आत्मा शाश्वत हो भन्ने सत्कायदृष्टि ओरम्लागीय संयोजनहरू अर्थात् तलतिर झार्ने संयोजनहरू विनिष्ट भएको हुँदैन, त्यस्तो व्यक्ति । धर्ममा अर्थात् यसै शरीर मा देख्न पाउने धर्म नेवसंज्ञानासंज्ञायतनको लाभगरी बस्ने हुन्छ । उसले त्यसमा स्वाद लिन्छ, त्यसमा आनन्द लिन्छ र त्यसैमा सन्तुष्ट रहेको हुन्छ । त्यसैमा स्थिर भई, त्यसैमा लागिरही त्यसैमा धेरै अभ्यास गरिरहने हुँदा त्यस्ता व्यक्ति



Downloaded from http://dhamma.digital/

मृत्युपश्चात् नेवसंज्ञासंज्ञानायतनका देवहरूकहाँ गई उत्पन्न हुन्छ। उनी त्यहाँबाट च्युत हुँदा यस लोकमा आउने हुन्छ।

३२६) **सारिपुत्र -**

भन्ते ! के कारणले किन यहाँ कोही यस संसारबाट च्युत भएपछि अनागामी हुन्छ अथवा यसलोकमा नआउने हुन्छ ?

➤ यहाँ कोही व्यक्तिले आत्मा शाश्वत भने दृष्टिलाई विनष्ट गरेको हुन्छ, त्यस्ताले दृष्टान्तधर्ममा नेवसंज्ञानासंज्ञायतनलाई लाभ गरी बस्ने हुन्छ। त्यस्ताले त्यसमा स्वाद लिन्छ, त्यसमा आनन्द लिन्छ र त्यसैमा सन्तुष्ट भएको हुन्छ। त्यसैमा स्थिर भई, त्यसैमा लागिरही त्यसैमा बहुविहारी हुँदा उनी मृत्युपश्चात् नेवसंज्ञानासंज्ञायतनका देवताहरूकहाँ गई उत्पन्न हुन्छ। उनी त्यहाँबाट च्युत हुँदा यस लोकमा नआउने हुन्छ ।

३२७) **एक भिक्षु -**

भन्ते ! यो लोक कसद्वारा लिएर गइरहेको छ ?

➤ चित्तद्वारा लोकलाई लिएर गइरहेको छ।

३२८) **एक भिक्षु -**

भन्ते ! यो लोक कसद्वारा घसेटिरहेको छ ?

➤ चित्तद्वारा घसेटिरहेको छ।

३२९) **एक भिक्षु -**

भन्ते ! के कुरा उत्पन्न हुँदा यो लोक वशीभूत हुन्छ ?

➤ चित्त उत्पन्न हुँदा यो लोक वशीभूत हुन्छ।

३३०) **एक भिक्षु -**

भन्ते ! यहाँ बहुश्रुत धर्मधरको कुरा हुन्छ। यो बहुश्रुत धर्मधर कसरी हुन्छ ?



Downloaded from http://dhamma.digital/

➢ सुत्तं, गेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्लका कुराहरू छन् । चार पादसहितका यी कुराहरू भएको जुन कुनै गाथाको अर्थ बुझेर धर्मलाई जानेर धर्मानुसार आचरण गर्ने हुन्छ भने त्यो बहुश्रुत धर्मधर हुन्छ ।

३३१) एक भिक्षु -

भन्ते ! यहाँ श्रुतवान् निर्वेदक प्रज्ञाको कुरा हुन्छ । यो श्रुतवान् निर्वेदक प्रज्ञा कसरी होइन्छ ?

➢ जसले यो 'दु:ख' हो भनी सुनेको हुन्छ, उसले यस कथनलाई प्रज्ञाद्वारा अर्थलाई गहिरिएर हेर्ने हुन्छ । जसले यो 'दु:खको समुदय' हो भनेर सुनेको हुन्छ, उसले यस कथनलाई प्रज्ञाद्वारा अर्थलाई गहिरिएर हेर्ने हुन्छ । जसले यो 'दु:खनिरोध मार्ग' हो भनी सुनेको हुन्छ, उसले यस कथनलाई प्रज्ञाद्वारा अर्थलाई गहिरिएर हेर्ने हुन्छ । यसप्रकारका कुरा नै श्रुतवान् निर्वेदक प्रज्ञा हो ।

३३२) एक भिक्षु -

भन्ते ! यहाँ पण्डित महाप्रज्ञावान् भन्ने कुरा चर्चामा छ । यो पण्डित महाप्रज्ञावान् कसरी हुन्छ ?

➢ आफ्नो र अरूको लागि पीडादायक हुने खालका विचार नगर्ने आफ्नो हित, परहित र अन्यहित तथा समस्त लोकहित हुने विचार गर्ने व्यक्ति पण्डित महाप्रज्ञावान् हुन्छ ।

३३३) मगधका महामात्य वत्सकार ब्राम्हण-

गौतम ! जो असत्पुरूष हो, उसले अरू कोहीलाई असत् पुरूष भनी चिन्न सक्छ ?



Downloaded from http://dhamma.digital/

➤ जो असत् पुरूष छ, त्यसले अरू कोहीलाई असत् पुरूष भनी चिन्न सक्ने सम्भावना र चिन्ने ठाउँ छैन ।

**३३४) मगधका महामात्य वत्सकार ब्राम्हण -**

गौतम ! जो असत्पुरुष छ, त्यसले अरू कोहीलाई सत्पुरुष हो भनी चिन्न सक्छ ?

➤ जो असत्पुरुष छ, उसले अरूलाई सत्पुरुष हो भनी चिन्ने सम्भावना छैन र चिन्ने ठाउँ छैन ।

**३३५) मगधका महामात्य वत्सकार ब्राम्हण-**

गौतम ! जो सत्पुरुष छ, उसले अरू कुनैलाई सत्पुरुष हो भनी चिन्न सक्छ ?

➤ जो सत्पुरुष हो उसले सत्पुरुषलाई चिन्न सक्ने संभावना छ र ठाउँ पनि छ ।

**३३६) मगधका महामात्य वत्सकार ब्राम्हण -**

गौतम ! जो सत्पुरुष हो, त्यसले कुनै असत्पुरुषलाई असत्पुरुष र सत्पुरुषलाई सत्पुरुष भनी चिन्न सक्छ ?

➤ संभावना छ र ठाउँ पनि छ ।

**३३७) साल्हलिच्छवी -**

भन्ते ! संसाररूपी बाढीबाट पार पाउन सकिने कारण शीलविशुद्धि र दुष्कर चर्या जस्तो तप-जुगुप्सा हुन् भनिन्छ । के यी कुरा ठीक हुन् ?

➤ शील-विशुद्धि त श्रमणअङ्ग हो । तप-जुगुप्साजस्ता दुष्कर तपस्यामा अनुरक्त रही बस्नु संसाररूपी बाढीबाट पार पाउन



Downloaded from http://dhamma.digital/

अयोग्य हुनु हो। आजीविका अपरिशुद्ध भएमा ज्ञान दर्शनार्थ अनि अनुत्तर सम्बोधि प्राप्तिका लागि अयोग्य हुने हुन्छ।

३३८) **मल्लिकादेवी** -

भन्ते ! के कारणले यहाँ कोही स्त्री दुर्वर्णी, कुरूपिणी, हेर्नमा घिनलाग्दी हुन्छिन् र दरिद्री, भोग्यवस्तु कम भएकी र साथी सङ्गी कम भएकी हुन्छिन् ?

➤ कोही स्त्री रिसालु हुन्छे, द्वेषी हुन्छे, कडास्वभावकी हुन्छे, असन्तोष प्रकट गर्छे, कुनैप्रकारको दान नदिने स्वभावकी हुन्छे, ईर्ष्यालु हुन्छे। यस्ती स्त्री यहाँबाट च्युत भएर जहाँ जहाँ जन्मिन्छे त्यहाँ त्यहाँ दुर्वर्णी, कुरूपी, हेर्नमा घिनलाग्दी अनुहारकी दरिद्री, भोग्यवस्तु कमभएकी हुन्छिन्।

३३९) **मल्लिकादेवी** -

भन्ते ! के कारणले यहाँ कोही स्त्री दुर्वर्णी, कुरूपिणी, हेर्नमा घिनलाग्दी हुन्छे तर महाधनी, महाभोगी र आफन्त तथा साथी सङ्गी धेरै भएकी हुन्छिन् ?

➤ यहाँ कोही स्त्री क्रोधिनी, रिसालु, द्वेषी, कडा स्वभावकी र असन्तोष प्रकट गर्ने हुन्छिन् तर दान दिने स्वभावकी हुन्छिन्, ईर्ष्यालु हुन्न, डाह नगर्ने हुन्छिन् भने त्यस्ती स्त्री यहाँबाट च्युत भई स्त्रीरूप नै लिई जहाँ जहाँ जन्मन्छिन् त्यहाँ त्यहाँ महाधनी, महाभोगिनी र आफन्त तथा धेरै साथीसङ्गी भएकी हुन्छिन्।

३४०) **मल्लिकादेवी** -

भन्ते ! के कारणले यहाँ कोही स्त्री सुन्दरी, दर्शनीय, परम आकर्षक वर्णले सुसम्पन्न हुन्छिन् तर दरिद्री, आफ्नो भन्ने



Downloaded from http://dhamma.digital/

बस्तु कम भएकी, भोग्यसामग्री कम भएकी हुन्छिन् र आफन्त तथा साथीसङ्गी पनि कम भएकी हुन्छिन् ?

➢ यहाँ कोही स्त्री अक्रोधी, अद्वेषी हुन्नन् अप्रसन्नता प्रकट गर्छिन् दानी हुन्, ईर्ष्यालु हुन्छिन्, त्यस्ती स्त्री यहाँबाट च्युत भई स्त्रीरूप लिई जहाँ जहाँ जन्मन्छिन् त्यहाँ त्यहाँ रूपवती, सुदर्शनीया हुन्छिन् तर दरिद्री, भोग्यवस्तु कम भएको र साथीसङ्गी कम भएकी हुन्छिन् ?

**३४१) मल्लिकादेवी -**

भन्ते ! के कारणले यहाँ कोही स्त्री सुन्दरी, दर्शनीय, परम आकर्षक वर्णले सुसम्पन्न हुन्छिन् र महाधनी महाभोगी, आफन्त र साथीसङ्गी धेरै भएकी हुन्छिन् ?

➢ यहाँ कोही स्त्री, अक्रोधी, अद्वेषी र कडा स्वभावकी हुँदिनन् र दान दिने स्वभावकी हुन्छिन् भने त्यस्ती स्त्री यहाँबाट च्युत भएर स्त्रीरूप लिई जहाँ जहाँ जन्मन्छिन् त्यहाँ त्यहाँ रूपवती, सुदर्शनीय अनि महाधनी, महाभोगी हुन्छिन् र साथीसङ्गी भएकी हुन्छिन् ।

**३४२) सुमना राजकुमारी -**

भन्ते ! भगवन्का दुई श्रावकहरूमध्ये एक जना दायक हुन्छ र अर्को दायक हुँदैन भने तिनीहरू शरीर त्याग गरी मृत्युपश्चात् स्वर्गलोकमा उत्पन्न भई देवता हुँदा ती दुईको विशेषतामा कुनै फरक हुन्छ कि हुँदैन ?

➢ हुन्छ । जो दाता हुन्छ, देवता हुँदा उनी दायक नहुनेको भन्दा


Downloaded from http://dhamma.digital/

पाँच विषयमा विशेषता बोकेको हुन्छ । जस्तै दिव्यआयुको दृष्टिले, दिव्यवर्णको दृष्टिले र दिव्यसुखको दृष्टिले, दिव्य यशको दृष्टिले र दिव्य आधिपत्यको दृष्टिले ।

३४३) किमल -

भन्ते ! कुन कारण र कुन विषयले गर्दा तथागतको निर्वाणपश्चात् सद्धर्म चिरस्थायी हुन्छ ?

➢ तथागतको परिनिर्वाण हुँदा भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूले शास्ताप्रति आदर र गौरव गरी बस्ने हुन्छ, धर्मप्रति आदर र गौरव गरी बस्ने हुन्छ, सङ्घप्रति आदर र गौरव गरी बस्ने हुन्छ, अनि शिक्षाप्रति आदर र गौरव गरी बस्ने हुन्छ । त्यस्तै एक आपसमा आदर र गौरव गरी बस्ने हुन्छ । यही कारण र विषयले गर्दा तथागतको परिनिर्वाणपश्चात् पनि सद्धर्म चिरस्थायी हुन्छ ।

३४४) महाप्रजापति गौतमी -

भन्ते ! संघमा झगडा गर्ने, कलहगर्ने, विवाद गर्ने कुरा गराउने तथा अधिकरण चलाउने कौशाम्बिक भिक्षुहरू श्रावस्तीमा आउँदैछन् । उनीहरूप्रति मैले कस्तो व्यवहार गर्नुपर्ला ?

➢ दुबैतिरका धर्महरू सुन । दुबैतिरका धर्महरू सुनिसकेपछि त्यसमध्ये जुन भिक्षुहरू धर्मवादी हुन् तिनीहरूको दृष्टि, धारणा तथा विचारलाई रोज । भिक्षुणीसंघले भिक्षुहरूबाट जुन आशा लिनुपर्दछ । ती सबै धर्मवादीहरूबाट लिनुपर्दछ ।

३४५) कृशा गौतमी -

भन्ते ! मेरो मरेको पुत्रलाई जिउँत्याउने औषधीको रूपमा


Downloaded from http://dhamma.digital/

कोही पनि नमरेको घरबाट सर्स्यूं मागेर ल्याउन खोज्दा कोही पनि नमरेको घर भनेकै पाइन के गरूं ?

➢ तिमीले आफ्नैमात्र पुत्र मरेको होला भन्ने कुरा सम्झ्यौ, तर यो संसारमा धेरै मर्नेहरू छन्, धेरै पुत्रहरू मरेका छन् । यो अनित्यको कुरा कुनै एक्लैलाई मात्र आइपर्ने कुरा होइन । यो त सबैमाथि आइपर्ने ध्रुवसत्यको कुरा हो । मरेको लाई जिलाउने कुनै औषधी हुँदैन ।

३४६) **इन्द्रक यक्ष -**

बुद्ध ! रूपलाई जीव (सत्त्व) होइन भनी भन्नुहुन्छ भने शरीर कसरी बन्दछ ? शरीरमा हाडहरू र कलेजोसहित मांसपिण्डहरू कसरी भए ? कसरी गर्भमा पैदा भयो त ?

➢ एकैचोटि गर्भमा कुनै जीव वा सत्त्व जाँदैन अर्थात् जुन अवस्थामा रौंको टुप्पामा लागेको तेलको प्रमाणजत्रैको अवस्थाबाट 'अब्बुद' अर्थात् एक हप्ता बितिसकेपछि दोस्रो हप्तामा मासु धोएको पानीको रंगजस्तो हुन्छ । अब्बुदबाट 'पेशी' अर्थात् पग्लेको सीसाको जस्तो वर्ण र कतै नटाँसिने अवस्थाको हुन्छ । पेशीबाट 'घन' अर्थात् कुखुराको फुलको आकारको मांसपिण्डको अवस्थामा पुग्दछ । घनबाट प्रशाखाहरू अर्थात् मांसपिण्डमा दुई हात, दुई खुट्टा र टाउकोको निमित्त चुस्स परेका फोकाहरू देखापर्न थाल्छन् र क्रमैसँग पछि केश, रौं नङ्गहरू उम्रेर आउँछन् र गर्भपरिपक्व नभएसम्म गर्भस्थ प्राणीको गर्भमै पालन हुन्छ । नाभिस्थानबाट निस्केको कमलको डाँठजस्तै छिद्र भएको नालले आमाको पेटमा छोइन्छ र


Downloaded from http://dhamma.digital/

त्यसैबाट आमाले खाएको आहारको रङ्ग संचरित भई आहार समुट्ठानरूपद्वारा गर्भमै यापन हुन्छ। छोटकरीमा भन्ने हो भने आहारप्रत्ययद्वारा रूप उत्पन्न हुन्छ।

३४७) दामली देवपुत्र -

गौतम ! भव अथवा जन्मको आशा नराख्ने तथा काम-वासनाहरूलाई पूर्णरूपेण त्याग गरिसकेका ब्राम्हण अर्थात् अरहन्तले पनि अल्छी नमानी परिश्रम गर्नुपर्छ, होइन र ?

➤ ब्राम्हणले गर्नुपर्ने कुनै कार्य छैन। गर्नुपर्ने सबै गरिसकेर नै ब्राम्हण अर्थात् अरहन्त हुन्छ। जबसम्म पार तरी भूमिमा प्रतिष्ठा पाउन सक्दैन तबसम्म सबै प्राणीहरूले नदीबाट पार तर्न प्रयत्न गरिनै रहन्छन्, जबपार तरी भूमिमा प्रतिष्ठा पाउँछन् तब ती पार तरी भूमिमा प्रतिष्ठा पाइसकेका पुरुषहरूले पुन: पार तर्ने व्यायाम गर्दैनन्।

३४८) पहाराद -

भन्ते ! यस धर्मविनयमा कति आश्चर्य तथा अद्‌भुत गुणहरू छन् र ती गुणहरूलाई हेरी हेरी भिक्षुहरू यस धर्मविनयमा अभिरमण गर्छन् ?

➤ यस धर्मविनयमा आठ आश्चर्य तथा अद्‌भुत गुणहरू छन्। ती गुणहरूलाई हेरीहेरी भिक्षुहरू यस धर्मविनयमा अभिरमण गर्छन्। जस्तै -

१) महासमुद्र कुनै प्रपातजस्तै स्वात्तपरी गहिरो नभै क्रमैसँग गहिरिएर गएको छ, त्यस्तै यस धर्मविनयमा पनि क्रमसँग शिक्षा, क्रमसँग क्रिया तथा क्रमसँग प्रतिपद् छन् र त्यस


Downloaded from http://dhamma.digital/

क्रमानुसार नगैकन स्वात्त निर्वाण अर्थात् अभिज्ञाको प्रतिबेध गर्न सक्दैन । यही नै यस धर्मविनयको पहिलो आश्चर्य तथा अद्भुत गुण हो । त्यही गुणलाई हेरी हेरी भिक्षुहरू यस धर्मविनयमा अभिरमण गर्छन् ।

२) महासमुद्रको स्थिर रहने गुण छ, र त्यसले आफ्नो तटलाई नाघेर जाँदैन, त्यस्तै श्रावकहरूको निमित्त जुन शिक्षापदहरू प्रज्ञापित गरिएको छ ती शिक्षाहरूलाई असल श्रावकहरूले प्राण गएपनि उल्लंघन गर्दैनन् । यही नै यस धर्मविनयको दोस्रो आश्चर्य तथा अद्भुत गुण हो, जुन गुणलाई हेरी हेरी भिक्षुहरू यस धर्मविनयमा अभिरमण गर्छन् ।

३) महासमुद्रले कुनै मृतशरीरलाई राख्दैन । यदि कुनै मृतशरीर र हेमा त्यसलाई तुरुन्तै तीरमा लगी पाखा लगाइदिन्छ । त्यस्तै दुइश्शील पापधर्मी, अशुचीपूर्ण आचरण गर्ने, गोप्य काम गर्ने, अश्रमण भई श्रमणको रूपमा बस्ने तथा भित्री मलले भरिएको भई फोहरी पुरुष रहेको हुन्छ, त्यस्तोको साथमा भिक्षुसंघ बस्दैन र चाँडै नै भिक्षुसंघ एकत्रित भई त्यस्तालाई बाहिर निकालिदिन्छ । यद्यपि त्यस्ता भिक्षु बस्दछ भनेतापनि त्यस्ता व्यक्ति भिक्षुसंघबाट दूर भएकै हुन्छ र भिक्षुसंघ पनि त्यस्ताबाट दूर भएकै हुन्छ । यही नै यस धर्मविनयको तेस्रो आश्चर्य तथा अद्भुत गुण हो, जुन गुणलाई हेरी हेरी भिक्षुहरू यस धर्मविनयमा अभिरमण गर्छन् ।

४) गंगा, यमुना, अचिरवती र सरयूनदी महासमुद्रमा पुगेपछि


Downloaded from http://dhamma.digital/

आफ्ना अघिका नाम र गोत्रहरू छाडी महासमुद्रकै संख्यामा गनिन्छन्, त्यस्तै यहाँ क्षत्री, ब्राम्हण, वैश्य तथा शूद्र गरी चारै वर्णहरू जो छन् ती सबै वर्णकाहरू घर छाडी अनगारिक भई तथागतले बताएको धर्मविनयमा प्रव्रजित भएपछि अघिका नाम र गोत्रहरू छोडी उनीहरू श्रमण शाक्यपुत्रकै संख्यामा गनिन्छन्, यही नै धर्मविनयको चौथो आश्चर्य तथा अद्‌भुत गुण हो, जुन गुणलाई हेरीहेरी भिक्षुहरू यस धर्मविनयमा अभिरमण गर्छन् ।

५) यस संसारमा जुन बगेर जाने पानी महासमुद्रमा पुग्छ, जुन आकाशबाट आएको पानीको धार महासमुद्रमा पुग्छ, त्यसबाट देखिन्छ चाहे धेरै भिक्षुहरू अनुपादिशेष निर्वाणधातुमा परिनिर्वाण किन नहोस् तर त्यसबाट निर्वाणधातु न बढेको देखिन्छ, न घटेको नै । यही नै यस धर्मविनयको पाँचौ आश्चर्य तथा अद्‌भुत गुण हो, जुन गुणलाई हेरी हेरी भिक्षुहरू यस धर्मविनयमा अभिरमण गर्छन् ।

६) महासमुद्र एउटै रस, नुनिलो रसको हुन्छ, त्यस्तै यो धर्मविनय पनि एउटै रस, विमुक्ति रसको छ । यही नै यस धर्मविनयको छैठौं आश्चर्य तथम् अदुभुत गुण हो, जुन गुणलाई हेरीहेरी भिक्षुहरू यस धर्मविनयमा अभिरमण गर्छन् ।

७) महासमुद्रमा बहुविध रत्नहरू छन्, जस्तै मोती, मणि आदि हुन्, त्यस्तै बहुविध रत्नहरू छन् । यी रत्नहरूमा


Downloaded from http://dhamma.digital/

क) चार स्मृतिप्रस्थान ख) चार सम्यक् प्रधान

ग) चार ऋद्धिपाद घ) पञ्चेन्द्रिय

ङ) पञ्चबल च) सप्तबोध

छ) आर्यअष्टाङ्गिक मार्ग छन्, यही नै यस धर्मविनयको सातौं आश्चर्य तथा अद्‌भुत गुण हो, जुन गुणलाई हेरी हेरी भिक्षुहरू यस धर्मविनयमा अभिरमण गर्दछन् ।

८) महाभूतहरूको वासस्थान महासमुद्र हो,जस्तो सय योजन शरीर हुने, पाँच सय योजन शरीर हुने प्राणीहरूको वासस्थान महासमुद्र हो, त्यस्तै यो धर्मविनय पनि महाभूतहरूको वासस्थान हो। ती महाभुतहरू छन्-स्रोतापन्न, स्रोतापत्तिफल साक्षात्कार गर्नको निमित्त प्रतिपन्न, सकृदागामी, सकृदागामीफल साक्षत्कार गर्नको निमित्त प्रतिपन्न, अनागामी, अनागामीफल साक्षात्कार गर्नको निम्ति प्रतिपन्न, अरहत्, अरहत्फल साक्षात्कार गर्नको निम्ति प्रतिपन्न, जुन यो धर्मविनय महाभूतहरूको वासस्थान हो ती महाभूतहरू नै यस धर्मविनयको आठौं आश्चर्य तथा अद्‌भुत गुण हो, जुन गुणलाई हेरी हेरी भिक्षुहरू यस धर्मविनयमा अभिरमण गर्दछन् ।

३४९) **महानाम शाक्य -**

भन्ते ! कसरी उपासक हुन्छ ?

➤ जब मानिसले बुद्धको शरण लिन्छ, धर्मको शरण लिन्छ, संघको शरण लिन्छ तब उपासक हुन्छ ।



Downloaded from http://dhamma.digital/

३५०) महानाम शाक्य -

➢ भन्ते ! उपासक कसरी शीलवान् हुन्छ ?

जब उपासक प्राणीघातबाट अलग रहन्छ, चोरीबाट अलग रहन्छ, काममिथ्याचारबाट अलग रहन्छ, मृषावादबाट अलग रहन्छ र सुरा, मेरय मद्य प्रमादस्थानबाट अलग रहन्छ तब उपासक शीलवान् हुन्छ ।

३५१) महानाम शाक्य -

भन्ते ! उपासक जब आत्महितको लागि रतहुन्छ तर परहितको लागि रत हुँदैन कसरी ?

➢ १) स्वयं श्रद्धासम्पन्न हुन्छ तर अरूलाई श्रद्धा सम्पन्न हुन प्रेरणा गर्दैन ।

२) स्वयं शील सम्पन्न हुन्छ तर अरूलाई शील सम्पन्न हुन प्रेरणा गर्दैन ।

३) स्वयं त्यागी हुन्छ तर अरूलाई त्यागी बन्नका लागि प्रेरणा गर्दैन ।

४) स्वयं भिक्षुहरूको दर्शनाभिलाषी हुन्छ तर अर्कोलाई भिक्षुहरूको दर्शन गर्नको लागि प्रेरणा दिंदैन ।

५) स्वयं सद्धर्म सुन्नमा मन लगाउँछ तर अरूलाई सद्धर्म सुन्नेका लागि प्रेरणा दिंदैन ।

६) स्वयं सुनेको धर्मलाई धारणा गर्ने स्वभावको हुन्छ तर अरूलाई धर्म धारणा गर्नको लागि प्रेरणा दिँदैन ।

७) स्वयं धारण गरेको धर्मको अर्थोपरीक्षण गर्छ तर अरूलाई धारण गरेको धर्मको अर्थोपरीक्षण गर्नको लागि प्रेरणा दिंदैन ।


Downloaded from http://dhamma.digital/

८) स्वयं अर्थ बुझी, धर्म बुझी, धर्मानुसार जीवन बिताउँछ तर अर्कालाई अर्थ बुझी, धर्मबुझी धर्मानुसार जीवन बिताउनको लागि प्रेरणा दिँदैन। यसरी उपासक आत्महितको लागि रत हुन्छ तर परहितको लागि रतहुँदैन।

३५२) महानाम शाक्य -
भन्ते ! कसरी उपासक आत्महितको लागि पनि परहितको लागि पनि रत हुन्छ ?

➤ १) जब उपासक आफू स्वयं पनि श्रद्धा सम्पन्न हुन्छ, अरुलाई पनि श्रद्धा सम्पन्न हुनलाई प्रेरणा दिन्छ।

२) आफू स्वयं पनि शील सम्पन्न हुन्छ, अरूलाई पनि शील सम्पन्न हुनमा प्रेरणा दिन्छ।

३) आफू स्वयं पनि त्यागी हुन्छ, अरूलाई पनि त्यागी बन्नमा प्रेरणा दिन्छ।

४) आफू स्वयं पनि भिक्षुहरूको दर्शनाभिलाषी हुन्छ, अरूलाई पनि भिक्षुहरूको दर्शन गर्नमा प्रेरणा दिन्छ।

५) आफू स्वयं पनि सद्धर्म श्रवण गर्नमा इच्छा राख्छ, अरूलाई पनि सद्धर्म श्रवण गर्न प्रेरणा दिन्छ।

६) आफू स्वयं पनि सुनेको धर्मलाई मनमा धारण गर्दछ, अरूलाई पनि धारण गर्नमा प्रेरणा दिन्छ।

७) आफू स्वयं पनि धारण गरेको धर्मको अर्थोपपरीक्षण गर्छ, अरूलाई पनि अर्थोपपरीक्षण गर्नमा प्रेरणा दिन्छ।

८) आफू पनि अर्थ बुझी, धर्म बुझी धर्मानुसार जीवन बिताउँछ, अरूलाई पनि धर्मानुसार जीवन बिताउन प्रेरणा दिन्छ। यसरी उपासक आत्महितको लागि पनि परहितको लागि पनि रत भएको हुन्छ।



Downloaded from http://dhamma.digital/

३५३) महानाम शाक्य -

भन्ते ! विभिन्न विषयमा मनराखी बस्नें हामीले कुन विषयमा मन लगाउनु राम्रो हुनेछ ?

➤ १) श्रद्धा हुनेले निर्वाण प्राप्त गर्न सक्नेछ, श्रद्धा नहुनेले सक्दैन ।

२) वीर्य गर्नेले निर्वाण प्राप्त गर्न सक्नेछ, वीर्य नगर्नेले सक्दैन ।

३) स्मृति राख्नेले निर्वाण प्राप्त गर्नसक्नेछ, नराख्नेले सक्दैन ।

४) समाहित चित्त हुनेले निर्वाण प्राप्त गर्न सक्छ, समाहित चित्त नहुनेले सक्दैन ।

५) प्रज्ञावान्ले निर्वाण प्राप्त गर्न सक्नेछ अप्रज्ञावान्ले सक्दैन ।

३५४) महानाम शाक्य -

भन्ते ! हामी विभिन्नप्रकारका विषयमा मन लगाई बस्नेले कुन विषयमा मन लगाई बसे बढिया होला ?

➤ १) श्रद्धा हुने आराधक अर्थात् निर्वाणको लागि बन्नसक्दछ सिबाय श्रद्धा नहुनेले सक्दैन ।

२) वीर्य हुनेले निर्वाणको लागि बन्नसक्छसिबाय वीर्य नहुनेले सक्दैन ।

३) स्मृति हुनेले निर्वाणको लागि बन्नसक्छसिबाय स्मृति नहुनेले सक्दैन ।

४) समाहितचित्त हुनेले निर्वाणको लागि बन्नसक्दछ सिबाय समाहितचित्त नहुनेले सक्दैन ।

५) प्रज्ञा हुने आराधक अथवा निर्वाणको लागि बन्न-सक्दछसिबाय प्रज्ञा नहुनेले आराधक वा निर्वाणको लागि बन्न सक्दैन । यी पाँच कुशल धर्महरू -

१. बुद्धानुस्मृति २. धर्मानुस्मृति ३. संघानुस्मृति



Downloaded from http://dhamma.digital/

४. शीलानुस्मृति    ५. त्यागानुस्मृति

६. देवातानुस्मृति भाविता गरी बसे बढिया हुनेछ।

**३५५) महानाम शाक्य -**

भन्ते ! बुद्धानुस्मृति भाविता कसरी गर्ने ?

➢ तथागत बुद्ध भगवान् अरहत् हुनुहुन्छ भनी स्मृति लिई हिंडि-रहँदा, उभिरहँदन,बसिरहँदा,लेटिरहँदा, कामकाज गरिरहँदा पुत्रसम्बाधसहित घरमा बसिरहँदा भाविता गर्ने । जुन बेला तथागतको अनुसरण हुन्छ त्यसबेला आफ्नो चित्त राग, द्वेष र मोहयुक्त हुँदैन त्यसबखतको चित्त निर्मल भएको हुन्छ । त्यसबेला अर्थअवबोध, धर्मअवबोध भई धर्मसंयुक्त प्रमिुदितताको अनुभव हुन्छ। प्रमुदितताद्वारा प्रीति उत्पन्न हुन्छ। प्रीतिकार काय शान्त (निश्चित) हुन्छ। कायशान्तिपछि सुख अनुभव हुन्छ र सुखचित्त समाधिष्ठ हुन्छ।

**३५६) महानाम शाक्य -**

भन्ते ! धर्मानुस्मृति, संघानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति र देवातानुस्मृति कसरी गर्ने ?

➢ हिँडिरहंदा, उभिरहंदा, बसिरहंदा, कामकाज गरिरहंदा तथा पुत्रसम्बाधसहित घरमा बसिरहंदा यी स्मृतिहरू भाविता गर्ने। जुन बेला आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ, संघको अनुस्मरण गर्छ, शीलको अनुस्मरण गर्छ, त्यागको अनुस्मरण गर्छ, देवतानु-स्मरण गर्छ, त्यसबेला चित्त रागयुक्त, द्वेषयुक्त तथा मोहयुक्त हुदैन । त्यस बेला तत् तत् स्मरणको कारणले चित्त निर्मल भएको हुन्छ तब आर्यश्रावकलाई अर्थावबोध, धर्मावबोध हुन्छ



Downloaded from http://dhamma.digital/

र धर्मसंयुक्त प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ, त्यसप्रीतिद्वारा काय शान्त भएपछि सुखानुभव हुन्छ र सुखचित्त समाधिष्ठ हुन्छ।

३५७) **नकुलपिता गृहपति -**

भन्ते ! म जराजीर्ण बुढो छु। उमेर पुगिसकेको छु। बेचैन र व्याधिग्रस्त छु। यसबेला मैले भगवान्‌को र जसको दर्शन गर्दा वा सत्संगत गर्दा मन हलुंगो हुन्छ त्यस्ता भिक्षुहरूको नित्य दर्शन गर्न आउन सक्दिन। यस्तो मेरो अवस्थामा मेरोनिम्ति दीर्घकालसम्मको लागि हित र सुख हुने कुरा के हुन सक्छ ?

➤ यो शरीर जहिले पनि दुःखपूर्ण, रोगग्रस्त र बेचैन छ। यो शरीर फुलजस्तै सूक्ष्म छविले ढाकिएको छ। रोगैरोगले ढाकिएको यो शरीर परिपालन गर्दा एक छिनमात्र आरोग्य भएको थाहापाउन सके पनि राम्रो हुन्छ। त्यस कारण तिमीले रोगग्रस्त र बेचैन काय भएको चित्तलाई निरोग र चैन पारी बस्नेछु भनी सिकेर बसेमा दीर्घकालसम्मको लागि हित र सुख हुनेछ।

***



Downloaded from http://dhamma.digital/



( लेखक )

# लेखकका कृतिहरु

## नेपालीभाषा

**(क) लेखन -**

१. मासुको पोको (कथासंग्रह) वि.सं. २०३१, ने.सं. १०९४
२. यौन र जीवन (लेखसंग्रह) वि.सं. २०३८, ने.सं. ११०१
३. स्वर्गको दरबार पृथ्वीमा (समीक्षा) वि.सं. २०५४, ने.सं. १११८
४. बुद्धधर्म र व्यवहार (लेखसंग्रह) वि.सं. २०६०, ने.सं. ११२३
५. विशेष प्रश्न : बुद्धको उत्तर (प्रश्नोत्तर) वि.सं. २०६८, ने.सं. ११३२

**(ख) सम्पादन -**

१. प्रभात (वार्षिक पत्रिका) वि.सं. २०२६, ने.सं. १०८९
२. प्रभात (वार्षिक पत्रिका) वि.सं. २०२७, ने.सं. १०९०
३. प्रभात (वार्षिक पत्रिका) वि.सं. २०२८, ने.सं. १०९१

## नेपालभाषा

**(क) लेखन -**

१. गंगु ख्वबि (बाखंमुना) वि.सं. २०३८, ने.सं. ११०१
२. थीथी बौद्ध न्ह्यसः लिसः (न्ह्यसः-लिसः) वि.सं. २०५४, ने.सं. १११८
३. म्हपुजाविधि (विधि) वि.सं. २०५९, ने.सं. ११२३
४. बुद्धधर्म व व्यवहार (च्वसुमुना) वि.सं. २०६१, ने.सं. ११२५
५. नेवाः व व्यवहार (च्वसुमुना) वि.सं. २०६२, ने.सं. ११२५
६. छ्यलाम्ये (ख्यालिप्याखं, हुलाप्याखं व पूधाःप्याखनय् पिदंगु म्ये) वि.सं. २०६३, ने.सं. ११२६
७. उलाखँ (च्वसुमुना) वि.सं. २०६४, ने.सं ११२७,
८. वय्कःपिन्त लुमंकाबलय् (म्हसीका) वि.सं. २०६५, ने.सं. ११२८
९. माःचाः (बाखं) वि.सं. २०६६, ने.सं. ११२९
१०. नेपालसम्वत् (न्ह्यसः-लिसः) वि.सं. २०६७, ने.सं. ११३०
११. त्याःकथंया सीकेखँ (सामान्यज्ञान) वि.सं. २०६८, ने.सं. ११३१

**(ख) सम्पादन -**

१. चुलि (चिनाखँमुना) वि.सं. २०२४, ने.सं. १०८८
२. हः (चिनाखँमुना) वि.सं. २०२५, ने.सं. १०८९
३. थाति (चिनाखँमुना) वि.सं. २०२६, ने.सं. १०८९
४. कचा (चिनाखँमुना) वि.सं. २०२७, ने.सं. १०९१

**(ग) प्रकाशन -**

१. जनबहाःद्यःया बाखं (पौराणिक बाखं) वि.सं. २०२०, ने.सं. १०८४

## क्यासेट चक्का/सी.डी. (गीत)

१. बौद्धगीत (नेपालीभाषा) वि.सं. २०६०, ने.सं. ११२३
२. बौद्धम्ये (नेपालभाषा) वि.सं. २०६२, ने.सं. ११२५

Downloaded from http://dhamma.digital/